ISSN 2631-2298
nepal.ekantipur.com
आइतबार • १२ साउन २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

आउलान् २० लाख ?

नेपाल भ्रमण वर्ष-२०२० को भद्रगोल तयारी

राष्ट्र बैंक : गल्ती गर्दै, सच्याउँदै | नेकपामा 'तेस्रा अध्यक्ष'

Authorised Sole Distributor
JAGDAMBA MOTORS
TOLL FREE NUMBER 1660 013 1337
Jagdamba Motors - TVS
TVS साथ छ हाम्रो

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

भित्र

आइतबार, १२ साउन २०७६ (वर्ष १९, अंक ५१)
Nepal National Weekly, 28 July 2019 (Vol. 19, No. 51)

राष्ट्र बैंक
गल्ती गर्दै, सच्याउँदै



१३

१०
हाम्रो नेपालमा
३९ मिनेट, ११० रुपैयाँ

२२
नेकपा
निर्णायक को ?

२४
संवाद
माधव नेपाल

२७
टिप्पणी
सञ्जय अधिकारी

२८
आवरण
भद्रगोल भ्रमण वर्ष

३६
विपद्
थातथलोमा जोखिम छ
बसाइँ हिँड्न मन छैन

४०
अर्थ-मीमांसा
अच्युत वाग्ले

४२
प्रदेश १
सधैँभरिको कहर

४३
प्रदेश २
छिमेकीको जालसाजी

४६
रङ
सिनेम्याटिक यायावर

३ सम्पादकीय
४ पाठक मञ्च
५ स्मरण
६ प्रवेश
८ परिहास
४४ अनुभूति : जीवन क्षत्री
४८ निबन्ध : विनोदविक्रम केसी
५० फिल्म
५१ ९ प्रश्न
५२ पुस्तक
५३ तीन किताब
५४ सहरमा
५६ नोटबुक

सम्पादकीय

भ्रमण वर्षको लठिभद्र

मानिसका पाँचै ज्ञानेन्द्रियलाई खिचेर गरिने व्यवसाय हो- पर्यटन । यो अचेल ज्ञानको खोजी वा मन बहलाउन मात्र सीमित छैन । बरु अनुभूतिको नयाँ माध्यम बनेको छ । संसारको आर्थिक-सामाजिक बदलावसँगै पर्यटन प्रवृत्ति परिवर्तन भएको छ ।

विश्वव्यापीकरणसँगै प्रविधिमा आएको विकास, व्यवसायको फैलावट, देशीय आवतजावतको सहजताजस्ता कारणले पर्यटनको मात्रा तथा परिधिमा व्यापकता छ । बदलिँदो त्यही व्यापकताबाट अधिकतम लाभ लिन मुलुकहरू प्रयत्नरत छन् । नीतिगत सुधार, प्रवर्द्धन कार्यक्रम, भ्रमण वर्ष, पर्यटन वर्षजस्ता अभियान तथा साझेदारीको रणनीति त्यसैका सहउत्पादन हुन् ।

त्यस अर्थमा दुई दशकअघिको अस्थिरता र अशान्ति अनि एक दशकअघिको पट्यारलाग्दो राजनीतिक संक्रमणको चंगुलबाट उम्केर नेपाल अब आर्थिक फड्को हान्न तयार छ भनी सन्देश सम्प्रेषित गर्ने असाध्यै अनुकूल अवसर हुन जानेवाला थियो- नेपाल भ्रमण वर्ष-२०२० । विनाशकारी भूकम्पको भय र क्षतिको पीडाबाट उत्रेर लय समातेको दृश्य प्रचारित गर्ने समय हुनेवाला थियो । नेपाल सुन्दर मात्र होइन, सुरक्षित गन्तव्य हो भन्ने सन्देश प्रवाहित गर्ने गतिलो अवसर थियो, यो अभियान ।

तर १ सय ६० दिन जति मात्रै बाँकी हुँदा पनि भ्रमण वर्ष सचिवालय, नेपाल पर्यटन बोर्ड सुस्त छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीको असामयिक देहान्तसँगै मन्त्रालय आजपर्यन्त नेतृत्वविहीन छ । यसले सरोकारवाला निकायका नेतृत्वको कमजोरी मात्र प्रदर्शित हुँदैन, सरकारी बेवास्ताको सिकार भएको पुष्टि पनि हुन्छ । भ्रमण वर्षका संयोजक र पर्यटन व्यवसायीबीचको सम्बन्ध सङ्लिन सकेको छैन । लाग्छ, सरकारको ध्यान भ्रमण वर्ष सफल बनाउनेमा भन्दा चर्चाको अस्त्र चलाउनेमा बढी छ ।

भ्रमण वर्षको सम्मुखमा पुराना गन्तव्यको सौन्दर्यकरण र गुणस्तर वृद्धिमा सक्रियता छैन । पर्यटकीय गन्तव्य आसपासकै सडक वर्षौंदेखि निर्माणाधीन छन् । अन्तर्राष्ट्रिय उडान थपिन सकेका छैनन् । यही अवस्था रहे लामो ट्रान्जिटसहित विदेशी विमानबाट नेपाल आउने पर्यटकलाई यात्रा खर्च महँगो पर्न जानेछ । अर्कातिर उनीहरूले हवाई सेवामा खर्चिने ठूलो रकम विदेसिनेछ । भूकम्पले क्षति पुऱ्याएका सम्पदामध्ये कतिपय पुनर्निर्माणकै चरणमा छन् । भ्रमण वर्षअगावै सम्पन्न गर्ने लक्ष्यको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ६ महिना धकेलियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नति पनि लम्बिएकै छ ।

सरकार पर्यटकीय वातारण बनाउन चुकेको छ । पदयात्रा र हिमाल आरोहणमा निस्किएका पर्यटकलाई बिरामी बनाई उद्धार गर्ने 'फेक रेस्क्यु' मा संलग्नलाई कारबाही गर्न सरकार हच्कियो । विदेशी बिमा कम्पनीले औपचारिक रूपमा उठाएका छन्- फेक रेस्क्युका कारण बिमा प्रिमियम महँगो मात्र भएन रिस्क जोनमा पऱ्यो । त्यससँगै जोडिन्छ- सगरमाथाको फोहोर, ट्राफिक जाम र आरोहीको बढ्दो मृत्यु । तालुकदारहरू भने यस्तो गम्भीर विषयलाई प्रचारबाजी मात्रै ठान्छन् ।

पर्यटकको संख्यामा वृद्धि भए पनि खर्च र बसाइ दिन खस्कँदो छ । यसै अंकमा हाम्रा संवाददाता योगेश ढकालको आवरण कथासँगै लुम्बिनी संवाददाता मनोज पौडेलको अर्को स्टोरीले समेत त्यही जानकारी दिन्छ । सन् २०१७ मा प्रतिदिन औसतमा ५४ डलर खर्च हुन्थ्यो । सन् २०१८ मा ४४ डलरमा ओर्लियो । यो तथ्यसँगै अन्तर्राष्ट्रिय बजारमा नेपाल सस्तो गन्तव्यका रूपमा प्रचारित भए घातकसिद्ध हुनेछ । यसले एकातिर सरकारलाई संख्या होइन, गुणस्तरमा जोड दिन सन्देश दिन्छ भने अर्कातिर सस्तो आइटिनरी बेच्ने व्यवसायीलाई पनि सचेत गराउँछ ।

लामो अस्थिरताको थकाइपछि भर्खरै ब्युँझिएको मुलुकमा पुनर्ताजगी भर्न भ्रमण वर्ष घोषणा आफैँमा असल प्रयत्न हो । तर प्रयत्न मात्र होइन, जिम्मेवार निकायबीच परस्पर समन्वय र प्रभावकारी प्रवर्द्धनले मात्रै भ्रमण वर्ष सफल हुन्छ ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** समाचार संयोजक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** अर्थ : **विजयराज खनाल** कपी डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

नेपाल

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ५ साउन २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



भ्रष्ट न्यायालय

एक व्यक्तिको मुद्दालाई डेढ दशकसम्म अल्झाएर राख्ने हाम्रो न्याय प्रणाली कतिसम्म भ्रष्ट रहेछ, सजिलै अनुमान लगाउन सकिन्छ *(हाई-प्रोफाइललाई ओत, ५ साउन)* । कोही राजनीतिसँग जोडिएका त कोही उच्चपदस्थ भएर नै मुद्दा लम्ब्याइएको हो । नत्र कति न्यायाधीश आए, गए न्यायालयमा । मुद्दाचाहिं ज्यूँका त्यूँ । यस्तो हालतमा न्यायालयले के गर्ने अब ? न्यायाधीशको पद धारण गरेर मात्र हुन्छ ? न्याय सम्पादनमा कानुनीराजको खिल्ली उडाइयो ।

■ **रुद्रनाथ पौडेल**
पोखरा महानगरपालिका-३, कास्की

– राजकीय पदमा पुगेर अकूत सम्पत्ति कमाएका नेताहरूलाई नै अदालतले संरक्षण गरेपछि सर्वसाधारणले न्यायपालिकाप्रति कसरी विश्वास गर्नु ? भ्रष्टाचारको आरोपमा विशेष अदालत हुँदै सर्वोच्चसम्म पुगेका मुद्दामा न्यायाधीशले नै पक्ष लिएर फैसला गर्नु कानुनीराजको उपहास हो ।

सत्तारूढ-प्रतिपक्षी नेताहरूकै सिफारिसमा अदालतमा 'श्रीमान्' भएका न्यायाधीशहरूले उनीहरूको नुनको सोझो गरेको हुनुपर्छ । अदालतमा राजनीति भित्र्याएर सत्तामा छँदा अकूत सम्पत्ति आर्जन गर्ने र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दायर गर्नासाथ आफ्नै सिफारिसमा न्यायाधीश भएकाहरूले मुद्दाको किनारा लगाउने आश नगरे पनि हुन्छ ।

■ **कविता कार्की**
बूढानीलकण्ठ नगरपालिका, काठमाडौं

सहायताका नाममा ब्रह्मलूट

नेपाललाई सहायता गर्ने दाताहरूले प्राविधिक तथा सफ्टवेयरमा मात्र नभई पूर्वाधार निर्माणमा गर्ने सहायताको ठूलो हिस्सा परामर्श सेवाका नाममा आफ्नै मुलुक लग्दा रहेछन् *(फुक्काफाल कन्सल्ट्यान्ट, ५ असार)* । नेपालमा विकासे एनजीओ/आईएनजीओ सञ्चालक सत्तारूढ दल नजिकका मान्छेको पकडमा हुने हुँदा यस्तो अराजकता देखिएको हो । नियमन निकाय गृह मन्त्रालय र समाज कल्याण परिषद्ले आँखा चिम्लिँदा एनजीओ/आईएनजीओ सञ्चालक फुक्काफाल भएका हुन् । विदेशी परामर्शदाताका नाममा सर्तसहित आउने सहायता रकमले नेपालको विकास हुनुको सट्टा सीमित व्यक्ति र संस्था मोटाउनुबाहेक अरू केही हुनै सक्दैन ।

■ **अरविन्दकुमार साह**
त्रियुगा नगरपालिका, उदयपुर

ट्वीट

हाई-प्रोफाइललाई अदालत र अख्तियारको ओत
Binod Neupane@binu3

माथिल्लो हरफ सत्य लेख्नुभो । जरो नै भ्रष्टाचारको यही हो र सुरूआत पनि यही हो ।

Indra 印洞羅@neindk

खुलासा छिटो भएन र ? फेरि दबाब आउला नि हाई-प्रोफाइलबाट ।

हचुवामै घोषणा अनि ब्याक गियर
Bishnu Bibek@bishnubbk

बहुमतको सरकारले गर्ने निर्णय एकपछि अर्को विवादमा आउनु र त्यसलाई पुनः सच्चाउनु कमजोरी नै हो । पढियो । मज्जा आयो ।

सोझै
Govind Raj Pokharel@grpokharel

जति भावार्थ खोजे पनि मन नभरिने कार्टुन ।

तटस्थता र मौनताको संस्कृति
Archana Thapa@archana_thapa

यो लेख पढ्न त छुटाउनुभएन ? 'नेपाली समाजको संरचनात्मक बनोट प्रत्येक कोणबाट उचनीच र विभेदित छ । महिला, शक्तिविहीन र किनाराकृतविरूद्ध हिंसा र शोषण गर्ने व्यवस्था कायमै छ ।'

पोस्ट

परिषद् कि प्राधिकरण
sanot Adhikari

हामीले अब वातावरण संरक्षणमा संस्थागत विकास नगरी अगाडि बढ्न सक्ने अवस्था छैन । वातावरण क्षेत्रमा स्वतन्त्रपूर्वक काम गर्न सक्ने प्राधिकरण, नियोग र बोर्ड जे भए पनि संस्थागत विकासको खाँचो छ । र, वातावरण क्षेत्रमा काम गर्ने प्राविधिकको योग्यता प्रमाणीकरणका साथै वातावरण परीक्षणको व्यवस्था तथा नियमन गर्न पनि वातावरण परिषद् आवश्यक भइसक्यो । प्रदूषण नियन्त्रणका लागि अब तेस्रो पक्ष अनुगमन व्यवस्था हुनुपर्छ । अन्यथा नेपालको वातावरण क्षेत्र झन्झन् धराशयी हुँदै जानेछ ।

हाई-प्रोफाइललाई अदालत र अख्तियारको ओत
Arjun Gc Pyasi

शक्ति र पैसा हुनेले जे गरे पनि हुन्छ नेपालमा । दलीय भागबन्डामा न्यायाधीश नियुक्त गरिंदाको परिणाम ।

Amrit Limbu

सुन्दा पनि दिक्क नै लाग्न थाल्यो । अब त कति सुन्नु यस्ता भ्रष्टाचारको कुरा मात्र ।

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine @NepalMagazine @nepalmagazine

चीनलाई नेपालको सैनिक सहयोग

हरिराम जोशी

नेपाल सानो र गरिब राष्ट्र भए पनि विशाल देश चीनलाई सैनिक सहयोग गरेको गर्विलो इतिहास छ । नेपालले चीनलाई सैनिक सहयोग मात्र नगरेर आफ्नो प्रभावसमेत त्यहाँ विस्तार गरेको थियो । चाँगुनारायणको अभिलेखअनुसार नेपालमा गज सेना (हात्ती), अश्व सेना (घोडचढी) र पदाती (स्थल सेना) को संरचना थियो । सेनाका तीन संरचनामध्ये नेपालमा घोडचढी सेनाको कार्यभार मुख्य रहेको विभिन्न वंशावलीमा उल्लिखित छ ।

सातौं शताब्दीमा आभीर राजा जिष्णु गुप्तले आफ्नो मुद्रामा घोडाका आकृति राखेको पाइएकाले नेपालमा घोडचढी सेनाको संरचना त्यतिबेलैदेखि कायम रहेको देखिन्छ । लडाइँका क्रममा अश्व सेना टाढाटाढासम्म छिटो पुग्ने र शत्रु सेनामाथि आक्रामक कारबाही गर्न सक्षम हुँदा यो सेनालाई प्राचीन कालदेखि नै मान्यता दिइएको पाइन्छ । सातौं शताब्दीमा नेपालले यही अश्व सेनाको टुकडी पठाएर चीनलाई सैनिक सहयोग गरेको थियो ।

सातौं शताब्दीतिर चीनका राजदूत वाङ हु चे भारतको मगध (हाल बिहार) राज्य भ्रमणमा आएका थिए । भ्रमणका क्रममा चिनियाँ राजदूत र मगधका राजाबीच झगडा पर्‍यो । झगडाकै कारण मगधका राजाले चिनियाँ राजदूतलाई कैद गरे । त्यो खबर नेपालसम्म आइपुग्यो । चीनले आफ्ना राजदूत छुटाउन नेपाल र तिब्बतलाई सैनिक सहयोगका लागि आग्रह गर्‍यो । चीनको आग्रहपछि नेपालले सात हजार घोड सवार सेना मगधमा आक्रमणका लागि पठायो ।

त्यतिबेला मगधका राजा हर्षवर्धनको मृत्युपछि अरूणाश्वर राज्यासनमा थिए । चिनियाँ राजदूतलाई मगध राज्यबाट छुटाउन नेपाल र तिब्बतले सैनिक सहयोग गरे । नेपाली घोड सवार सैनिकसँगको लडाइँमा मगधको सेना नराम्ररी पराजित भयो । सैनिक सहयोगपछि चिनियाँ राजदूतलाई मगध राज्यबाट फिर्ता ल्याएर नेपालले चीनसमक्ष सकुशल पुर्‍याइदियो । सैनिक सहयोगकै कारण ठूलो राष्ट्र चीनमा नेपालको प्रभाव विस्तार हुन सक्यो ।

सैनिक सहयोगपछि नेपालको सांस्कृतिक/राजनीतिक प्रभाव चीनमा परेको विभिन्न वंशावलीमा उल्लेख छ । नेपालको प्रभाव विस्तारकै कारण चीनमा नेपाल संवत् प्रचलनमा आएको हो । १४ औं शताब्दीतिर नेपालमा शक्तिसिंह रामवर्धन राजा भएको समय चीनमा नेपाल संवत् प्रचलनमा रहेको विभिन्न वंशावलीमा उल्लेख छ । यद्यपि चिनियाँ सम्राट तायिमिङले उक्त संवत्लाई महाचीनाब्द नाम दिई नेपालको प्रभुत्वमा चीन नरहेको देखाउने प्रयास गरेको पाइन्छ । त्यसको प्रमाण चिनियाँ सम्राटले नेपालका सम्राटलाई पठाएको फरमाना (राजकीय) पत्रमा महाचीनाब्द उल्लेख छ । राजनीतिक रूपमा ठूलो देशका सम्राटले सानो देश नेपालको प्रभावमा परेको नदेखाउन पनि नेपाल संवत्लाई महाचीनाब्द नाम दिएका हुन सक्छन् । यसबाट पनि नेपाल संवत्ले बाह्य विश्वमा आफ्नो प्रभुत्व जमाउन सफल भएको मान्नुपर्छ ।

१४ औं शताब्दीमै उनै चिनियाँ सम्राटले नेपालका अर्का राजा शक्तिसिंहरामलाई पठाएको फरमानापत्र नेपालको रञ्जना लिपि र संस्कृत भाषामा लेखिएको छ, जसमा नेपाल संवत्कै प्रयोग गरिएको छ । यसले पनि चीनमा नेपालको रञ्जना लिपि नेपाल संवत् प्रचलनमा रहेको मान्नुपर्छ । कुनै बेला विशाल शक्ति चीनमा रञ्जना लिपिले प्रभाव जमाएकैले हुनुपर्छ, संयुक्त राष्ट्रसंघमा सदस्य हुन नेपालको राष्ट्रिय लिपिका रूपमा रञ्जना लिपि प्रयोगमा ल्याइएको थियो ।

२० औं शताब्दीमा पनि नेपालले खम्पा काण्ड वा वाङ्दी अपरेसन (सन् १९५९) मा चीनलाई सैनिक सहयोग गरेको हो । चीनले तिब्बतमाथि कब्जा जमाएपछि नेपालको सीमामा पश्चिमा मुलुकबाट हतियार र आर्थिक सहयोग पाएर उपद्रव मच्चाइरहेका तिब्बती विद्रोहीलाई दबाउन सैनिक सघाएको थियो । चीनको विशेष आग्रहमा गरिएको सैनिक कारबाहीकै कारण तिब्बती छापामार विद्रोह दमन गर्न नेपाली सैनिक सफल हुन सक्यो ।

इतिहास/संस्कृति लेखनका क्रममा नेपालले चीनलाई सैनिक सहयोग गरेको विषय ०७० मा प्रकाशन गरेको *प्रदीप अभिनव संस्कृति विश्वकोशमा* समेटेको छ ।

■ **प्रस्तुति : गोकुल अर्याल**

प्रवेश

नेपालबाहिर

गोहीलाई चुम्बन

सिनेमा हलमा मान्छे तान्न विज्ञापन गरेजस्तो पर्यटक भित्र्याउन देशहरूले विभिन्न उपाय रच्छन् । त्यसमध्ये दक्षिण अमेरिका महादेशमा पर्ने कोस्टारिका पनि कम छैन ।

कोस्टारिकाको पुन्ते दी कोकोड्रिलो अर्थात् क्रोकोडाइल पुल हेर्न प्रत्येक वर्ष हजारौं पर्यटक आउँछन् । विश्वकै सबैभन्दा धेरै गोही पाउने ठाउँमध्येको उक्त पुलमा एक युवक गोहीलाई चुम्बन गर्छन् भन्ने सुन्दा तपाईंलाई अचम्म लाग्छ ?

तर कुरा सत्य हो । *मिररडटकोडटयुकेका* अनुसार जुआन सेरदासले १७ फिट लामो गोहीलाई चुम्बन गरेका हुन् । जनावरलाई किस गर्नु र खाना खुवाउनु जुआनको सोख हो । जुआन पर्यटकलाई मनोरन्जन दिन गोहीलाई चुम्बन गर्छन् । भन्छन्, 'मान्छेले सोचेजस्तो गोही त्यति रिसाहा हुंदैनन् ।' तारकोर्ल्स नदीमाथिको यो पुल पछिल्लो समय पर्यटकमाझ क्रोकोडाइल पुलको रूपमा चर्चित छ । ने

तस्बिरमा इतिहास

तस्बिर : विश्व उलक

बिजुली विकास: ६७ वर्ष खोपासी जलविद्युत् आयोजना निरीक्षण गर्ने क्रममा राजा महेन्द्र ।

साताका चर्चित

पारस खड्का
कप्तान, नेपाली क्रिकेट

मलेसियाविरूद्धको टी-२०-२० अन्तर्राष्ट्रिय शृंखला क्लिन स्विप ।

तारानाथ शर्मा
साहित्यकार

धर्मराज-सावित्री थापा लोकसाहित्य, संस्कृति पुरस्कार ।

प्रदीप ज्ञवाली
परराष्ट्रमन्त्री

सपत्नीक आफ्ना शरीरका विभिन्न अंगदान घोषणा ।

शेरधन राई
मुख्यमन्त्री, प्रदेश १

दुर्व्यसन र अपराध घटाउन 'म अघि बढ्छु' अभियान घोषणा ।

बद्री पंगेनी
लोकगायक

सृष्टि फर्निचर सञ्चालक निमा दोर्जी शेर्पालाई ज्यानको धम्की ।

सोझै



तथ्यचित्र



सुर बेसुर

वार्षिक २० औं हजार नेपाली महिला घरेलु कामदारका लागि जोखिम मोलेरै विदेश गइरहेका छन् । सरकारले उनीहरूलाई रोक्न सकेन र सक्दैन पनि । काठमाडौं विमानस्थलमा रोक्दा अरू चोरबाटोबाट गइरहेका छन् । त्यसैले चेलीहरूको रोजगार गन्तव्यलाई वैधानिक बनाउनुपर्छ ।

एलपी साँवा
सांसद तथा पूर्वअध्यक्ष
वैदेशिक रोजगार व्यवसायी संघ

सुरेश किरण

लज्जित प्रधानमन्त्री

प्रधानमन्त्री लज्जित भएका छन् । यो अरूले होइन, उनी आफैँले भनेका हुन् । भारतबाट आएको एउटा पत्र उनीसम्म पुगेन । आफूसम्म पुग्नैपर्ने पत्र आइनपुगेको कारण उनी लज्जित हुनुपर्‍यो ।

प्रधानमन्त्री लज्जित त भए तर यो लज्जा कसप्रति लक्षित हो ? त्यो स्पष्ट भएको छैन । मलाई लाग्छ, यो लज्जा नेपाली जनताभन्दा पनि भारतप्रति हुनुपर्छ । किनभने भारतजस्तो देशले पठाएको पत्र उनले पढ्न पाएनन् वा भनौं, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पठाएको पत्र पढ्नबाट वञ्चित भए । पत्र पढ्न नपाएका कारण उनले त्यसमा के लेखिएको छ, थाहा पाउन सकेनन् । सूचनाको ग्यापले बीचमा के-के बोलियो के-के । त्यसका लागि उनी लज्जित छन् ।

भारतले पत्र पठाएको छ, त्यो नेपालका प्रधानमन्त्रीलाई थाहा छैन । यो जति लज्जाको विषय अरू के होला ? भोलि कसै गरी भारत जानुपर्‍यो भने कुन मुखले जानु ? नरेन्द्र मोदीले सोध्लान्, 'क्या हो ओलीजी, तपाईं त हामीले पठाएको पत्रको जवाफ पनि नदिने ? के ताल हो यो ?'

यस्तो बेला के जवाफ दिने ? 'तपाईंको पत्रै मकहाँ आइपुगेन' भन्ने ? यसो भन्नुपर्दा कति बेइज्जत होला ? अरूको पत्र नपुगेको भए त्यसको कुनै मतलब छैन । नरेन्द्र मोदीकै पत्र नपुग्नु भनेको ठूलो लज्जाको विषय हो । प्रधानमन्त्रीलाई यही लज्जा महसुस भएको हुनुपर्छ ।

बाढीको वार्षिक योजना

यो वर्षको बाढी पनि राम्ररी नै आएछ । नेपालमा हरेक वर्ष कुनै विलम्ब नगरी ठीक समय आउने कुनै कुरा छ भने त्यो बाढी मात्रै हो । बाढी हरेक वर्ष आउँछ । १०-१२ हजार घर डुबाउँछ । सय-डेढ सय मानिसको ज्यान लिन्छ । केहीलाई बेपत्ता बनाउँछ । हजारौँलाई घरबारविहीन बनाउँछ अनि फर्कन्छ । मानौं, यति काम सम्पन्न गर्नु बाढीको वार्षिक परियोजना नै हो ।

मानिस भन्छन्, हरेक वर्ष बाढी आएपछि प्रभावित हुने गरिब जनता मात्रै हुन् । अझ खासगरी तराईका गरिब जनता यसबाट प्रभावित भएका हुन्छन् । हामी बाढीबारे त्यति जानकार त छैनौं । तर सत्य के हो भने बाढीबारे राखिने यो धारणाचाहिँ सही होइन । यो गलत धारणा हो । बाढीले धनी र गरिब कसैलाई छाड्दैन । यो सबैतिर एकनासले आइपुग्छ । तराईका गरिबको घरमा मात्र होइन, सहरका धनीको घरलाई पनि बाढीले प्रभावित बनाएको हुन्छ । विशेषगरी मन्त्रीज्यू, सचिवज्यू, सहसचिवज्यू, उपसचिवज्यू, अधिकृतज्यू, ठेकेदारज्यू, व्यापारीज्यूको घरलाई पनि बाढीले प्रभावित गरेको हुन्छ । त्यसैले बाढीले प्रभावित भएका जति पनि घरमा जस्तापाता, कम्बल, पाल, टेन्ट, चामल, दाल, चिनी, चाउचाउ, औषधी आदि सामान पुग्छन्, ठीक त्यही सामान उहाँ मन्त्रीज्यू, सचिवज्यू, सहसचिवज्यू, उपसचिवज्यू, अधिकृतज्यू आदि/इत्यादिज्यूहरूको घरमा पनि पुगेकै हुन्छ । बाढीले 'प्रभावित' नगरेको भए त्यसरी पुग्थ्यो ?

फरक कति मात्रै हो भने तराईका घरमा पानीको बाढी आउँछ मन्त्रीज्यू, सचिवज्यूहरूको घरमा यही कम्बल, चामल, दाल, चिनी, टेन्ट, चाउचाउको बाढी आउँछ । आखिर जेको भए पनि बाढी त बाढी नै हो नि, होइन र ?

मन्त्रीज्यूको होमवर्क

केही दिन भयो, मन्त्रीजी रातरातभरि काम गरिरहेको । उनलाई पहिले यसरी काम गरेको कसैले देखेको थिएन । अरू मात्र होइन, उनकी आफ्नै श्रीमतीले पनि यसरी राती खटिएर काम गरेको देखेकी थिइनन् । कार्यकर्ता चकित हुने त भइहाले । मन्त्रीजी रातीसमेत जाग्राम भई काम गरिरहेको देखेर कार्यकर्तालाई लाग्यो- लौ, अबचाहिं देशमा केही होलाजस्तो छ । मन्त्रीजीले रातीसमेत काम गर्न थालेछन् ।

उता श्रीमतीजीलाई लागेछ- ठूलै परियोजना पो सुरू हुन थालेछ कि क्या हो ? हो भने त राम्रै भो, कमिसन पनि मोटै ल्याउनु होला ।

तर काम के हो ? राती-रातीसमेत काम गर्नुपर्ने किन हो ? त्यो सोध्ने आँट भने कसैलाई भएन । तैपनि एक दिन सानी छोरीले त्यो सोधिहालिछन्, 'ड्याडी, तपाईं किन अचेल रातीराती पनि पढिसिनुहुन्छ ?'

मन्त्रीले भने, 'यो ड्याडीको होमवर्क हो छोरी । होमवर्क गर्दैछु ।'

'होमवर्क ?!', छोरी खितखित हाँसिन्, 'ड्याडीलाई त सबैले सर भन्नुहुन्छ । सरले पनि होमवर्क गर्नुपर्छ र ? सरले गरेको होमवर्क कसले चेक गर्छ नि ?'

मन्त्रीले जवाफ दिए, 'हेडसरले ।'

'अनि कहाँ बसिसिन्छ त ड्याडीको हेडसर ?' छोरीले अर्को प्रश्न तेर्स्याइन् ।

'बालुवाटारमा,' मन्त्रीजीले छोटो जवाफ दिए, 'ड्याडीले अहिले गरेको होमवर्क जम्मै बालुवाटार गएर हेडसरलाई चेक गराउनुपर्छ । ल अहिले तिमी जाऊ, ड्याडीलाई डिस्टर्ब नगर हस् ।'

छोरी गइन् । मन्त्रीजी फेरि होमवर्कमै व्यस्त हुन थाले । जसरी हुन्छ, राम्रो रिपोर्ट जो बनाउनु थियो ।

[झटारो]

सबै ठीक छ सरकार

लक्ष्मण गाम्नागे

सबै कुरा ठीकठाक हुँदाहुँदै पनि केही विकासविरोधी, अप्रजातान्त्रिक तत्त्व सरकारको निरन्तर विरोध गरिरहेका छन् । तिनीहरूले डाह गर्दैमा चिन्ता लिनुपर्ने केही छैन सरकार ! बिनाहिचकिचाहट यही गति र मतिका साथ अगाडि बढिरहे सरकारको फलिफापै फलिफाप हुनेमा कुनै शंका छैन । यो एक वर्षमा धेरै भए लोकप्रियता ओरालो लागेर भुइँतिर पुगेको छ । अर्थोक के भाको छ र ! पार्टीभित्र र बाहिर सरकारप्रति असन्तुष्टि चुलिएर आकाशमा पुगेको छ । पहिला-पहिला समर्थन गर्ने वा चुपचाप सरकारका काम पर्खिबसेकाहरू पनि आक्रोशित र वाक्क भएका छन् । सरकारी गुटकै मान्छे असन्तुष्ट बनेर अर्को गुटतिर बसाइं सर्ने सम्भावना चुलिएको छ । सरकारलाई समर्थन गर्नेहरूको संख्या खर्लप्पै घटेको छ । त्यति हो, अर्थोक के भएको छ र ! सबै ठीक छ सरकार !

समग्रमा मुलुकको अवस्था एकदम ठीक छ सरकार ! सरकार र देश दुवै सही दिशातिर अगाडि बढेका छन् । यसरी नै अगाडि बढेर सरकारको डेढ वर्ष बितिसक्यो । उल्लिखित केही झिनामसिना कुराबाहेक बांकी सबै ठीकठाक भएको हुंदा जतिसुकै विरोध भए पनि आत्तिनुपर्ने केही छैन सरकार । अब मात्र साढे तीन वर्ष हो, 'यसैगरी बिताइदिन्छु पांच वर्ष जिन्दगी' गीत गाउन थाल्दा हुन्छ । आगे सरकारको जो विचार ।

देशको वर्तमान स्थिति पनि ठीक छ । मुलुकभरि जताततै बाढीपहिरो र डुबान हुँदा पनि मर्नेको संख्या सय नाघेको छैन । सडक केही दर्जन ठाउँमा भत्केका हुन्, यातायात केही दिनदेखि अवरूद्ध भएको हो ।

समस्या केही छैन । पहिरो हटाउने काम डोजरले गर्दैछन् । स्थानीय निकाय खटिएकै होलान् । वडाअध्यक्ष, सदस्यलाई अर्कोपल्ट चुनाव जित्नु छ भने तिनीहरूले व्यवस्थापन मिलाइहाल्लान् । वर्षा पनि थामिंदैछ । पहिरो र बाढी पक्कै कम हुनेछ । विचल्लीमा परेर ठाउँ-ठाउँमा शरणार्थी बनेका जनता घर फर्किनेछन्, घर नभएकाले कतै आफ्नो व्यवस्था मिलाउनेछन् । उनीहरूलाई बानी परेकै छ । अनि कहां के बिग्रेको छ त !

अहिले मन्त्रिमण्डलभित्रको आन्तरिक द्वन्द्वको दुर्गन्ध बाहिर पनि ह्वास्स-ह्वास्स आउन थालेको छ । त्यहां सरकारले गरेका काम प्रधानमन्त्रीलाई थाहा हुन छाडेछ । सचिवले मन्त्रीहरूलाई नै गुमराहमा राख्न थालेछन् । सरकारले अनेकौं निर्णय गर्दै र दर्जनौं विधेयक पेस गर्दै फिर्ता लिंदै गरिसक्यो । मेलम्ची आयोजनालगायत थुप्रै मुद्दामा सरकार पटक-पटक पछारियो । नझुक्ने र अडान कहिल्यै नछाड्ने कुरामा नाम कमाएका प्रधानमन्त्रीले सरकारबाट भएका कतिपय कामका लागि माफी मागे, लज्जित छु पनि भने । अर्थोक त के बिग्रेको छ र ! सब ठीक छ सरकार !

महँगी र भ्रष्टाचारको पारो माथिमाथि चढिरहेको छ । सरकारले नसके पनि तरकारीको भाउले 'उडी छुनु चन्द्र एक' भन्ने उद्देश्य पूरा गर्दैछ । दबाबमा परेर भारतबाट आउने विषादीले परिपूर्ण भनिएका तरकारी परीक्षणबिनै देशमा हुल्न बाध्य भइयो । मुलुकमा द्वन्द्वले टाउको उठाउंदैछ । विद्रोही समूहका मानिस मारिंदैछन्, समातिंदैछन् । मुठभेड बढ्दैछ । प्रहरी पनि मारिन थाले । त्योबाहेक अर्थोक त के बिग्रेको छ र ! सब ठीक छ सरकार !

३९ मिनेट, ११०

व्यवस्थापनको कमी हुँदा बुद्धस्थल तिलौराकोट आउने पर्यटक एकैछिन बसेर फर्किहाल्ने गरेका छन् ।



रूपैयाँ

मनोज पौडेल

बुद्धस्थल प्राचीन कपिलवस्तु । तिलौराकोटको माटो छुन पाउँदा निकै खुसी हुन्छन्, धार्मिक पर्यटक । बुद्धलाई शान्तिका लागि उत्प्रेरित गर्ने नेपाली भूमिमा विभिन्न देशबाट गरिब, विपन्नसमेत दैनिक छाक कटाएर अन्नपात र

पैसा जोहो गरी आइपुग्छन् ।

संसारका लागि महत्त्वपूर्ण यस्तो श्रद्धा र आस्थालु ठाउँको संरक्षण भने छैन । राजा शुद्धोधनको राजप्रासाद तथा गौतम बुद्धले युवावस्था बिताएको स्थल तिलौराकोटमा कतिपय पर्यटक र उपासक/उपासिका प्रार्थनाका लागि आफैँ बोरा बोकेर जानुको विकल्प छैन ।

कपिलवस्तुमा रहेको निग्रोधारामको पनि उस्तै बिजोग छ । दर्शनका लागि घन्टौँ लाइन लाग्नुपर्छ । निग्रोधाराम, अर्थात् बुद्धले ज्ञान प्राप्त गरेपछि मातापितालाई पहिलो पटक भेटेको स्थल ।

नवलपरासीस्थित पुरातात्त्विक स्थल रामग्राम उस्तै उपेक्षित छ । रामग्राममा बुद्धको अस्तु धातु रहेको पुरातत्त्वविद् बताउँछन् । यी ठाउँ पुग्ने बाटोघाटो पनि भत्केर बेहाल छ । चारैतिर कोलाहल र धूवाँ-धूलोले आक्रान्त छ । ध्यान गर्ने, बस्ने वातावरण छैन ।

तिलौराकोटमा घुम्ने, रमाउने, ध्यान र प्रार्थना गर्ने पूर्वाधार अभावमा पर्यटक आउन नपाउँदै फर्किन्छन् । जापानीज ट्रस्ट इन फन्डको सहयोगमा बेलायतको दुहाम विश्वविद्यालय, पुरातत्त्व विभाग र लुम्बिनी विकास कोषले गरेको सर्वेक्षणले तिलौराकोटमा पर्यटक औसत ३९ मिनेट बस्ने गरेको देखाएको छ । तिलौराकोट आउने पर्यटक पश्चिमी र पूर्वी द्वार तथा मध्यमा रहेको राजप्रासाद अवलोकन भ्रमण गरेर फर्कने गरेका छन् । एक पर्यटकले १ सय १० रुपैयाँ मात्र खर्चने गरेका छन् ।

पर्यटक आकर्षित गर्ने वातावरण नहुँदा लामो समय बस्ने अवस्था नभएको पुरातत्त्वविद् बताउँछन् । "प्रशस्त ऐतिहासिक र पुरातात्त्विक सम्पदा भईकन पनि पर्यटकलाई लोभ्याएर टिकाउनै सकेका छैनौँ । अवस्था निराशाजनक

छ," लुम्बिनी विकास कोषका प्रमुख पुरातत्त्व अधिकृत कृष्णबहादुर केसी भन्छन्, "अब सरोकारवाला मिलेर यहाँको बसाइँ लम्ब्याउनेतिर लाग्नुपर्छ ।"

अध्ययनअनुसार यहाँ आउने पर्यटकमध्ये ९० प्रतिशतले थोरै समय बिताउँछन् । १० प्रतिशत त आउनासाथ फर्किहाल्छन् । यहाँ श्रीलंका, म्यानमार, थाइल्यान्ड र भियतनामलगायत देशबाट सबैभन्दा बढी पर्यटक आउँछन् ।

लुम्बिनी विकास कोषका पुरातत्त्व अधिकृत हिमाल उप्रेतीका अनुसार पर्यटकीय स्थलको पूर्वाधार विकास गरेर होटल सञ्चालनमा ल्याउन सके ३ दिनसम्म पर्यटक सजिलै रमाएर बिताउन सक्छन् । कला, संस्कृति, रहनसहन र चरा, वन्यजन्तु अवलोकन यहाँका आकर्षण हुन् ।

पर्यटकको बसाइ लम्ब्याउन सके यस क्षेत्रका नागरिक रोजगारीका लागि अन्त जानै नपर्ने तौलिहवा उद्योग वाणिज्य संघ अध्यक्ष गयाद्दिन कुर्मी बताउँछन् । पर्यटन व्यवसायी किरणचन्द्र पौडेल थप्छन्, "यहाँको पर्यटकीय सम्पदाबाट व्यवसायीले कुनै फाइदा लिन सकेका छैनन् ।"

विश्व सम्पदाको प्रारम्भिक सूचीमा परेको तिलौराकोट आउने पर्यटक अन्य बुद्धस्थलमा कमै जान्छन् । अध्ययनअनुसार तिलौराकोट आएका ११ प्रतिशत मात्रै राजा शुद्धोधन र रानी मायादेवीको समाधिस्थल धमनिहवा स्तुप पुग्छन्, जुन तिलौराकोट दरबारबाट ७ सय मिटरको दूरीमा छ । ९ प्रतिशत मात्रै तिलौराकोटदेखि ७ सय मिटर पश्चिम-दक्षिणमा अवस्थित कपिलवस्तु संग्रहालय अवलोकन गर्न जाने गरेका छन् ।

राजा शुद्धोधनको राजप्रासाद तथा बुद्धले २९ वर्ष युवावस्था बिताएको स्थल तिलौराकोट, सम्राट अशोकद्वारा स्थापित निग्लिहवा र गोटिहवा यहाँ रहेका छन् । त्यस्तै बुद्धले ज्ञान प्राप्त गरी पहिलो पटक राजधानी आउँदा आफ्ना मातापितालाई भेटेको निग्रोधाराम र हजारौँ शाक्यको सामूहिक वधस्थल सगरहवा पनि छ । त्यसैले तिलौराकोटलाई सयभन्दा बढी पुरातात्त्विक, ऐतिहासिक र प्राकृतिक मनोरम पर्यटकीय स्थल रहेको संग्रहालय मानिएको छ ।

पूर्वाधार अभावकै बीच पनि पवित्र ठाउँ भएकाले अनुयायी र उपासक-उपसिका यहाँ आउन छाडेका भने छैनन् । लुम्बिनीस्थित रोयल थाई विहार प्रमुख भन्ते फ्रा श्रीबोधीविड्स सुपोत कित्तीवन्नोका अनुसार धार्मिक पर्यटक यहाँको मुख्य दरबार भग्नावशेषमा आई सूत्रपाठ, पूर्वी र पश्चिमी द्वारमा बुद्धको बाल्यकालको जीवनलीला पाठ गर्छन् र शान्तिको अनुभूति गरी फर्कन्छन् । ने

गल्ती गर्दै, सच्याउँदै

एकातिर मर्जर अलाप्ने र अर्कातिर नयाँ अनुमति दिने राष्ट्र बैंकको दोहोरो नीतिले बैंक तथा वित्तीय संस्था नै १ सय ९८



बिजयराज खनाल

चार वर्षअघि नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकको हकमा ४ गुणाले र अन्य संस्थाको हकमा २४ गुणासम्म पुँजी वृद्धिको योजना ल्यायो। सुरुआतमा यही निर्णयका कारण पूर्वगभर्नरदेखि बैंकरहरूबाट आलोचित राष्ट्र बैंक तोकिएको समयभन्दा केही ढिलै भए पनि बैंकहरूको पुँजी वृद्धिपछि दंग पर्‍यो।

आफूले त्यो समय पनि सपना देखेर पुँजी वृद्धिको योजना नल्याएको धारणा सार्वजनिक गर्दै हिँडेका छन्, राष्ट्र बैंकका गभर्नर चिरञ्जीवी नेपाल। पुँजी वृद्धिकै कारण बैंकहरूमा समस्या निम्तिन थालेपछि भने नेपाल आफ्नो गल्ती सच्याउने तयारीमा लागेका छन्। तर अहिले भूलसुधारका नाममा नेपालले अपनाउन लागेको तरिकामा समेत धेरैले जोखिम देखिरहेका छन्।

बिराएको बाटो

एक/एक दशकको अन्तरालमै बैंकको स्थापना, संख्या र पुँजी वृद्धिलाई लिएर राष्ट्र बैंकको नीति फेरिँदै आएको छ। ०४८ मा निजी क्षेत्रबाट पहिलो बैंकका रूपमा नबिल बैंक आयो। त्यसको एक दशकमा वाणिज्य बैंकको संख्या (कृषि विकास बैंकसहित) १५ वटा पुगिसकेको थियो। गभर्नर तिलक रावलले साउन ०५९ बाट नयाँ बैंक खोल्न सकिने व्यवस्था ल्याएपछि बैंक खोल्ने क्रमले थप बेग समात्यो।

रावलको समयावधिमा ७ वटा वाणिज्य बैंक थपिए। त्यसमा एउटा भने वाणिज्य बैंकमा स्तरोन्नति भएको थियो। तर उनी पाइपलाइनमा रहेका वाणिज्य बैंकलाई मात्रै स्वीकृति दिएको तर्क गर्छन्। भन्छन्, "मैले अन्धाधुन्ध बैंकको लाइसेन्स बाँडेको होइन। लामो समयदेखि प्रक्रियामा रहेका बैंकलाई मात्र अनुमति दिएको मात्र हुँ।"

रावलको पूर्णकालीन अवधि समाप्तिपछि (कार्यकाल छँदै बीचमा केही महिना दीपेन्द्र पुरुष ढकालसमेत गभर्नर रहे) का गभर्नर विजयनाथ भट्टराईले वाणिज्य बैंकको चुक्ता पुँजी १ अर्ब हुनुपर्ने प्रावधान मात्र ल्याएनन्, त्यसका लागि मर्जर विकल्प हुनेसमेत धारणा राखे। त्यही समयदेखि नै बैंकहरूलाई गाभ्ने/गाभिने नीति ल्याउन राष्ट्र बैंक लाग्यो।

अचम्म के भने भट्टराईको कार्यकाल सकिँदा थप ५ वटा वाणिज्य बैंक सञ्चालनमा आइसकेका थिए। भट्टराईको अवधिमा पनि बीचको केही महिना दीपेन्द्रबहादुर क्षत्री गभर्नरका रूपमा नियुक्त भए। मर्जरको कुरा आइरहे पनि राष्ट्र बैंकले नयाँ वाणिज्य बैंकलाई लाइसेन्स दिने काम भने रोकेन। १५ साउन ०६६ को सञ्चालक समिति बैठकले बल्ल वाणिज्य, विकास बैंक र वित्त कम्पनीको अनुमति रोक्ने निर्णय गर्‍यो। जबकि यही निर्णय भएको तत्कालीन गभर्नर तथा हालका अर्थमन्त्री युवराज खतिवडाको पालामै ६ वटा वाणिज्य बैंक थपिएर ३२ पुगे।

एकातिर बैंक तथा वित्तीय संस्थाको मर्जरमा जानुपर्ने आवश्यकता देख्दै आएको राष्ट्र बैंकले नयाँ लाइसेन्स जारी गर्न रोक्दासम्म मुलुकमा ३२ वाणिज्य बैंक, ८७ विकास बैंक र ७९ वित्त कम्पनी पुगिसकेका थिए। कतिसम्म भने एक

संस्थापक सेयरधनीले सेयरको धितोमा अन्य बैंक, वित्तीय संस्थाबाट लिएको ऋण

अंक रु लाखमा
(आव ०७३/७४)



आर्थिक वर्ष ०६७/६८ मा मात्रै १६ वटा बैंक तथा वित्तीय संस्था थपिएको राष्ट्र बैंकको ०६७/६८ को वार्षिक वित्तीय विवरणले देखाउँछ। नयाँको अनुमति रोक्ने भनिए पनि प्रक्रियामा रहेका कारण यी संस्था थपिएको स्पष्टोक्ति पेस भए।

भट्टराईको पालादेखि गृहकार्य भएको मर्जर नीति अन्ततः खतिवडाको पालामा आयो। मर्जर नीति आए पनि वाणिज्य बैंकहरू त्यसमा खासै आकर्षित हुन सकेनन्। नीति आएको ४ वर्षमा ७८ वटा संस्था मर्जर भएर ४८ वटा संस्था विलय त भए। तर त्यसमा विलय हुने वाणिज्य बैंक भने दुइटा मात्र रहे। बैंक अफ एसिया र नेपाल इन्डस्ट्रियल एन्ड कमर्सियल बैंक मर्ज भएर एनआईसी एसिया बनेको हो भने ग्लोबल आईएमई बैंकसँग कमर्ज एन्ड ट्रस्ट मर्ज भएको हो।

भन्न त राष्ट्र बैंकले असार ०७२ मा वाणिज्य बैंकलाई कम्तीमा ८ अर्ब पुँजी पुऱ्याउन निर्देशन दिनुका पछाडिको कारण मर्जरमा जान दबाब रहेको बताउँदै आएको थियो। तर राष्ट्र बैंकको अपेक्षाअनुसार वाणिज्य बैंकहरूले मर्जरलाई त्यतिसाह्रो प्रोत्साहन भने दिएनन्।

वाणिज्य बैंकबीचको मर्जर फेरि पनि सफल हुन सकेन। ८ अर्ब पुँजी वृद्धिको निर्णयपछि बैंक अफ काठमाण्डु र लुम्बिनी, ग्रान्ड र प्रभु बैंकबीच मात्र मर्जर भयो। तर अन्य वाणिज्य बैंक एकापसमा मर्जरमा गएनन्। धेरैले बोनस सेयर, हकप्रद, नयाँ सेयर निष्कासनको बाटो अपनाए भने त्यो बीचमा कतिपय वाणिज्य बैंकले आफूभन्दा साना विकास बैंक, वित्त कम्पनीलाई समेत आफैँमा विलय गराए। यही कारण विकास बैंकको संख्या ८७ बाट ३८ र वित्त कम्पनीको संख्या ७९ बाट २४ मा झऱ्यो।

लुम्बिनी र बैंक अफ काठमाण्डुलाई छाड्ने हो भने समस्याग्रस्त हुने अवस्था आउन लाग्दा मात्रै वाणिज्य बैंकहरू आफैं विलय हुन गएका छन्। तर चुक्ता पुँजी ४ गुणासम्म वृद्धिको प्रावधानमा राष्ट्र बैंक उदार भइदिँदा सञ्चालकले मर्जरको विकल्पमा संलग्न नरहेको बैंकबाट ऋण लिएर आफ्नो बैंकको चुक्ता पुँजी पुऱ्याउने बाटो अँगाले। यसको विरोध गभर्नरबाट अवकाश पाएपछि र अर्थमन्त्री हुनुअगाडि युवराज खतिवडाले समेत गरेका थिए। उनले राष्ट्र बैंकको वार्षिकोत्सवमा गभर्नर नेपाललाई प्रश्न नै गरेका थिए, "बैंकहरू मोटाएका कि सुन्निएका ?"

तथ्यांक हेर्ने हो भने बैंक तथा वित्तीय संस्था (लघुवित्तबाहेक) ले चुक्ता पुँजी वृद्धि गर्न ७० अर्बको हकप्रद सेयर, ९ अर्ब ४३ करोडको प्राथमिक सेयर (अंकित मूल्यको आधारमा एफपीओसहित) जारी गरेका छन्। एफपीओको प्रिमियम रकम र हकप्रदको बोलकबोलमा उठेको प्रिमियमबाट करिब १० अर्ब ७८ करोड थपिएको थियो। प्रिमियम रकममा भने मर्जरका कारण चुक्ता पुँजी अनुपात घट्दा बाँकी रकमसमेत रहेको मान्न सकिन्छ। यद्यपि करिब ९० अर्ब रकममा

> मर्जरको उद्देश्य के हो, किन संख्या घटाउने भन्नेमा राष्ट्र बैंक स्पष्ट भएको खै ?
>
> – **शोभनदेव पन्त**
> सीईओ, बैंक अफ काठमाण्डु

९० प्रतिशत लगानीकर्ताले स्वपुँजीबाट वा कर्जा लिएर थपेको रकम हो।

वाणिज्य बैंकहरूले प्रकाशित गरेको ०७३/७४ को वार्षिक वित्तीय विवरणअनुसार संस्थापकले आफू संलग्न रहेको बैंकको सेयर धितो राखेर अन्य बैंकबाट २१ अर्ब ३३ करोड रुपैयाँ कर्जा लिएका थिए। यो सबै रकम चुक्ता पुँजी वृद्धिमै लगाइयो भन्ने छैन। तर धेरै रकम पुँजी वृद्धिकै लागि गएको छ। यही कारण अर्थमन्त्री खतिवडालगायतले सो समय पुँजी वृद्धिको नीतिकै आलोचना गरेका थिए।

"एउटा बैंकको पैसा झिकेर अर्को बैंककै चुक्ता पुँजी बढाउने काम भयो भनेर मैले सार्वजनिक अभिव्यक्ति दिन थालेपछि पूर्वगभर्नर खतिवडाले समेत आफूले भन्न नमिलेको कुरा भनिदिएकामा मलाई धन्यवाद दिएका थिए," एक बैंकर सम्झन्छन्।

संस्थामा लगानी थपिएपछि प्रतिफल पनि त्यहीअनुसार दिनैपऱ्यो। बैंकहरू पहिलेकै दरमा नाफा कमाएर प्रतिफल दिने सोचमा देखिए। यसले आक्रामक कर्जा लगानी हुन थाल्यो। कतिपय अवस्थामा त बैंकहरूले निक्षेपको तुलनामा कर्जा लगानी गर्न राष्ट्र बैंकले तोकेको सीमासमेत नघाउन थाले। एकआपसमा हुने अन्तरबैंक रकमसमेत कर्जा दिन प्रयोग गरे।

यसैलाई संकेत गर्दै राष्ट्र बैंककै अधिकारीले बैंकहरूले नक्कली निक्षेपका आधारमा कर्जा लगानी गरिरहेको आरोप मात्र लगाएनन्, यसलाई कडाइसमेत गरे। बैंकहरूले पुँजी वृद्धिकै कारण सञ्चालकबाट नाफाका लागि आएको दबाब झेल्न नसकेर केही बैंक प्रमुखले राजीनामासमेत दिए। तीन वर्षयता हरेक वर्ष बैंकहरूले अनुशासन पालना नगरी उच्च कर्जा लगानी गर्दा तरलता समस्या गहिरिँदै जाने गरेको छ।

"राष्ट्र बैंकले सही उद्देश्य राखेर काम गरिरहेको

हुन सक्छ तर गृहकार्यको कमी र हतारमा गर्दा साइड इफेक्ट पनि पर्छजस्तो लाग्छ," सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत शम्भुनाथ गौतम भन्छन्, "बैंकहरूले पहिले लगानीयोग्य योजनामा मात्रै ऋण दिन्थे तर क्षमता बढेपछि लगानी पनि बढाउनैपर्ने भयो ।"

मर्जर विवाद

राष्ट्र बैंकले दबाब दिइरहे पनि अधिकांश बैंकले भारा टराइले मात्रै मर्जरका लागि सहमति दिएका छन् । एक जोडी बैंकबाहेक अरूले मर्जरका लागि जोडीसमेत खोजेका छैनन् । मर्जर आवश्यक भए पनि यही समय ठीक वा होइन भन्नेमा मतभेद छ ।

"मर्जरको उद्देश्य के हो ? किन संख्या घटाउने भन्नेमा राष्ट्र बैंक स्पष्ट भएको खै ?" बैंक अफ काठमाण्डूका प्रमुख कार्यकारी अधिकृत शोभनदेव पन्तको प्रतिप्रश्न छ, "पहिले पनि मर्जरको उद्देश्य भनेर चुक्ता पुँजी वृद्धिको निर्णय गरियो, तर त्यो समय पनि समस्या नभएकामध्ये मर्जरमा जाने संस्था त हाम्रो मात्र रह्यो नि ।"

तोकिएको चुक्ता पुँजी पुऱ्याएको एक वर्षभन्दा केही समय मात्र भएका बैंकहरूले त्यसले पार्ने सकारात्मक प्रभावको मूल्यांकनसमेत गरिसकेका छैनन् । बल्लतल्ल ठूलो फड्को मारेर अगाडि बढेका बैंकलाई सामान्यीकरण पनि हुन नदिई मर्जरमा लैजानु सही नहुने विश्लेषकको ठम्याइ छ ।

बैंकहरू ठूला भए पूर्वाधार क्षेत्रमा एउटैको समेत क्षमता बढ्थ्यो भन्ने मनसाय राष्ट्र बैंकको देखिन्छ । त्यसबाहेक अन्तर्राष्ट्रिय बैंक भित्रिए प्रतिस्पर्धी क्षमता बढ्ने आदि कारण राष्ट्र बैंकले देखाइरहेको छ । विश्वमा वाणिज्य बैंकबाटै ठूला पूर्वाधार निर्माणमा लगानीको अपेक्षा गरिँदैन । सरकारी कार्यक्रम र पूर्वाधार क्षेत्रमा लगानी बढाउन विविध बैंक हुन्छन् । नेपालमा त्यसअनुसारका बैंक खुलेका छैनन् । खुलेका पनि अन्ततः अहिलेकै वर्गीकरण प्रक्रियामा रूपान्तरण भएका छन् । हालै २० अर्ब पुँजीसहित सञ्चालनमा आएको पूर्वाधार विकास बैंकले खासै लगानी गर्न सकिरहेको छैन । राष्ट्र बैंक वाणिज्य बैंकहरूको क्षमता बढाएर पूर्वाधार विकास बैंकलाई समेत प्रतिस्पर्धी बनाउन सकिने आशमा छ । तर यसका लागि भएभरका सबै वाणिज्य बैंक मर्ज हुनैपर्छ भन्नेमा राष्ट्र बैंक लाग्नु आफैँमा विरोधाभास देखिन्छ ।

यति हुँदाहुँदै पनि नियमनको पाटोलाई लिएर राष्ट्र बैंक बढी चिन्तित भएको छनकसमेत देखिन्छ । "४ वर्षयता बैंकहरूले निजी क्षेत्रमा जारी गरेको कर्जा १३ खर्ब ७४ अर्बबाट बढेर २९ खर्ब १५ अर्ब रुपैयाँ पुगेको छ," राष्ट्र बैंक अनुसन्धान विभाग प्रमुख तथा कार्यकारी निर्देशक गुणाकर भट्ट भन्छन्, "यसमध्ये ६० प्रतिशत लगानी उपभोग बढाउने क्षेत्र, घरजग्गा आदिमा गइरहेको छ, यसलाई नियन्त्रण गर्न पनि सघाउ पुग्ने अपेक्षा हो ।"

राष्ट्र बैंकले खुलेर नभने पनि पछिल्लो पुस्ताका वाणिज्य बैंकहरूप्रति उसको चिन्ता बढेको हो । संस्थागत सुशासन, कर्जा लगानी गर्दा उनीहरू आचारसंहिताभित्र नरहेको र यिनै



संस्थाका कारण निक्षेप खोसाखोसको अवस्थामा पुग्दा तरलता समस्या बढ्ने गरेकाले समेत राष्ट्र बैंकलाई टाउको दुखाइ भएको छ । तर यसो भन्दा राष्ट्र बैंकको नियामकीय क्षमतामा प्रश्न उठ्ने भएकाले पनि मर्जरजस्तो घुमाउरो बाटो अपनाएर यस्ता बैंक तह लगाउने सोचमा छ । यी सबैको अचूक उपाय मर्जरका रूपमा राष्ट्र बैंकले लिइरहेको देखिन्छ ।

"जबर्जस्ती मर्जर गर भनेर बैंकहरूको हुर्मत लिने काम राष्ट्र बैंकले अहिले गरिरहेको छ," राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाको प्रतिप्रश्न छ, "मर्जर भनेको शल्यक्रियाजस्तो हो । के हाम्रा बैंकहरू त्यति खराब भइसकेका छन् र ?"

अहिले कमजोर र बलियो संस्था मर्जर गर्दैमा समस्या समाधान हुने देखेको राष्ट्र बैंक भोलि बन्ने ठूलो बैंकको विषयमा भने कत्तिको गम्भीर छ भन्ने प्रश्न विश्लेषकले गरिरहेका छन् । किनभने अहिले २८ वटा वाणिज्य बैंकले करिब ३१ खर्ब निक्षेप संकलन गरिरहेकामा एउटै बैंकको यस्तो रकम १ खर्बसम्म पुग्छ । अहिले एउटा बैंकमा समस्या आउँदा के होला भनेर राष्ट्र बैंक चिन्तित देखिएको छ । तर भावी दिनमा सोचेअनुरूप वाणिज्य बैंक मर्जर भए एउटै बैंकको निक्षेप २ खर्ब हाराहारी हुन्छ । त्यतिबेला एउटा बैंकमा आउने समस्याले पनि ३० खर्ब हाराहारी अर्थतन्त्र भएको हाम्रोजस्तो मुलुकमा कस्तो धक्का पर्ला ?

मर्जर प्रक्रिया चलिरहँदासमेत केही वित्तीय संस्थाहरूले अनियमितता गरेका र राष्ट्र बैंकलाई छक्याएको समेत पाइएको थियो । एनसीसी बैंकमा केही वर्षअघि मर्जरमा गएको एपेक्स डेभलपमेन्ट बैंक सञ्चालकलाई डेढ वर्षपछि प्रहरीले पक्राउ गरेको थियो ।

मर्जरका आफ्नै फाइदा र बेफाइदा छन् । यसलाई बजारले समेत निर्धारण गर्छ । सञ्चालन हुन नसक्ने बैंकहरू आफैं पनि मर्जरमा जान्छन् । ग्रान्ड, कमर्ज एन्ड ट्रस्टलगायतका बैंकको उक्त समयको मर्जर दबाबमा मात्र नभएर आवश्यकतामा आधारित थियो । नियमन दरिलो बनाउने हो भने सुशासनमा रहेर सञ्चालन नहुने बैंकहरू टिक्नैका लागि पनि मर्जरमा जान बाध्य हुन्छन् ।

सरकारले समेत मर्जरको नीति बजेटबाटै अख्तियार गरेको छ । सरकारी खर्च समयमा नहुने र कम हुने प्रवृत्तिका कारण पनि बैंकहरूमा तरलता समस्या बढ्ने गरेको छ । यसले सरकारकै समेत आलोचना हुने गरेको छ । त्यसैले अहिले अर्थमन्त्री खतिवडा मर्जर मुद्दामा गभर्नर नेपालसँगै मत मिलाउन आइपुगेका छन् । ने

ऋणसत्ताको प्रस्थानबिन्दु

मर्जरले एकीकृत बैंक र त्यसका सेयरवालालाई मुनाफा त देला तर समाजमा पैसाको मूल्य घटेको प्रभाव आम जनतामा पर्नेछ ।

[मर्जर बहस]

लेखनाथ पौडेल

सरकारले वित्तीय व्यवस्था व्यवस्थित गर्ने भन्दै विभिन्न बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धि, मर्जर र एक्विजिसनलाई प्राथमिकता दिएको छ। राष्ट्र बैंकका गभर्नर चिरञ्जीवी नेपाल यसैका लागि निजी बैंकका व्यवस्थापनलाई 'दबाबमूलक अनुरोध' गर्दैछन्। यसमा अर्थमन्त्रीको पनि आड देखिन्छ। सरकारी निकाय मात्र होइन, यो अभियानमा सबैजसो वित्तविज्ञको समेत एकमत देखिएको छ। मुलुकको वित्त व्यवस्था पुनर्संरचना गर्ने जटिल र गम्भीर विषयमा पर्याप्त विमर्श नै नभई यो नीति कार्यान्वयनमा जाने सम्भावना बढेको छ। प्रतीक्षा मौद्रिक नीतिको छ।

सन् २०१० देखि नेपाली होलसेल बैंकिङ क्षेत्र अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि खुला गरियो। यो तीन आधारमा उभिएको छ। पहिलो, हाम्रो विश्व व्यापार संगठनसँगका प्रतिबद्धता। दोस्रो, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषलगायत वित्तीय शक्ति केन्द्रको निरन्तर सिफारिस। तेस्रो, वित्तीय क्षेत्रलाई सञ्चालन गर्ने राज्यको कमजोर क्षमता।

अन्तर्राष्ट्रिय पुँजीका लागि नेपाली क्षेत्रमा प्रवेश दिने निर्णयको पृष्ठभूमिमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा प्रकाशित प्रतिवेदन थिए। नेपालका वित्तीय क्षेत्रलाई अव्यवस्थित र करिब एक तिहाइ बैंकिङ तथा वित्तीय संस्था, तरलता संकट, अधिक चालू खर्च, अपर्याप्त पुँजीगत आधारजस्ता समस्याबाट गुज्रिएको तिनको एक दशकअघिको निष्कर्ष छ। परिणामस्वरूप यसले अस्वस्थ प्रतिस्पर्धा र अव्यवस्थापन निम्त्यायो, जसलाई राष्ट्र बैंकले नियमन गर्न नसकेको बुझाइ अन्तर्राष्ट्रिय वित्तीय शक्ति केन्द्रको छ।

यसैमा आधारित भएर मूलतः वित्तीय क्षेत्र, त्यसमा पनि अधिकांश निजी बैंकिङ तथा वित्तीय कम्पनी पुँजी संगठित गर्न, चालू खर्च घटाउन, वित्तीय क्षमता विस्तार गर्न र मुनाफा बढाउन दुई खाले व्यवस्थालाई मौद्रिक नीतिले अगाडि बढायो। सन् २०१५ मा आएको मौद्रिक नीतिमा राष्ट्र बैंकले वित्तीय क्षेत्रमा पुँजी वृद्धिलाई आफ्नो मूल कार्यलक्ष्य बनायो। त्यसअन्तर्गत वाणिज्य बैंकको श्रेणीमा रहेका वित्तीय संस्थालाई न्यूनतम पुँजीमा चार गुणा वृद्धि गरेर २ अर्बदेखि ८ अर्ब पुऱ्यायो भने 'ख' श्रेणीमा रहेका विकास बैंकको २४ गुणासम्म बढाएर २.५ अर्ब पुऱ्यायो। वित्तीय संस्थाको मर्जर एन्ड एक्विजिसनको नीतिअन्तर्गत दुई वा दुईभन्दा बढी विभिन्न संस्थाको एकीकरणलाई निरन्तर प्रोत्साहन र पछिल्लो समय दबाब सिर्जना गऱ्यो।

राष्ट्र बैंकको पुँजी वृद्धिको निर्णय कार्यान्वयनका लागि नेपाली वित्त बजारमा तीन वटा माध्यम उपलब्ध थिए। पहिलो, विभिन्न खाले सेयर (आईपीओ, राइट, बोनस, एफपीओ) जारी गर्ने। दोस्रो, मर्जर एन्ड एक्विजिसन। तेस्रो विकल्प बन्न सक्थ्यो- वित्तीय संस्थाहरूको लगानी कर्जा प्रवाह र कार्यक्षेत्रको दायरा तथा भौगोलिक क्षेत्रको पुनर्परिभाषा। तर राष्ट्र बैंकले मर्जर एन्ड एक्विजिसनलाई बढ्दै प्राथमिकता दिएको देखियो। यसको अन्तर्यमा सानो बजारमा धेरै संस्था भएका कारण वित्तीय अराजकता, अव्यवस्थापन र खराब अपर्याप्त वित्तीय सेवाजस्ता समस्या निम्त्याएको तर्क गरिएको छ। र, समाधानका रूपमा सानो संख्यामा बलियो वित्तीय संस्था रहेको तर्कका आधारमा गैरमौद्रिक साधन मानिने मर्जर एन्ड एक्विजिसनलाई उपयुक्त विकल्प मानिएको छ। सानो संख्यामा हुने बलिया संस्थाले वित्तीय क्षमताको अभिवृद्धि हुन्छ, जसले भविष्यमा आउन सक्ने जोखिम सामना गर्ने क्षमता बढाउँछ। यसले वित्तीय स्थिरता सुनिश्चित गर्न सक्ने तर्क छ। सँगै हाम्रो न्यूनतम पुँजीगत आधार दक्षिण एसियाका देशको तुलनामा कम रहेको र अन्तर्राष्ट्रिय वित्तीय संस्था नेपालमा भित्रिँदा आन्तरिक वित्तीय संस्थालाई प्रतिस्पर्धी बनाउन पनि मर्जरको विकल्प नरहेको ठम्याइका साथ वित्तीय पुनर्संरचनालाई अगाडि बढाइएको छ।

यो नीतिको बेफाइदाका रूपमा केवल दैनन्दिन कामकारबाही र बजारका केही पक्षबाहेक अन्यलाई पर्गेलिएको छैन। सामान्यतया मर्जरमा जाने संस्थाका कर्पोरेट संस्कृति, मानव संसाधनको व्यवस्थापन, भिन्न बजार, ग्राहक लक्ष्यको र कार्यशैलीमा सामन्जस्यजस्ता व्यावहारिक विषयलाई मात्र चुनौतीका रूपमा औँल्याइएको छ। मर्जरको दौरान एकीकृत हुन आउने कुल ऋण दायित्वको व्यवस्थापन सबैभन्दा जटिल मानिएको छ। यसको सम्बोधनका लागि राष्ट्र बैंकले सहुलियत व्यवस्था गरेको छ।

ऋण दायित्व घटाउने अवधि, सेयरको मात्रा, 'रि-फाइनान्स' दरमा सहुलियतलगायत व्यवस्था गरेको छ। 'घ' श्रेणीबाहेकका सबै वित्तीय संस्थालाई मर्जरमार्फत श्रेणी उन्नतिको अवसर पनि

प्रदान गरेको छ। कर छूटको व्यवस्था, प्रमोटर सेयर होल्डरका लागि सेयरको मात्रा क्रेडिड डिपोजिट अनुपात 'डिप्राइभ्ड सेक्टर ल्यान्डिङ' नियमनलाई खुकुलो बनाइएको छ। अर्थात्, सामाजिक दायित्व घटाइँदै छ।

यो सबैको अर्थ हो, सहुलियत व्यवस्था र दबाबको बलमा जसरी पनि वित्तीय संस्था सानो संख्यामा सीमित गर्ने प्रयत्न अपनाइएको छ। मर्जरले दिने फाइदाका विषयमा केही तर्क अगाडि सारिएको छ। मर्जरले वित्तीय अराजकता रोक्न राष्ट्र बैंकलाई सहज हुने अर्थात् वित्तीय क्षेत्र नियमन गर्न सहज हुने भनिएको छ। के साँच्चिकै यसले नियमन र नियन्त्रणलाई सहज बनाउँछ ? यस प्रश्नमा भने सोचिएको छैन। साना तर धेरै वित्तीय संस्थालाई सीमित संख्याका बलिया वित्तीय संस्था बनाउँदा राष्ट्र बैंकको नियमनको क्षमता बढाउँछ भन्ने प्रश्न यथावत् छ। बलिया वित्तीय संस्थाको संकट धान्ने क्षमता बढ्ने भनिएको छ तर यो कुन मूल्यमा आर्जन हुन्छ भन्नेमा चर्चा गरेकै छैनौं।

दोस्रो, यसले 'सिनर्जी इफेक्ट' अर्थात् दुई वा सोभन्दा बढी संस्थाको एकल नतिजाभन्दा यसको एकीकृत वित्तीय संस्थाले दिने योग बढी हुने तर्क छ। अर्थात् दुई जोड दुई बराबर चार नभएर सोभन्दा बढी हुने भनिएको छ। यस कारण ठूला राष्ट्रिय परियोजनामा लगानी गर्दा बहुसंख्यक बैंकहरू गुहार्ने स्थितिबाट एउटै बैंकले वित्त प्रवाह गर्ने वातावरण हावी छ। तर यो सिनर्जी इफेक्टअन्तर्गत सिर्जना हुने अतिरिक्त अर्थात् चारभन्दा बढी कसरी आउँछ र त्यसको प्रभाव के हुन्छ भन्ने सन्दर्भमा सोच्नुपर्दैन ?

धेरै वित्तीय संस्था र तरलता अभावका कारण बचतमा ब्याजदर बढाउने अस्वस्थ प्रतिस्पर्धा हुने हुँदा ऋणको ब्याजदरमा तीव्रता वृद्धिको समस्यालाई आएको कारण संख्या घटाएर यो प्रतिस्पर्धालाई सीमित गर्न मर्जरले सघाउने सोच छ। यसले अस्वस्थ प्रतिस्पर्धाका ठाउँमा सहकार्यात्मक प्रतिस्पर्धा बढाउने तर्क छ। र, यसरी सीमित संख्यामा बन्ने बलिया बैंकहरूको ग्राहक संख्यामा वृद्धिका साथै विविधता आउनेछ। यसले बैंकले इकोनमी अफ स्केलमा खेल्न पाउनुका कारण मुनाफा सुनिश्चित हुनेछ भने आसामीमा रहेको विविधताले जोखिम व्यवस्थापन गर्ने मानिन्छ।

नेपालमा सातौं पञ्चवर्षीय योजनाको सेरोफेरोबाट संरचनात्मक सुधारका नाममा सुरु गरिएका प्रत्यत्नबीच ०४८ को कांग्रेस सरकार बनेदेखि नै नवउदारीकरण सुरु गरियो। सरकारी स्वामित्वमा रहेका उद्योगको निजीकरण, बजारीकरण र आर्थिक उदारीकरण तीव्र बन्यो। यसले उत्पादनलाई क्रमशः बजारको नियन्त्रणमा मात्र पुऱ्याएन, उत्पादन प्रवर्द्धनको साटो विनिमय र आयातमुखी अर्थतन्त्र निर्माण गऱ्यो। क्रमशः विनिमय पुँजी बलियो बन्दै गयो र उत्पादनमा पुँजी लगानीको अनुपात कमजोर बन्न पुग्यो। यसै अवधिमा वित्तीय पुँजीमा विस्तार पनि सँगै आयो। मूलतः वैदेशिक रोजगारीमा आएको वृद्धिले विप्रेषकका माध्यमबाट नेपालमा ठूलो धनराशि नगदका रूपमा भित्रिन थाल्यो। यसले समाजमा पैसाको उपलब्धतामा सहज पहुँच दियो। अर्थात्, जनसाधारणलाई आवश्यक 'क्रेडिट' को स्रोत बन्यो विप्रेषण, वित्तीय संस्था होइन। यसले विप्रेषण पर्यावरण तयार गऱ्यो।

फलस्वरूप आयातमा वृद्धि, सहरोन्मुख क्षेत्रमा बसाइँसराइको चाप बढ्यो, जसले घरजग्गा कारोबारमा अत्यधिक वृद्धि, शिक्षा र स्वास्थ्यका निजी क्षेत्रमा बढोत्तरी ल्यायो। अधिक मात्रामा आएको पैसाले ल्याएको परिवर्तनले वित्तीय क्षेत्रको तीव्र विकास गऱ्यो। यसैको नतिजा वित्तीय क्षेत्रमा अधिक नाफा देखिन थाल्यो। यसले बग्रेल्ती वित्तीय संस्थाहरूको उदय भयो। लामो समयदेखि विप्रेषणको दुष्चक्रमा पुगेको अर्थव्यवस्था मुद्रास्फीति, मूल्यवृद्धि, निर्जनीकरण, बिऔद्योगिकरण बन्जीकरणजस्ता समस्याबाट गुज्रिन थाल्यो। परिणामस्वरूप आयात र घरजग्गाजस्ता क्षेत्र फस्टाउन थाले। वित्तीय क्षेत्रले पनि त्यसैमा बढी लगानी बढायो, जसलाई राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत नियन्त्रणमा लिने प्रत्यत्न गऱ्यो। यसै सन्दर्भमा वित्तीय व्यवस्थामा अराजकता देखियो। त्यही अराजकता नियन्त्रणको प्रयासस्वरूप मर्जरको नीति बलशाली बन्न पुग्यो।

विकासको वित्तीयकरण

यही पृष्ठभूमिमा अन्तर्राष्ट्रिय रूपमा वित्तीय शक्ति केन्द्रले विकासको बजारीकरण र वित्तीयकरणको अभियान विश्वभर अगाडि बढाइरहेका छन्। आयात प्रतिस्थापन र निर्यात वृद्धिको नीतिबाट नवउदारवादतर्फ लम्किएको अन्तर्राष्ट्रिय अर्थव्यवस्थाले क्रमशः अन्तर्राष्ट्रिय वित्त संरचनालाई बलियो बनाएको छ। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय वित्तीय कम्पनीहरू, पुँजी बजारमा वर्चस्व कायम गरेका निजी वा राष्ट्रिय संस्थाको गठजोडले विकसित मुलुकमा देखापरेको वित्तीय संकटलाई विकासोन्मुख

मुलुक र अतिकम विकसित मुलुकतर्फ धकेलेर आफ्नो संकट टार्ने प्रयत्न गरेका छन् । यही 'स्थानान्तरण र समान्तरण' को प्रक्रियालाई डेभिड हार्वेले 'स्पाटियो टेम्पोरल फिक्स' भनेका छन् ।

यसैको एउटा उदाहरण हो, विकासको वित्तीयकरण प्रयत्न । विकासको बजारीकरण र त्यसमा टेकेर गरिएको वित्तीय बजार प्रभुत्वको विस्तारलाई विकासको वित्तीयकरणका रूपमा लिइएको छ । यो प्रयत्न विश्वभरि ग्रामीण क्षेत्रमा रहेको ठूलो जनसंख्यालाई औपचारिक वित्तीय संस्थामा जोडेर अर्थात् पुँजीवादी वित्तीय बजार सम्बन्ध बनाएर, अन्तर्राष्ट्रिय वित्तीय परिपथ (सर्किट) मा जोड्न प्रयत्नरत छन् । यसको मूल उद्देश्य हो, पुँजी संकेन्द्रीकरणको बेरोकटोक प्रवाह सिर्जना गर्नु । नेपालमा केही समयदेखि लघुवित्त र लघुबिमामा बढेको लगानी यसैको एउटा उदाहरण हो । विकासको वित्तीयकरणका लागि अन्तर्राष्ट्रिय वित्तीय शक्ति केन्द्रको प्रयास नेपालमा विकासको नाममा हाम्रो बजेट पञ्चवर्षीय योजना, मौद्रिक वित्तीय नीति र कार्यक्रममा प्रकट भएका छन् ।

विगतमा राज्यका जिम्मेवारीका रूपमा रहेका थुप्रै सामाजिक जिम्मेवारी शिक्षा, स्वास्थ्य, सुरक्षाजस्ता विषयलाई बजारको नियन्त्रणमा छाडिएको छ । त्यो बजारमा पुग्ने र वित्तीय बजारको उदयसँगै अब बजारमा पनि त्यसको प्रभुत्व बढ्दो बनेको छ । वित्तीय संकेन्द्रीकरणलाई सहज बनाउन ठूलो जनसंख्यालाई औपचारिक अर्थात् पुँजीवादी वित्तीय परिपथमा ल्याउन जरुरी छ । त्यसैका लागि वित्तीय साक्षरता, वित्तीय समावेशीकरणजस्ता कार्यक्रमलाई विकासका रूपमा पस्किइएको छ । विकासका नाममा लघु, कृषि, पशु बिमालगायतका लघुवित्तीय साधनलाई जोडतोडले प्रचार गरियो । तर यसो गरिँदा यस्ता परियोजनामा छिमेकी भारतमा निम्नवर्गीय जनतामा ऋणको प्रकोपले सिर्जना गरेको आत्महत्याको संकटलाई पनि अनदेखा गरियो ।

विकास भनेकै औपचारिक वित्तीय संस्थामा जोडिएको मात्रले वित्तीय नागरिकता प्राप्त गर्ने, अर्थात् पुँजीवादी वित्तीय बजारसँग जोडिएको मात्र नागरिक हो भन्ने मान्यतामा आधारित यस्ता कार्यक्रम नेपालको विकास रणनीतिमा प्रवेश गरेका छन् । यसले वित्त बजारअनुकूलको नागरिक उत्पादन गर्छ । अर्थात्, ऋण-मानव (अर्थ-मानवको एक रूप), जसले अन्तर्राष्ट्रिय वित्तीय वर्चस्वलाई निरन्तर पुनरुत्पादन गर्ने उद्देश्यले प्रेरित छ। यसले राज्यलाई प्रभावित गरेर गैरराज्य संयन्त्र, गैरसरकारी संस्थालगायत परिचालन गरेको छ । यसै अनुकूल हुने गरी 'सत्य', 'ज्ञान' का रूपमा नवशास्त्रीय अर्थशास्त्रलाई पढाइएको छ । एकातिरबाट हामी विकासका नाममा वित्त बजारअनुकूलका सामाजिक सम्बन्ध स्थापित गर्दैछौँ भने हामी अर्कोतर्फ मर्जरका नाममा बलिया वित्तीय संस्था खडा गर्दैछौँ । अझ ती वित्तीय संस्थाको संख्यालाई सानोभन्दा सानो हुने गरी घटाउँदै छौँ । तिनै वित्तीय शक्ति केन्द्रका प्रभावमा यसको परिणाम हामीले त्यसलाई केही सीमित संस्थामा केन्द्रीकृत गर्दैछौँ । यसको वित्तीय राजनीतिक र भूसामरिक प्रभावलाई नियाल्नु जरुरी छ ।

वित्तीय निहितार्थ सानो संख्यामा बलिया वित्तीय संस्था निर्माण हुँदा कार्यक्षमता र प्रतिस्पर्धा सिर्जना हुने आकलन छ । र, यसले स्वस्थ सहकार्यात्मक प्रतिस्पर्धा बढाउने भनिएको छ। यस्तो हुने सम्भावना पनि छ । तर यसको मूल्य कसले चुक्ता गर्ला ? यो प्रश्न सोधिएको छैन । मर्जरले सिर्जना गरेको सिनर्जीले समयक्रममा एकीकृत वित्तीय संस्थाको कुल 'भ्याल्यु' बढाउनेछ । उदाहरणका लागि, दुई र दुई जोड्दा चार हुनुपर्नेमा सोभन्दा बढी हुन्छ । त्यो सोभन्दा बढीको मान के हो र कसरी आउँछ ? सो दुईभन्दा बढी पुँजी बजारमा हुने वृद्धिको आकलनमा बढ्ने काल्पनिक भ्यालु हो, जो सट्टेबाजीले सिर्जना गर्दछ ।

सट्टेबाजीले सिर्जना गर्ने अधिक मूल्यले उपलब्ध पुँजीमा वृद्धि हुँदैन, अर्थात् तरलतामा वृद्धि ल्याउँदैन । केवल वित्तीय संस्थाको मूल्यमा वृद्धि गर्छ । यस्तो मूल्यमा आउने वृद्धिले समयक्रममा सिर्जना गर्न सक्ने मुद्रास्फीति र परिणामतः मूल्यवृद्धिको सम्भावनालाई किन नजरअन्दाज गरिँदैछ ? उदाहरणका लागि, पुँजी आठ-आठ अर्ब भएका दुइटा बैंक मर्जरमा गए, यो मर्जरले पुँजी बजारमा उत्साह बढाउँछ र यी बैंकहरूको कुल भ्यालुलाई बढाउँछ । उक्त बैंकसँग कुल पुँजी १६ अर्ब नै हुन्छ तर बैंकको भ्यालु दुईको योगभन्दा अधिक । हो त्यो अधिक भ्यालुले सिर्जना गर्न सक्ने दुष्परिणाम कसरी नियन्त्रण हुन्छ ? अब सोचौँ, ब्याजदर घट्ला या बढ्ला ?

यसले एकीकृत बैंकलाई र त्यसका सेयरवालालाई त मुनाफा देला तर समाजमा पैसाको मूल्य घटेको प्रभाव आम जनतामा पर्छ । अर्थात्, त्यो बैंकको हितमा सिर्जना भएको अधिक भ्यालुको भार जनतामा पर्छ । पक्कै हो, ठूलो वित्तीय संस्था तरलतालाई एकीकृत अवश्य गर्छ, जसले ठूला लगानीमा झन्झट पनि घटाउँछ । तर यसले बजारमा रहेको कुल तरलतालाई अवश्य बढाउँदैन । बरु उल्टै अधिक मुनाफाका लागि 'स्याडो' बैंकिङ र वित्तीय सट्टेबाजीको प्रभाव बढ्दै जानेछ, जसले ऋणमुखी वित्तीयकरणलाई बढावा दिनेछ । ठूला लगानी र वित्तीय पुँजीको मुनाफाको भार जनतामा पुग्छ । परिणामतः आयस्रोत नभएको जनसंख्या, दैनिक जीवन धान्न ऋणमा भर पर्न बाध्य हुन्छ र क्रमशः ऋणी बन्दै जान्छ ।

नेपालका ग्रामीण क्षेत्रका साहूहरूले ऋणमार्फत श्रम र जमिन, अर्थात् उत्पादनका साधनमाथिको नियन्त्रण कायम गरेर ऋणसत्ता सञ्चालन गर्दै आएका थिए । राणा शासनको आर्थिक नियन्त्रणको आधार यही थियो । हाम्रो पुस्ताको प्रत्यक्ष स्मृतिमा नभए पनि यो नेपालको इतिहासको अभिन्न पक्ष हो । आज ती दोहनकारी साहूहरूको स्थान वित्तीय संस्थाहरूले ओगट्दैछन् ।

यस्तै प्रवृत्तिका कारण आम जनता ऋण प्रकोपमा परेको उदाहरण

अमेरिका नै हो। वित्तीयकरणले निम्त्याएको ऋणमा आधारित उपभोक्तावादी अर्थतन्त्रका कारण अमेरिकामा २००७/८ मा आएको वित्तीय संकटले विश्वभर प्रभावित गऱ्यो। १९.४ मिलियन कुल गार्हस्थ उत्पादन रहेको अमेरिकामा निजी ऋण यसको दुई गुणा छ। शिक्षालाई निजी क्षेत्रमा पुऱ्याउँदा र वित्तीयकरणको योगका रूपमा आज करिब ४५ लाख जनसंख्याले करिब ३ हजार ८ सय डलर शैक्षिक ऋण बोक्नुपरेको र शिक्षा प्राप्त गर्नासाथ देखिँदा स्वतन्त्र तर वित्तीय संस्थाका ऋणका दास बनेका छन्। अन्य क्षेत्रमा पनि यस्तै हालत छ, तल्लो वर्गमा रहेका जनताको। यसैले वित्तीय शक्ति केन्द्रलाई विकासको वित्तीयकरणमा अझ थप बल पुऱ्यायो।

अमेरिकामा कुल गार्हस्थ उत्पादनभन्दा कुल ऋणको संख्या अधिक हुँदा ऋणको आधारमा बढेको उपभोगले बढाएको वृद्धिदर देखावटी मात्र छ। यही घरेलु ऋणमा आधारित सेक्युरिटी अर्थात् सट्टेबाजीका कारण काल्पनिक मूल्य सिर्जना भयो। तर यो प्रतिस्पर्धा बढ्दै जाँदा 'लेमन ब्रदर्स' जस्ता ठूला वित्तीय संस्था र पुँजी बजारका विभिन्न वित्तीय खेलाडी संकटमा परे। त्यसलाई सम्बोधन गर्न अमेरिकाले ५.१ ट्रिलियनको आर्थिक लगानी गऱ्यो। त्यही ऋणको सट्टेबाजीमा सहभागी स्वीस बैंकहरू पनि स्वीस सरकारको भरमा मात्र टिक्न सके।

हामीले सानो संख्यामा ठूला वित्तीय संस्था बनाउँदा ती संस्थाले नेपालको वित्तीय प्रवाहको ठूलो हिस्सा सीमित बैंकले ओगट्न थाल्छन्। उदाहरणका लागि, वाणिज्य बैंकलाई १० को संख्यामा सीमित गर्दा बैंकिङ क्षेत्रकै पुँजी प्रवाहको सालाखाला १० प्रतिशत एउटै बैंकले ओगट्छ। त्यसरी ओगट्ने वित्तीय संस्था कुनै पनि कारणले संकटमा पर्दा मुलुकको वित्तीय व्यवस्था नै संकटमा पुग्छ। अमेरिकाको पछिल्लो वित्तीय संकट यसैको उदाहरण हो। अमेरिकी अर्थव्यवस्थाले त लेम्यान ब्रदस धान्न सकेन, हामी कसरी सकौंला ? साना र धेरै संख्यामा संगठित वित्तीय संस्था हुँदा एकाध वित्तीय संकटलाई वित्तीय व्यवस्थाले सहजै व्यवस्थापन हुन्छ। उदाहरणका लागि, विगतमा क्रिस्ट बैंकमा आएको समस्याले वित्तीय व्यवस्थामा कुनै ठूलो संकट ल्याएन।

ऋण तथा बचत सहकारी नियन्त्रणको प्रयास पनि यही प्रवृत्तिसँग जोडिएको छ। तल्लो वर्गलाई ऋण प्रवाह गरिरहेका यस्ता सहकारी दोहनकारी बन्दैछन्। यसको नियन्त्रण र नियमन आवश्यक छ। तर त्यसको उपाय सहकारी समाप्त पार्ने होइन। ब्याजदर, लगानी, कर्जा प्रवाहको दोहन रोक्ने हो, त्यसका लागि राज्यले बलियो नियमन संयन्त्र निर्माण र परिचालन गर्नुपर्छ। राज्यको अक्षमतालाई सहकारी मान्यतामाथिको आक्रमणलाई ढाक्ने अस्त्रका रूपमा प्रयोग गर्ने होइन, बरु आफ्नो नियमन क्षमता सुधार्नु उपयुक्त हुन्छ।

हठात लागू गर्न लागिएको मर्जरको एजेन्डाले क्रमशः सानो संख्यामा रहेका बलिया वित्तीय संस्था निर्माण गर्नेछ, जुन समयक्रममा एकाधिकारवादी वित्तीय सिन्डिकेटमा परिणत हुने वातावरण तयार गर्नेछ। यसले वित्तीय पुँजीको वर्चस्वको आधार निर्माण गर्छ। अहिले नै विभिन्न कर्जा, प्राकृतिक प्रकोप बिमा, महँगो ब्याजदर आदिको भारले सर्वसाधारण र गैरवित्तीय उद्यम क्षेत्र आक्रान्त छ। त्यसैको प्रतिरोध गत वर्ष धनगढीमा भएको वित्तीय अत्याचारविरुद्धको प्रदर्शन। सरकारले सामान्य यातायात सिन्डिकेट त तोड्न नसकेको अवस्थामा मुलुकको वित्तीय व्यवस्था नै नियन्त्रण गर्ने सिन्डिकेटलाई कसरी नियमन गर्न सक्ला ? यो सिन्डिकेटको राजनीतिक निहितार्थ कति जटिल र गम्भीर होला ?

राष्ट्र बैंकका पूर्वनिर्देशक नरबहादुर थापालगायतले मर्जरजस्तो गैरमौद्रिक साधन नभएर अहिले भएका बैंकमा मौद्रिक साधन प्रयोग गर्न सुझाए पनि उनीहरूको आवाजलाई महत्त्व दिइएको छैन ।

राजनीतिक निहितार्थ

वित्तीय व्यवस्थामा क्रमशः एकाधिकार जमाउँदै गएपछि वित्तीय सिन्डिकेटले आफ्नो स्वार्थमा आधारित भएर राजनीतिक क्षेत्र र राज्यमा समेत वर्चस्व बनाउने प्रयत्न गर्छ। सानो संख्यामा ठूला वित्तीय संख्याले प्रतिस्पर्धा बढाउने होइन, त्यसलाई निस्तेज गर्छ।

वित्त व्यवस्था पुँजीवादको पर्याय हो तर यो अन्तरविरोधपूर्ण रहेको भन्दै जे डब्लु मेसन भन्छन्, 'एकातिर वित्तले संस्थाका रूपमा पैसाका सामाजिक सम्बन्ध अर्थात् यसले मौद्रिक दाबीको निर्माण र प्रवर्तन गर्दछ (बाध्यात्मकता/कानुनी, सामाजिक व्यक्ति-व्यक्ति वा संस्था) का सम्बन्धमा।' यसले वस्तु उत्पादनको संगतिलाई विस्तार र कायम गर्छ। यसैको उदाहरण हो, अमेरिकामा शैक्षिक कर्जा, जसले ज्यालादारी श्रमको नियन्त्रणलाई पुनरुत्पादन र पुनर्संगठित गरेको। अर्कोतिर पुँजीवादमा वित्तीय व्यवस्थाले योजनाको नियन्त्रण गर्छ। अर्थशास्त्री जोसेफ सुम्पिटरका अनुसार वित्तीय व्यवस्था निजी रूपमा सञ्चालित योजना आयोगको भूमिकामा रहन्छ। उत्पादनदेखि घरजग्गा, शिक्षा, स्वास्थ्यलगायतका दैनिक जीवनका सवालमा ऋणमा आधारित उपभोगका कारण वित्तीय संस्थाले समाजको दैनिक जीवनको नियन्त्रण गर्छ। बैंकको नियन्त्रणमा कस्तो क्षेत्रमा लगानी बढाउने वा घटाउने निर्णय गर्न पुग्छ। त्यसैले वित्तीय संस्थाले वित्तीय मात्र होइन, राजनीतिक योजना र सामाजिक नियन्त्रणको काम गर्छ। अझ त्यो एकाधिकारी बन्दै जाँदा क्रमशः राष्ट्रिय राजनीतिमा नियन्त्रणको सम्भाव्यतालाई अझ बल पुऱ्याउँछ। जब समाजमा उत्पादन र उपभोगको नियन्त्रण वित्तीय व्यवस्थाले गर्छ, तब त्यही वित्तीय एकाधिकारले राष्ट्रिय राजनीतिको अधिरचनालाई पनि नियन्त्रणमा लिन्छ।

साना र ठूलो संख्यामा रहेका निजी वित्तीय संस्थाहरूले 'डिप्राइभ्ड सेक्टर लेन्डिङ' अन्तर्गतका ऋण प्रवाहमा अरुचि र आनाकानी गरिरहेका छन्। अझ एकाधिकार स्थापित भएपछि राज्यलाई कसरी अहिले नै सामाजिक सुरक्षा र न्यायअन्तर्गतका सरकारका शैक्षिक कर्जा, वैदेशिक रोजगारबाट फिर्ता भएकालाई दिइने कर्जा, कृषि कर्जा प्रवाहमा जसरी उदासीन छन्, अनि एकाधिकारपछि अझ ती क्षेत्रमा कर्जा प्रवाह कसरी होला वा यी सामाजिक दायित्वको व्यवस्थालाई राज्यले सुरक्षित गर्न सक्ला ?

जब उत्पादन र उपभोगका आधारमा एकाधिकार जमाउँछ, वित्तीय

सिन्डिकेटले क्रमशः राजनीति र राज्यमा पनि आफ्नो वर्चस्व स्थापित गर्नेछ। त्यसैले मर्जरको बाटो एकाधिकारी वित्तीय पुँजीको वर्चस्व अर्थात् ऋणको शासन स्थापित गर्ने बाटो हो। अनि त्यो नियमनका लागि सानो संख्यामा ठूला वित्तीय संस्था बनाउने रणनीति, नियमनका लागि सहज वातावरण तयार गर्ने होइन, बरु नियमन गर्ने नसकिने संस्था तयार गर्न उद्यत छौं। यसको विकल्प राष्ट्र बैंकलाई अझ बलियो बनाउने, धेरै संख्याका वित्तीय संस्थालाई ऋण तथा बचतका क्षेत्राधिकार, उत्पादन, उपभोग पुनर्परिस्थापित गर्ने र अझ संगठित गर्नुपर्नेमा उल्टो बाटो हिँडिरहेका छौं। पुँजी पुऱ्याउन नसकेका वित्तीय संस्थाको भनिएको पुनर्परिभाषित गर्न सकिन्छ। वाणिज्य बैंकलाई दिने, भौगोलिक क्षेत्रलाई सीमित गर्ने वा लगानीका क्षेत्राधिकार सीमित गर्न सकिन्छ। सञ्चालित वित्तीय संस्थालाई पुनर्संगठित गर्दै अझ थप प्रयास अघि बढाउनु यसको विकल्प हो।

भूसामरिक निहितार्थ

नेपालको वित्तीय व्यवस्था कमजोर रहेको, ठूला निर्माण परियोजनाका लागि पुँजी अभाव रहेको अनि केही वित्तीय संस्थाहरूलाई पुनर्गठनको नीति सुझाउने वित्तीय शक्तिकेन्द्र नै हुन्। यो एजेन्डा आन्तरिक वित्तीय स्वार्थले जति प्रभावित छ, त्योभन्दा बढी अन्तर्राष्ट्रिय वित्तीय शक्तिकेन्द्रले। मुलुकको आयातमुखी अर्थव्यवस्था यत्तिकै त परनिर्भर छ। हामी इन्धन, खाद्य, औषधीलगायतका दैनिक उपयोगदेखि निर्माण सामग्री सबैमा यो परनिर्भरताले निम्त्याएको व्यापार घाटा, वैदेशिक मुद्राको घट्दो सञ्चितिको प्रभावले नवऔपनिवेशिक सम्बन्ध सार ग्रहण गरेको छ। विकास वित्तका लागि हामी यसै त दातृराष्ट्र र वित्तीय शक्ति केन्द्रको भर पर्नुपरेको छ, थोक कर्जा प्रवाहका लागि प्रवेश गरेका विदेशी बैंक र नेपाली वित्तीय एकाधिकारकारी सिन्डिकेटले झन् कस्तो अवस्था सिर्जना गर्ला ?

पछिल्लो समय भूसामरिक जटिलता थपिएको छ। चिनियाँ प्रसारमा बेइजिङको अग्रसरता, सँगसँगै जोडिएको भारतीय उदय र दिल्लीको संशय अनि यस्तैको बीचमा वासिङ्टनको इन्डो-प्यासिफिक अग्रसरता। शक्ति केन्द्रको आ-आफ्नो काठमाडौंमा प्रभाव विस्तारको होड अवश्य छ। हामी थोक कर्जा प्रवाहका लागि विदेशी बैंकलाई अनुमति दिइसकेका छौं। केही संख्यामा सीमित ठूला वित्तीय संस्थाको आन्तरिक सिन्डिकेटमा वैदेशिक बैंकको लगानीमार्फत तयार हुन सक्ने गठजोड र यसमा ठूला शक्ति केन्द्रको स्वार्थ जोडिँदा कस्तो परिणाम देला ? यसको पनि गम्भीर आकलन जरुरी छ। र, हाम्रो वित्तीय व्यवस्था नियन्त्रणका लागि आवश्यक पुँजी यी शक्ति केन्द्रका लागि नगन्य हो। अहिले नै प्रत्यक्ष वा परोक्ष रूपमा वैदेशिक वित्तीय पुँजी क्रियाशील छ। अझ त्यसमा भूसामरिक स्वार्थ जोडिँदा नेपालको वित्तीय व्यवस्थालाई आफ्नो आवश्यकता र चाहनाअनुरूपको उतारचढाव ल्याउने आधार बनाइदिन सक्छ।

ठूला परियोजनाको विकासमा ठूलो वैदेशिक ऋण लिनुलाई स्वाभाविक भनिँदै छ, यत्तिकै त नेपालले वार्षिक हिसाबले ठूलो धनराशि वैदेशिक ऋणको ब्याजमा मात्र खर्च गर्छ। अझ ठूलो राष्ट्रिय ऋणको बोझ त्यो पनि भूसामरिक स्वार्थ जोडिएका शक्ति केन्द्रसँग लिँदा हाम्रो अवस्था कस्तो होला ? निजी ऋण र वैदेशिक राष्ट्रिय ऋणको योगले कस्तो ऋणको शासन ल्याउला ? खाडी क्षेत्रमा आउन सक्ने भूसामरिक संकटले नेपालको विप्रेषण पर्यावरण खल्बल्याउनेछ। त्यसले ल्याउन सक्ने वित्तीय संकटको जोखिम यो बेला लेखाजोखा गर्नु उपयुक्त हुन्छ।

एजेन्डा बोकेको 'अर्थशास्त्री' को प्रभावमा परेर हो वा सरकारको समृद्धिको नारा सम्पत्तिको संकेन्द्रीकरण गरेर केही मुठ्ठीभर धनीहरूको र भूसामरिक शक्ति केन्द्रको ऋणको शासन ल्याउनुलाई समृद्धि भनिएको हो ?

अर्थशास्त्रीय ज्ञानको सिन्डिकेट

यहाँ आकलन गरिएको संकटको सम्भाव्यता, केही महिना वा वर्षभित्र भइहाल्दैन। तर दुई दशकभित्र वित्तीय सिन्डिकेटको वातावरण, पुँजीको अतिसंकेन्द्रीकरणले ल्याउने सम्भावित वित्तीय संकट र असमानतालगायत सामाजिक संकट सतहमा आउनेछन्। यसका बाबजुद चर्चित भनिएका नवशास्त्रीय अर्थविद्हरू यो नीतिमा एकमत देखिन्छन्। राष्ट्र बैंकका पूर्वनिर्देशक नरबहादुर थापालगायतले मर्जरजस्तो गैरमौद्रिक साधन नभएर भएका बैंकमा मौद्रिक साधनको प्रयोग गर्न सुझाए पनि यो आवाजलाई महत्त्व दिइएको छैन। मूलतः वित्तीय शक्ति केन्द्रको संसर्गमा रहेका 'अर्थशास्त्रीहरू' नेपालको योजना र नीति निर्माणमा हाबी बन्दै गएका छन्। यिनै वित्तीय शक्ति केन्द्रका प्रियतमको कब्जामा आज अर्थ मन्त्रालय, सत्तापक्ष र प्रतिपक्ष दुवै पुगिसकेको देखियो।

यिनैले अपनाएको नीतिमा दूरदृष्टि पनि देखिँदैन। एउटै मान्छे गभर्नर हुँदा सुरुमा थुप्रै वित्तीय संस्थालाई स्वीकृति दिन्छन्, त्यसको केही समय पनि नबित्दै त्यसै कार्यकालमा मर्जर थुपार्छन्। अनि अर्थ मन्त्रालयको नेतृत्व गर्दा त्यसैलाई प्राथमिकता दिन्छन्। त्यतिबेला बैंकलाई स्वीकृति दिने नीति किन एक दशक पनि टिकेन ? र आज मर्जर गर्नुपऱ्यो ? के यो नीतिगत अस्थिरता होइन ?

अन्त्यमा, आजको विकासको वित्तीयकरण, वित्तीय क्षेत्रमा सिन्डिकेटको वातावरण बनाउने मर्जर, यससँग जोडिएका भूसामरिक निहितार्थले क्रमशः वित्तीय संकट र ऋणको शासन निर्माणतर्फ अग्रसर बनाउनेछ। यो ठूला वित्तीय पुँजी र शक्ति केन्द्रको हितमा अवश्य होला। तर यसको भार मुलुक र बहुसंख्यक जनताको मूल्यमा हुनेछ। त्यसैले समृद्धिको कुरा गरिरहेको यो सरकारले नतिजा भने त्यसको विपरीत दिने नीति अपनाउँदै छ। प्रश्न छ, एजेन्डा बोकेको 'अर्थशास्त्री' को प्रभावमा परेर हो वा सरकारको समृद्धिको नारा सम्पत्तिको संकेन्द्रीकरण गरेर केही मुठ्ठीभर धनीहरूको र भूसामरिक शक्ति केन्द्रको ऋणको शासन ल्याउनुलाई समृद्धि भनिएको हो ? यो सरकारले स्पष्ट पार्नुपर्छ। ने

पौडेल स्वीजरल्यान्डको लोजान विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय राजनीतिक अर्थशास्त्रमा विद्यावारिधि गर्दैछन्।


KMG
WITHOUT FEAR OR FAVOUR
The road to the truth is difficult.
A path filled with division, diversion and danger.
A path filled with validation and temptation.
There are voices to be heard and stories to be told.
The road is long and the road is hard.
But this is the road we walk.
Without fear or favour.
THE KATHMANDU POST

तेस्रो अध्यक्ष ?

ओली सरकारको ग्राफ ओर्लंदै गर्दा नेकपामा माधव नेपालको पल्ला भारी

माधव बस्नेत

"मलाई धेरै ठाउँबाट फोन आइसक्यो। सबै सहमति भइसक्यो रे । फोन उठाउँदाको हैरान छ। आज बैठक नै बसेको छैन। केको सहमति हुनु ?"

नेकपाका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल ३१ असार बेलुकी हामीसँग यसो भन्दै थिए। त्यस दिन नेकपा अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' ले शीर्ष नेता, सचिवालय कसैको पनि बैठक डाकेका थिएनन्। सञ्चार माध्यममा भने जिल्ला इन्चार्ज, सह-इन्चार्जको नाम आइसकेको मेसोमा वरिष्ठ नेता नेपाललाई फोन आएको बुझ्न कठिन थिएन।

नेपालले यसो भनिरहँदा सरकारी निवास बालुवाटारमा प्रधानमन्त्री ओली र प्रचण्डबीच जिल्ला इन्चार्ज, सह-इन्चार्ज तोक्ने छलफल भर्खरै सकिएको थियो। अध्यक्षद्वयले नेता नेपाललाई त्यो भलाकुसारीमा सहभागी भने गराएनन्। तर उनलाई बेवास्ता गर्ने सहुलियत पनि उनीहरूलाई थिएन। नेपालले अघि सारेको विधि र मापदण्डकै आधारमा इन्चार्ज, सह-इन्चार्ज तोक्ने सहमति गरेका थिए, ओली/प्रचण्डले।

यसअघि भने त्यस्तो हुने गर्दैनथ्यो। असोज ०७५ मा नेपाल विदेश गएका बेला दुई अध्यक्षले प्रदेश इन्चार्ज, सह-इन्चार्ज, अध्यक्ष, सचिवको नाम टुंगो लगाएका थिए। त्यसबेला न नेपालले अघि सार्दै आएको विधि, मापदण्ड स्वीकारिएको थियो, न त नामको निर्क्योल नै स्थायी समितिबाट टुंग्याउने धैर्य। तर ३१ असारमा ओली-प्रचण्डबीच मात्र बैठक भए पनि उनीहरू नेपालले अघि सारेको प्रस्तावनाअनुसार नै निर्णयमा पुग्न तयार भएका थिए। त्यसमा नेपाल असहमत हुनुपर्ने कारण नै रहेन। ओली/प्रचण्डको यो 'लचकता' नेपालको माया वा उनलाई रिझाउने प्रयत्नले नभई 'निर्णायक पुनरोदय' का कारण भएको बुझ्न कठिन छैन।

असार ०७१ मा भएको तत्कालीन नेकपा एमालेको नवौं महाधिवेशनपछि नेपाल लामै समय अध्यक्ष ओलीको छायामा परेका थिए। कतिसम्म भने महाधिवेशन हलबाट पारित विधानमा समेत ओलीले आफ्नो अनुकूलतामा एउटा शब्द नै झिकेर छापे। जस्तो, महाधिवेशन हलबाट 'पोलिटब्युरो सदस्य हुन चाहिने योग्यता- एक कार्यकाल केन्द्रीय कमिटीको पूर्ण सदस्य भएको हुनुपर्ने' पारित भएको थियो। तर ओलीले 'पूर्ण' शब्द घुइँक्याइदिए। यो शब्दले उनी पक्षका वैकल्पिक केन्द्रीय सदस्य पोलिटब्युरोमा उक्लिन पाए। नेपालले अनेक हारगुहार गरे पनि सुनुवाइ भएन।

मंसिर ०७४ मा भएको संघीय संसद् र प्रदेशसभा निर्वाचनमा टिकट बाँड्ने क्रममा ओलीले नेपाल पक्षलाई पेलेको प्रसंग त झनै दारुण छ। उदाहरणका लागि तत्कालीन एमाले भोजपुर जिल्ला कमिटीले राजेन्द्र राईको नाम संघीय संसद्को उम्मेदवारमा सर्वसम्मत पठाएको थियो। स्थानीय निर्वाचनमा पनि भोजपुरमा एमालेले पहिलो मत पाएको थियो। तर एमाले संस्थापन पक्षले भोजपुरबाट राईलाई टिकट नदिन त्यो जिल्ला माओवादी केन्द्रको पोल्टामा पारेको आरोप पार्टी पंक्तिभित्र लाग्ने गरेको छ।

राईलाई प्रदेशसभामा टिकट पाउन ठूलै माथापच्ची गर्नुपर्‍यो। दोलखामा पशुपति चौलागाईंलाई त्यही हालतमा पुऱ्याइयो। जाजरकोटमा नीरज आचार्यलाई दिइसकेको टिकट सम्बन्धित उम्मेदवारलाई समेत जानकारी नदिई निर्वाचन आयोगलाई फ्याक्स पठाएर खोसियो। राष्ट्रिय सभामा वेदुराम भुसालको नाम सार्वजनिक गरेर फिर्ता लिन बाध्य पारियो।

त्रय नेता : केपी ओली, पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल

उल्लिखित पात्र लामो समयदेखि नेपाललाई मात्रै एकोहोरो साथ दिएको निहुँमा पाखा पारिए। त्यसो त ३ फागुन ०७४ मा ओली प्रधानमन्त्री भएको झन्डै एक वर्षसम्म नेपाल स्वयं छायामा परिरहे। ठूलो सकस र दुःखपछि पछिल्ला दिनमा भने माधव नेपाल नेकपाभित्र निर्णायक बन्न पुगेका छन्।

मान्यतामा अटल

ओलीले आफूलाई छायामा पार्ने अथक प्रयत्न गरिरहँदा पनि कहिले पछि हटेर वा कहिले अघि बढेर नेपाल आफ्ना केही मान्यतामा अडिग रहिरहे। ती मान्यता थिए- एक, विधि र कमिटीगत प्रणालीका आधारमा पार्टी सञ्चालन हुनुपर्छ। दुई, नेता/कार्यकर्तालाई वरिष्ठता, योग्यता, क्षमताका आधारमा जिम्मेवारी दिनुपर्छ न कि आफूखुसी। तीन, पार्टी र सरकार शीर्ष नेतृत्वको 'कोर' टिमले सञ्चालन गर्नुपर्छ। चार, शीर्ष नेताहरूबीच उच्च तहको समझदारी हुनुपर्छ।

प्रदेश कमिटीका इन्चार्ज, सह-इन्चार्ज, अध्यक्ष, सचिव छनोट गरून्जेल ओली/प्रचण्डले नेपालको यो अडानलाई खासै प्राथमिकता दिएनन्। यसपछि उनले महासचिव विष्णु पौडेलमार्फत असहमतिपत्र नै दर्ज गरे। कालान्तरमा नेपालको यो अडानले ठूलै अस्त्रको काम गर्‍यो। जिल्ला अध्यक्ष, सचिवहरूको छनोटसम्म आइपुग्दा नेपालले अघि सारेको मापदण्ड नै निर्णायक बन्न पुग्यो।

"मैले न्यायपूर्ण निर्णय हुनुपर्छ भनेर अडान राखेको हुँ। त्यो निर्णय के भने जसरी हामीले एकतापछि महाधिवेशनबाट चुनिएर आएकालाई नै केन्द्रमा अध्यक्ष चुन्यौं, तल जिल्लासम्म पनि अधिवेशनबाट चुनिएर आएकालाई नै रोजौं भनेको हो," नेपाल भन्छन्, "जिल्ला कमिटी सदस्यमा पनि अधिवेशनबाट चुनिएर आएकालाई नै महत्त्व दिनुपर्छ भनेको हुँ। चुनिएर आएको छैन। हारेको छ अनि उसलाई टिपेर ल्याएर दिन पाइन्छ? मापदण्ड बनाएपछि जो आउँछ, आओस् न।" *(हेर्नुस्, अन्तर्वार्ता)*

संस्थापनविरुद्ध उभिएर गुट चलाइरहँदा विगतमा जसले आफूलाई बलियो धाप दिएका थिए, सरकारको नेतृत्व गरिरहँदा पनि अध्यक्ष ओलीले उनीहरूलाई नै टिपेर जिम्मेवारी दिए। ओलीको यो शैलीले वरिष्ठता क्रममा रहेको, पार्टी विधि, प्रणालीमा चल्नुपर्छ भन्ने विश्वास गर्ने ठूलो पंक्ति निराश बन्यो। र, यो पंक्ति नेपालले उठाएको अडानमा सहमत हुन आइपुग्यो। जस्तो, वामदेव गौतम, मुकुन्द न्यौपानेलगायतले सहयोग गरेकै कारण ओली तत्कालीन एमालेको नवौं महाधिवेशनबाट अध्यक्ष बन्न सकेका थिए।

कतिसम्म भने आफ्नो समूहका सबैजसो नेताहरू नेपालको पक्षमा लाग्दै गर्दा तत्कालीन अध्यक्ष झलनाथ खनाल खुलेनन्, जसको लाभ ओलीलाई हुन गयो। बरु खनालले आफू निकट २६ नेतालाई बोलाएर ओलीलाई सहयोग गर्न इशारा गरेका थिए। यसबापत उनलाई ओलीले राष्ट्रपतिको प्रलोभन देखाएको जानकार बताउँछन्। पछि खनालले राष्ट्रपति पाएनन् नै, ओलीले सरकार सञ्चालनका विषयमा समेत खनालसँग एक दिन पनि परामर्श गर्न उपयुक्त ठानेनन्।

गौतम र न्यौपानेका हकमा पनि यही अवस्था लागू भयो। सँगै गौतम, न्यौपाने, खनाललगायत ओलीसँग मोहभंग गर्दै नेपालले उठाएका अडानमा साथ दिन आइपुगे। नेपाल निर्णायक बन्न उनीहरूको यो साथले निकै काम गर्‍यो। गौतमसँगै केशवलाल श्रेष्ठ, बलराम बाँस्कोटालगायत पनि नेपालको कित्तामा आए। यसले संख्यात्मक रूपमा नेपाललाई ओली बराबर बनायो।

सरकार सञ्चालनमा आफूखुसी काम गर्ने शैली, जुन निर्णयमा अडिग रहनुपर्ने हो, त्यसमा पछि हट्ने, जुन विषयमा लचक हुनुपर्ने हो, त्यसमा भने अडान लिने ओली कार्यशैलीले सरकारको लोकप्रियताको 'ग्राफ' ह्वात्तै घटायो। यसको फाइदा पनि उनै नेपालले पाए।

यसरी निर्णायक

नेपालका कतिपय अडान कस्ता रहे भने नेकपाभित्र ओली र प्रचण्डबीच उत्पन्न संकट मोचनका लागि उनी 'रसायन' बने। ओली र प्रचण्डबीच

नेकपाभित्र माधव नेपालको अवस्था

९ सचिवालय

ओली ३	नेपाल ३	प्रचण्ड ३
आफूसहित ईश्वर पोखरेल, विष्णु पौडेल	आफूसहित नारायणकाजी श्रेष्ठ, रामबहादुर थापा	आफूसहित झलनाथ खनाल, वामदेव गौतम

तर प्रचण्डले जिल्ला अध्यक्ष, सचिवको छनोटमा नेपालकै अडानलाई साथ दिए।

स्थायी समिति पूर्वएमालेबाट २५ — ओली १२, नेपाल १३

पूर्वमाओवादीबाट प्रचण्डसहित वर्षमान पुन, लेखराज भट्टलगायत ठूलो समूहको साथ। जिल्ला अध्यक्ष, सचिव, इन्चार्ज, सह-इन्चार्ज, पोलिटब्युरो सदस्यको मापदण्ड निर्धारण गर्न रामबहादुर थापाको नेतृत्वमा ९ सदस्यीय कार्यदल बनाइएको थियो। तीमध्ये वर्षमान पुन, सुरेन्द्र पाण्डे, वेदुराम भुसाल, योगेश भट्टराई, लेखराज भट्टले नेपालले अघि सारेको मापदण्डका पक्षमा प्रतिवेदन बुझाएका थिए भने थापा, ईश्वर पोखरेल, शंकर पोखरेल, रघुवीर महासेठ ओली पक्षमा उभिएका थिए।

केन्द्रीय समिति पूर्वएमालेबाट २३९ — ओली १०८, नेपाल १०६, तटस्थ २५

संघीय सांसद पूर्वएमालेबाट १२० — ओली ५९, नेपाल ४०, तटस्थ २१

जिल्ला अध्यक्ष — नेपाल १६, सचिव २२

प्रकट रूपमै होस् वा सुषुप्त-रडाको मच्चिएपछि दुवैले निकासका निम्ति नेपाललाई मध्यस्थकर्ता बनाइरहेका छन्। ३ जेठ ०७५ मा पार्टी एकताको औपचारिक घोषणा गर्नुअघि ओली-प्रचण्डबीच राजनीतिक प्रतिवेदनको विषयलाई लिएर रस्साकसी परेको थियो। यही मेसोमा नेपाललाई दस्तावेज लेखन समिति संयोजक बनाइयो।

"दस्तावेजमा कुरा मिलाउन नसकेपछि

'जसले विशेष कुर्सी मुर्दावाद भन्छ, मेरो शैली त्यसैसँग मिल्छ'

नेकपाभित्र संस्थागत निर्णयको सट्टा किन व्यक्ति हाबी ?

संस्थागत ढंगले काम गर्ने, योग्यता-क्षमता हेरेर नेता/कार्यकर्ता परिचालन गर्ने, विगतका अनुभवको राम्रो अन्तर्क्रिया गर्ने हो भने हामी राम्रो ढंगले अघि बढ्न सक्छौँ । जनताले ठूलो आशा/अपेक्षा गरेर नेकपालाई झन्डै दुई तिहाइ मत दिएका छन् । यस्तो अवस्थामा तत्काल लोकप्रिय कदम पनि चाल्नुपर्छ । संस्थागत निर्णयको कमी हुँदा सरकार यहीँ चुकेको देखिन्छ ।

पछिल्ला दिनमा पार्टीभित्र निर्णायक हुँदै जानुभएको हो ?

मेरो पछि लागेका नेता/कार्यकर्ताको संख्या बढ्नुपर्ने, केपी कमरेडका पछि लागेकाको संख्या घट्नुपर्ने, म निर्णायक हुनुपर्ने, केपी कमरेडको घट्नुपर्ने कारण छैन । मेरो प्रतिष्ठा जति बढ्छ, त्यसले पार्टीकै प्रतिष्ठा बढ्छ । केपी कमरेडको प्रतिष्ठा जति बढ्छ, त्यसले पनि पार्टीकै प्रतिष्ठा बढ्छ । त्यसैले मेरो प्रतिष्ठा बढ्यो भनेर इर्ष्या गर्नुपर्ने छैन । केपी कमरेडको बढ्यो भनेर मैले इर्ष्या गर्नुपर्ने हुँदैन । प्रचण्डजीको प्रतिष्ठा बढ्यो भनेर मैले इर्ष्या गर्नुहुँदैन । जति धेरै नेता हुन्छन्, त्यति नै पार्टी बलियो हुन्छ । नेताको अभाव हुँदा पार्टीले चुनौती सामना गर्न सक्दैन ।

तपाई आफैँले पनि पछिल्लो समय सिंगो नेकपा भएर हेर्नुभएन भन्ने आरोप छ नि ?

मैले आफ्नो संख्या कम/बढी खोजेको होइन । मैले न्यायपूर्ण निर्णय हुनुपर्छ भनेर अडान राखेको हुँ । जसरी हामीले एकतापछि महाधिवेशनबाट चुनिएर आएकालाई नै केन्द्रमा अध्यक्ष चुन्यौँ, जिल्लासम्म पनि अधिवेशनबाट चुनिएर आएकालाई नै रोजौँ भनेको हुँ । केन्द्रमा महाधिवेशनबाट चुनिएर आएका केन्द्रीय सदस्यलाई नै पहिलो प्राथमिकता दिइएको छ । जिल्ला कमिटी सदस्यमा पनि अधिवेशनबाट चुनिएर आएकालाई नै महत्त्व दिनुपर्छ भनेको हुँ । मैले मापदण्डको कुरा उठाउँदा कसैको टाउको किन दुख्ने ? माधव नेपाललाई मन पराउनेको संख्या ३९ भएछ । केपीलाई मन पराउनेको संख्या ३८ मात्र भएछ । यो तरिका ठीक होइन । ७७ जिल्लाकै अध्यक्षले केपी ओलीलाई पार्टी अध्यक्ष मानेका छन् । माधव नेपाललाई पनि मानेकै छन् । साझा कार्यकर्तालाई पनि बाँडफाँट गर्ने ? महाधिवेशनका बेला आफ्नो इच्छाअनुसार मत दिएका होलान् । महाधिवेशनपछि कार्यकर्ताप्रति सबैले समभाव राख्नुपर्‍यो । कसैलाई पूर्वाग्रह राख्न भएन ।

मैले योग्यलाई बिनाकारण हटाउन हुँदैन भनेको हुँ । एउटै गल्ती गर्दा एउटालाई पुरस्कृत गर्ने, अर्कोलाई दण्डित गर्ने ? अर्कोलाई बेवास्ता गर्ने ? यस्तो गर्दा अन्याय हुन्छ । सजाय, मूल्यांकन कामका आधारमा समान र वैज्ञानिक हुनुपर्‍यो । मेरो जोड पार्टी विधिमा चल्नुपर्छ भन्ने हो । इमानदार, योग्य, स्वच्छ छविका मान्छेलाई कामका आधारमा पुरस्कृत गरिनुपर्छ । यस्तो विधि अपनाए पार्टी राम्रो ढंगले चल्छ । मन्त्रीहरू र कार्यकारी पदलाई दोहोरो जिम्मेवारी नदिऔँ । वरिष्ठ जो छ, उसलाई मौका दिऔँ । मैले भनेको यही त हो । विधि, मापदण्डमा मेरो जोड हो । कसको मान्छे हो भन्नेमा मेरो जोड होइन ।

पार्टीमा दुई अध्यक्ष थिए नै, पछिल्लो दिनमा तपाई पनि अध्यक्षकै बराबर शक्ति अभ्यासमा रहेको भन्ने चर्चा छ नि ?

नेता जति धेरै हुन्छन्, उनीहरूको भूमिका त्यति भइहाल्छ नि । नेता घटाउन सकिन्छ ? कम्युनिस्ट पार्टी निर्माण गरेर आएको त्यत्रो इतिहासलाई घटाउन सकिन्छ ? ऊ त पार्टी हाँकेर आएको नेता हो । उसले अनेक कार्यकर्ता जन्माएको छ । प्यार गरेको छ । छोरा पुस्ता, नाति पुस्ता होला । त्यसको मूल्यांकन हुँदैन ? योग्यता, क्षमताका आधारमा आएका न होलान् । कसैलाई क्रेनले तानेर ल्याएको छैन होला । योग्यता, क्षमता, खुबी, गतिशीलता, निष्ठा, इमानदारी, स्वच्छता, विश्वसनीयता यिनैले न काम गरेको हुनुपर्छ । यी भनेका पार्टीका पुँजी हुन् । सबैमा सबै गुण हुँदैन । कसैमा एक खालको खुबी हुन्छ, कसैमा अर्को खालको खुबी हुन्छ । यही खुबी र विशेषता भएको संगमस्थल हो, अहिलेको नेकपा । त्यसैले नेकपामा हामी सबैको उत्तिकै हक छ ।

पार्टीभित्र तपाईंको अडानको सुनुवाइ निरन्तर बढ्नुको कारण के हो ?

आफ्नाबारे आफैँले गीत गाउनु उपयुक्त हुँदैन । पार्टीको सबैभन्दा बढी भलो हुने काममा मेरो पूर्ण साथ रहन्छ । मसँग कोही डराउनु पनि पर्दैन किनभने म षडयन्त्र गर्न जान्दिनँ । स्टेट फरवार्ड मान्छे हुँ । इमानदारी, निष्ठा, गतिशीलता, काम र जिम्मेवारी पालनामा प्रतिबद्ध छु । मलाई विश्वास गर्नुको कारण यही हो ।

तर, तपाईं अडान लिनुहुन्न ?

मैले अडान लिन्नँ भन्ने आक्षेप छ भने राजा ज्ञानेन्द्रको शासनलाई उल्ट्याउन, माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन, माओवादी सेनालाई पूरै नेपाली सेनाको मातहतमा ल्याउन, अनमिन र युएनएचसीएचआरलाई बिदाइ गर्न कसले अडान लिएको ? माओवादीसँग चुनौतीको सामना पनि गर्ने, मिलाएर, फकाएर ल्याउने काम पनि कसले गरेको ? ज्ञानेन्द्रभन्दा पहिले वीरेन्द्रसँग सहकार्य पनि गर्ने र अनुचित कार्य हुनेबित्तिकै मतभिन्नता राख्ने काम कसले गरेको ? कांग्रेससँग जुध्नका लागि पनि अघि बढ्ने र आवश्यकता पर्दा हात मिलाएर अघि बढ्ने काम कसले गरेको ? ०५१ मा पार्टीलाई सबैभन्दा ठूलो दलका रूपमा पुऱ्याउन, पार्टी विभाजनको संकटपछि फेरि पार्टी मिलाउन कसले भूमिका खेलेको ? माधव नेपालले कुनै भूमिका खेलेन ? केमा अडान लिएन ? बताइदिए हुन्छ ।

जहाँसम्म कार्यकर्ता सुरक्षाको कुरा छ, मैले कुन कार्यकर्ताको कहाँ र कहिले सुरक्षा गरेको छैन ? कतिपय अवस्थामा भने मैले खेलको नियम पालना गर्नुपर्छ भन्ने गरेको छु । त्यस्तो अवस्थामा मैले सधैं पूर्वाग्रह राख्ने गरेको छैन । पार्टीलाई सधैं मनमुटावमा राख्नुहुन्न । बदलाको भावना र पूर्वाग्रह राखिराख्ने नेता हुन सक्दैन । म सानो चित्त राख्ने नेता होइन । समग्र पार्टीको हित हेर्छु । एकताको सन्देश दिन चाहन्छु । ०३२ को कोअर्डिनेसन केन्द्रको स्थापनाअघिदेखि नै मेरो स्वभाव यही हो । म नेकपाभित्र सबैभन्दा बढी नेता/कार्यकर्ताको सुरक्षा दिने नेता हुँ ।

प्रचण्डले तपाईंलाई पार्टी अध्यक्ष वा प्रधानमन्त्रीका लागि तयार हुनुस् भनेर प्रस्ताव राख्नुभएको हो ?

अरू के-के सुनिएको छ ? प्रचण्डले के भन्नुभएको छ । केपी ओलीले के भन्नुभएको छ । अरू नेताले के भन्नुभएको छ, सुनौं न त । यस्ता कुराबाट प्रभावित भएर पदका निम्ति आशक्त भएर चल्नुहुँदैन । पार्टी विधिका आधारमा चल्ने हो । एउटालाई कामको चापैचाप, अरू बेरोजगार भएर चल्ने पद्धति अन्त्य गरिदिने हो । र, एक व्यक्ति एक पदको सिद्धान्तलाई लिएर अघि बढ्ने हो ।

तपाईंको कार्यशैली केपी ओली र प्रचण्डमध्ये कोसँग बढी मिल्छ ?

जसले विधिको पालना गर्नमा साथ दिनुहुन्छ, उहाँसँग मिल्छ । जसले स्वच्छ राजनीतिको पक्षपोषण गर्नुहुन्छ, उहाँसँग मिल्छ । जसले पारदर्शिता अपनाउनुपर्छ भन्नुहुन्छ, जो पारदर्शी हुनुहुन्छ, उहाँसँगै मिल्छ । जसले कमिटी प्रणालीलाई दह्रो गरी समात्नुपर्छ, व्यक्तिवादलाई अन्त्य गर्नुपर्छ भन्नुहुन्छ, उहाँसँगै मिल्छ । जसले व्यक्तिपुजा, फोटोपूजा मुर्दावाद भन्नुहुन्छ, उसैसँग मिल्छ । जसले विशेष कुर्सी मुर्दावाद भन्नुहुन्छ, मेरो शैली त्यसैसँग मिल्छ ।

मैले भन्ने गरेको छु, सी चिन फिङजस्तो संसारको शक्तिशाली नेता स्थायी समितिका सदस्यसँग बस्दा एउटै लेबलको कुर्सी हुन्छ । उनको कुर्सी अग्लो, विशिष्ट खाले हुँदैन । त्यही अपनाऔं भनेर बारम्बार बोलिरहेको छु । म यस्ता कुरामा सम्झौता गर्दिनँ ।


रवि मानन्धर

दुवै नेताले नेपालको साथ लिएका थिए । ओली र प्रचण्डको कुरा मिलाउन दस्तावेज लेखन समितिको संयोजक बनेर नेपाल दुवै नेताभित्र छिरे," उनी निकट स्थायी समिति सदस्य वेदुराम भुसाल भन्छन्, "यही बिन्दुबाट नेकपाभित्र नेपाल निर्णायक देखिए ।" कतिसम्म भने राष्ट्रिय सभागृहमा औपचारिक रूपमा पार्टी एकताको घोषणा नै नेपालले गरे ।

अध्यक्ष तथा प्रधानमन्त्री ओली एकतासँगै गठन गर्ने केन्द्रीय कमिटी सानो बनाउने सोचमा थिए । नेपालले महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यलाई हटाउन नहुने सुझाव दिए । ओलीले पनि यो सुझावलाई उचित सम्झिए । माओवादी केन्द्रले पनि २ सय जनाको कोटा माग्यो । यससँगै ४ सय ४१ सदस्यीय केन्द्रीय समिति बन्यो । त्यो समितिमा ओलीले त आफ्ना मान्छे छिराए नै, नेपालले पनि नीरज आचार्य, विष्णु रिजाल, चन्द्रबहादुर शाही, दिलु पन्तजस्ता थुप्रै 'कोर' सदस्य भित्र्याए । नेपालका लागि आफ्नो शक्ति आर्जनको अर्को खुड्किलो बन्यो, यो मौका ।

स्थायी समितिमा नेपाललाई साथ दिइरहेका भीमबहादुर रावल, सुरेन्द्र पाण्डे, घनश्याम भुसाल, योगेश भट्टराईहरू त थिए नै, छैटौं/सातौं महाधिवेशनदेखिका वेदुराम भुसाल, रघु पन्तसमेत स्थायी समितिमा थपिए । भलै, आठौं महाधिवेशनमा वेदुराम ओली खेमाबाट केन्द्रीय सदस्य निर्वाचित भएका थिए ।

जानकारका अनुसार पहिलो चरणमा जिल्ला अध्यक्ष छनोट गर्दा ७७ जिल्लामध्ये सिन्धुपाल्चोक र दोलखामा गरी दुई जना मात्र नेपाल खेमाका थिए । तर नेपालले त्यो स्वीकार्य नहुने अड्डी लिए र अध्यक्षहरू मापदण्डअनुसार चुन्न बाध्य भए । स्रोतको भनाइमा नेपालको यो अडानमा अर्का अध्यक्ष प्रचण्डले समेत बलियो साथ दिएका थिए । यसपछि नेपाल पक्षबाट १६ जिल्ला अध्यक्ष र २२ सचिव गरी ३८ जना जिल्ला नेतृत्वमा आएका छन्, जसलाई यो पक्षले ठूलै उपलब्धि मानेको छ ।

प्रचण्ड निकट स्थायी समिति सदस्य अग्निप्रसाद सापकोटाका भनाइमा राजनीतिक दस्तावेजमा जनताको जनवाद राख्दा नेकपाभित्रको मूल समस्या हल भएको छ ।

मार्गचित्र- पार्टी अध्यक्ष

ओली/प्रचण्ड विधि र कमिटी प्रणालीमा चले आफूले बिनासर्त सघाउने बताउँछन्, नेता नेपाल। तर यो उनको रणनीतिक भाषा हो भनेर सजिलै लख काट्न सकिन्छ।

निकटस्थका अनुसार नेपाल एक पटक पार्टी अध्यक्ष हुन चाहन्छन्। यसअघि महासचिवीय प्रणालीका कार्यकारी भएकाले अब बदलिँदो संरचनाअनुसार एक पटक कार्यकारी अध्यक्ष हुने उनको रहर छ। त्यसका लागि उनी एकताको दसौँ महाधिवेशनमा प्रत्यासीको तयारीमा छन्। यसर्थ केपी ओलीले आउँदो महाधिवेशनमा नेपाललाई सहयोग गर्ने वचन दिए ओलीलाई पूरै कार्यकाल प्रधानमन्त्रीको कुर्सीमा रहिरहन सहयोग गर्न सक्छन्। तर ओलीसामु नेपाललाई सहयोगको वचन दिइहाल्ने अवस्था छैन।

ओलीले प्रचण्डदेखि ईश्वर पोखरेलसम्मलाई यो आश्वासन बाँडिसकेको एक स्थायी समिति सदस्य बताउँछन्। त्यसैले उनीहरू दुई किनारामै रहिरहने सम्भावना पनि उत्तिकै छ। झापा विद्रोहदेखि कोअर्डिनेसन केन्द्र हुँदै मालेको विरासत सहजै माओवादीलाई सुम्पन नहुने सहमति भएचाहिँ ओली/नेपाल सहकार्य हुन सक्छ।

प्रचण्ड पनि खासमा अध्यक्षकै आकांक्षी हुन्। त्यसैले उनले नेपाललाई मुख्यतः प्रधानमन्त्रीका लागि तयार हुन भनेको जानकार बताउँछन्। तर नेपालमा प्रधानमन्त्रीभन्दा अध्यक्षकै चाह बढी छ। त्यस कारण आउँदो महाधिवेशनमा अध्यक्षमा प्रचण्ड र नेपालबीच नै भिडन्त हुन सक्छ। यस्तो अवस्थामा पूर्वएमालेहरू एकगठ हुने र आफूले सजिलै जित्न सकिने आकलनमा छन्, नेपाल।

यता प्रचण्डले चाहिँ नेपाललाई नै अवरोध देखिसकेका छन्। नेपाललाई प्रधानमन्त्रीमा चित्त बुझाउन सके पूर्वएमालेभित्रको एउटा पंक्तिको साथ लिएर अध्यक्ष सहजै जित्न सकिने प्रचण्ड योजना छ। यस्तो अवस्थामा ओली पक्षबाट उनी स्वयं वा ईश्वर पोखरेललगायत जोसुकै प्रत्यासी भए पनि आफ्नो पक्षमा पल्ला भारी हुने निष्कर्षमा प्रचण्ड रहेको उनी निकट एक स्थायी समिति सदस्य बताउँछन्। यसबेला कतिपय एजेन्डामा प्रचण्ड र नेपाल एक ठाउँ उभिँदै गरेको देखिए पनि महाधिवेशनको गणितीय मूल्यांकनमा भने उनीहरू निकै टाढा पुग्न सक्छन्।

गतिशील, तर हल्का

माधवकुमार नेपालको सबैभन्दा सबल पक्ष भनेको सहमति गरिसकेपछि कार्यान्वयन गर्नुपर्छ भन्ने मान्यतामा अटल रहन्छन्। उनको आर्थिक र नैतिक चरित्र बेदाग छ। जीवनशैली साधारण र सरल छ। नेकपाभित्रका सबैभन्दा गतिशील नेता हुन्, नेपाल। नेता/कार्यकर्ता/जनता जो कसैले होस्, नेपाललाई भेट्न अरू नेतालाई जस्तो सकस मोल्नु पर्दैन। जनतासँगको सम्बन्ध सुमधुर बनाउनुपर्छ भन्ने मान्यताले नै हुन सक्छ, टोलटोलका कार्यक्रममा समेत सहभागी हुन्छन्। तर उनको यो स्वभावलाई कतिपयले 'हल्का' भनेर पनि उडाउने गरेका छन्। "माधव नेपाल गतिशील नेता हो। यसमा त शंकै छैन," थापा भन्छन्।

नेपालका कमजोरी के भने उनी सजिलै र छिट्टै विश्वासमा पर्छन्। यसले उनलाई अवसरवादीले समेत प्रयोग गर्न सक्छन्। सानै कुरामा पनि नेपाल चित्त दुखाउँछन्। विदेश भ्रमणमा उनको रुचि धेरै देखिन्छ। कतिपय अवस्थामा त स्तर मापनसमेत नगरी उनी विदेश भ्रमणमा जाने गरेको निकटकै गुनासो हुने गर्छ।

र, यो शब्दमा राख्न दस्तावेज लेखन समिति संयोजकका नाताले नेपालको ठूलो भूमिका छ। "दस्तावेजमा जनताको जनवाद राख्दा पूर्वएमाले र पूर्वमाओवादी केन्द्र कसैलाई पनि कमजोर बनाएको छैन। विगतमा आ-आफ्नो विरासतबाट आएका दुवै पार्टी विन-विन पोजिसनमा छन्," सापकोटाको भनाइ छ, "दस्तावेजमा सहमति जुटाउने खुबीले नेकपाभित्र माधव नेपाल निर्णायक भूमिकामा हुनुहुन्छ भन्ने देखाउँछ।"

लामो समय नेपालका साथमा रहेका केन्द्रीय सदस्य सूर्य थापाको भनाइमा नेकपामा समूहगत भागबन्डाभित्रको 'कम्प्रोमाइज' भइरहेको छ, यसबेला। कम्प्रोमाइजका क्रममा नेपाल निर्णायकजस्ता देखिएका मात्र हुन्। नेकपा एउटा, दुइटा, तीन वटा समूहको नभएर कम्तीमा ९ वटा समूहको महासंघ रहेको थापाको बुझाइ छ। उनको दाबीअनुसार सचिवालयका ९ जना नेताकै आ-आफ्नो समूह रहेको बुझ्नुपर्ने हुन्छ। यसबाहेक बाहिर पनि मदन भण्डारी फाउन्डेसन, घनश्याम भुसाललगायतका एक/दुइटा समूह बन्ने कोसिसमा रहेको थापा बताउँछन्।

"कोअर्डिनेसन केन्द्रको संस्थापक, १६ वर्ष पार्टी महासचिव, पूर्वप्रधानमन्त्री, नवौं महाधिवेशनमा थोरै मतले पराजित अध्यक्षका प्रत्यासी हुनुको नाताले माधव नेपाल केही होइन भनेर कसैले भन्छ भने त्यो पूर्वाग्रह हो," थापाको कथन छ, "तर नेपाल कुनै गुट बनाएर चलाउन सक्ने ल्याकतका नेता होइनन्। आम रूपमा अलि संस्थागत, पद्धतिसंगत निर्णय र कुरा गर्न रुचाउने नेता हो। अहिले मूल नेतृत्वबाट बाहिरिएपछि फेरि त्यहाँ पुग्न गुट चाहिने रहेछ भन्ने लागेको होला। तर नेकपाभित्र नेपाल निर्णायक नै भने होइनन्।"

जेहोस्, नेकपाभित्र यसबेला मूल रूपमा ओली, प्रचण्ड र नेपालका गरी तीन समूह देखापरेका छन्। तीमध्ये निर्णायक घडीमा दुई समूह जहाँ उभिन्छन्, उनीहरूकै पल्ला भारी हुनेछ। प्रधानमन्त्रीले एकलौटी कार्यशैली सच्याएनन् वा उनी पछि फर्केनन् भने ओलीलाई गलाउन प्रचण्ड र नेपाल एक ठाम उभिने सम्भावना बढ्दो छ। यसो भए सचिवालयदेखि स्थायी समिति हुँदै संसदीय दलसम्म ओली अल्पमतमा पर्ने निश्चित देखिन्छ।

प्रचण्डले बानेश्वरस्थित अर्याल होटलमा भेटेर होस् वा निवासमै, नेपाललाई पार्टी अध्यक्ष तथा प्रधानमन्त्रीमध्ये एक रोज्न सुझाएका छन्। यसमा नेपाल भने खुल्न चाहेनन्। प्रधानमन्त्री ओली र उपप्रधानमन्त्री ईश्वर पोखरेल निकट रहेका केन्द्रीय सदस्य थापा आफूले पनि त्यस्तो छनक पाएको सुनाउँछन्। थप्छन्, "जेठदेखि नै यस्तो प्रयास भइरहेको छ भनेर मैले पनि सुइँको पाएको थिएँ।" नेकपामा अब छिट्टै निर्णायक ध्रुवीकरण देखिने र त्यसबेला नेपालको जाँच हुने थापाको ठम्याइ छ।

आफू सुरक्षित भइरहन ओलीले प्रचण्ड वा नेपालमध्ये एउटाको मजबुत साथ लिइरहनुपर्नेछ। स्थायी समिति सदस्य वेदुरामका शब्दमा नेकपालाई त्रिकोणात्मक ढंगले हेर्दा दुई समूह जता उभिन्छ, उही बलियो हुन्छ। ओलीले कुन प्रभावमा पारेर प्रचण्ड वा नेपाल कसलाई रोज्छन्, त्यो भने छिट्टै देखिनेछ। यस अर्थमा कसैले स्वीकारून् वा नस्वीकारून्- नेपाल नेकपाभित्रका निर्णायक शक्ति बनिरहेछन्। ने

धर्म निरपेक्षताको गाँठी कुरो

[टिप्पणी]

सञ्जय अधिकारी

दोस्रो जनआन्दोलनपछि नेपाल संघीय र धर्मनिरपेक्ष बन्यो । यी दुवै प्रयोग नेपालका लागि नौला भएकाले पक्ष-विपक्षमा बहस भए । संघीयताबारे सैद्धान्तिक परिचर्चा हुँदै गर्दा धर्म निरपेक्षताले भने आलोचनात्मक टिप्पणी मात्र पायो । धर्म निरपेक्षताविरोधीले यसलाई हिन्दु धर्मविरुद्धको षडयन्त्र ठाने । धर्म परिवर्तन र इसाईकरणको कानुनी अनुमतिपत्रका रूपमा यसको प्रचार भयो । स्थिति कतिसम्म बिग्रँदै गयो भने धर्म निरपेक्षता पक्षधरले यसको बचाउसमेत गर्न कठिन भयो ।

प्रेसमा पनि धर्म निरपेक्षताको महत्त्वभन्दा कटाक्ष नै बढी सुनियो । यसैबीच नयाँ संविधानमा पनि अन्तरिम संविधानमा झैं धर्म निरपेक्षता शब्दले प्रवेश पाएरै छाड्यो । त्यसबेला माओवादी धर्म निरपेक्षता पक्षधर र एमाले मौन रहे । कांग्रेसचाहिँ करकापमा परेको देखियो ।

धर्म निरपेक्षता युरोपेली देशबाट जन्मेको देखिन्छ । राजनीति र राज्यशक्तिलाई गिर्जाघरको प्रभुत्वबाट उम्काउन खोज्ने क्रममा धर्म निरपेक्ष राज्यको जन्म भयो । राज्य व्यवस्था र धर्मको नाता तोडियो । धर्म निरपेक्ष राज्य एक धर्मसँग टाढा र अर्कोसँग नजिक हुन सक्दैन, पाउँदैन ।

नेपालमा धर्मले राजनीतिलाई वा राजनीतिले धर्म व्यवस्थालाई प्रभाव पारेकै प्रतीत हुन्छ । पृथ्वीनारायण शाहले उपत्यका जितेपछि भक्तपुरमा रहेको गिर्जाघर बन्द गर्न लगाए । ६० भन्दा धेरै काठमाडौंबासीले इसाई धर्म अवलम्बन गरेका थिए । राजाले पादरी र इसाई धर्म मान्ने सबैलाई देशबाट निकालिदिए । त्यसपछिका दिनमा राजा स्वयं हिन्दु धर्मावलम्बी मात्र होइन, विष्णुको अवतारको रूपमा पुजिए । सेनाका सबै गण हिन्दु धर्मका देवीदेवताका नाममा राखिए । शिवरात्रिमा सैनिक दिवस मनाइयो र मनाइन्छ । आज राज्य धर्म निरपेक्ष भयो भनेर संविधानमा लेखिए पनि नेपालको राष्ट्रिय सेना धर्मनिरपेक्ष बन्न सकेको देखिँदैन । कैयौं तथ्यका आधारमा नेपाल व्यावहारिक रूपमा धर्म निरपेक्ष होइन भन्न सकिन्छ ।

राजतन्त्रमा आफ्नो संस्थाको धर्म र सिद्धान्तअनुरूप राज्यकोष प्रयोग गरेर धार्मिक कार्य गर्न, मठमन्दिर घुम्ने, पूजाआराधना गर्ने, धार्मिक संस्कृतिलाई संरक्षण दिन्थे । ती आफ्ना पुर्खाले गरेको कार्यलाई निरन्तरता दिन्थे । गणतन्त्रपछि राजाको ठाउँमा राष्ट्रपति आए । तर तिनले हिन्दु धर्मसँग कायम राखेको सम्बन्धलाई केलाएर हेर्दा राष्ट्रपति र प्रधानमन्त्री त राजाकै ठूला-साना स्वरूपको रूपमा अवतरित भए । विष्णुको अवतार राजा मानिएजस्तै राजाको अवतार राष्ट्रपति अनि प्रधानमन्त्री भए । शीतलनिवासमा तामझामसहित सरकारी खर्चमा दसैं-टीका लगाइदिएपछि राज्य धर्म निरपेक्ष कसरी भयो ? राजाले प्रधानमन्त्रीलाई लगाइदिने शाही टीकाभन्दा रत्ति कम थिएन, राष्ट्रपति दसैं-टीका ।

राज्य र राज्यका पद धर्म निरपेक्ष भए पनि व्यक्तिले आफ्ना धर्म र संस्कृति सधैं पालन गरिरहन पाउँछन् । तर धर्म निरपेक्ष राज्यमा कुनै सरकारी पदीय दायित्वमा रहेर धार्मिक क्रियाकलाप गर्न मिल्दैन । सद्भावको नाममा अनेक धार्मिक चाडपर्वमा प्रधानमन्त्री भाषण गर्छन् । धर्म निरपेक्ष राज्यका राष्ट्रपति र प्रधानमन्त्री तीजमा दर खान निम्तो साटासाट गर्छन् । धार्मिक सद्भाव र धार्मिक निरपेक्षता भन्नु अलग कुरा हुन् । यदि सद्भावको नाममा राज्य प्रमुख र कार्यकारी प्रमुखले धार्मिक पर्व मनाएका हुन् भने देशमा मानिने सबै धर्मसम्बन्धी चाडपर्व शीतलनिवास र बालुवाटारमा मनाइनुपर्‍यो ।

धर्म निरपेक्षता भनेको हिन्दु धर्मविरोधी व्यवस्था होइन, न त इसाई धर्मको पक्षधर नै हो । इसाई धर्मका पक्षधरले यसलाई आफ्नो अनुकूल व्यवस्थाको रूपमा हेर्नुमा राज्य पूर्ण रूपले धर्म निरपेक्ष रहन नसक्ने ढुलमुले प्रवृत्ति देखाउनु यसको कारण हुन सक्ला । नत्र इसाई र धर्म निरपेक्षताको सम्बन्ध त शत्रुताको सम्बन्ध हो । राज्यबाट इसाई चर्चको आधिपत्य हटाएर धर्म निरपेक्षताको जन्म भएको हो । नेपालको धर्म निरपेक्षताको संवैधानिक परिभाषा त झनै परम्परागत रीतिथितिको पक्षधर देखिन्छ, जुन आफैँमा अस्पस्ट र अल्मलिएको छ ।

हिन्दुत्वको वकालत गर्नेहरू एउटै मात्र ठूलो र स्पष्ट आवाजले नेपालमा इसाईको संख्या बढ्दो छ भन्छन् । किन धर्मान्तरण भइरहेको छ भन्नेमा अलगै बहस जरुरी छ । जातीय भेदभाव र छुवाछूतजस्ता हिन्दु धर्मको विकृत रूपविरुद्ध अभियान चलाउनु जरुरी छ । यदि कसैले कुनै धार्मिक समुदायभित्र आफूलाई अछूत, अपमानित र असुरक्षित पाउँछ भने उसले ढिलोचाँडो त्यो समुदाय त्याग गर्छ । काठमाडौंमा पहिलो पटक धर्म परिवर्तन गरेर इसाई बन्नेहरू नेवारी समुदायभित्रका कपाली थरका थिए, जसलाई कथित माथिल्लो जातकाले छुवाछूत गर्थे ।

रातो झन्डा देखाएर कम्युनिस्ट सिद्धान्तको नामसँग भोट साटेर सत्तामा पुगेको दलका प्रधानमन्त्री र राष्ट्रपतिले नै धर्म निरपेक्षताको मर्म समाउन सकेनन् । देश हिन्दु राज्य हुँदा बरु ती व्यक्ति धर्म निरपेक्ष थिए । तर तिनै व्यक्ति राज्यको बागडोर हातमा लिएपछि धर्मको नाममा विवादित हुँदै छन् । अप्राकृतिक रूपमा कुनै धर्म फैलाउन पाउने स्थिति सिर्जना हुनु भनेको सरकारको कमजोरी हो, धर्म निरपेक्षताको सिद्धान्तको कमजोरी होइन । धर्म निरपेक्षता यहाँ एक राजनीतिक भ्रमसिवाय केही होइन । ने

भद्रगोल

महत्त्वाकांक्षी लक्ष

भ्रमण वर्ष सचिवालय, पर्यटन बोर्ड र पर्यटन मन्त्रालयबीच समन्वय कमजोर

सरोज बैजु

कुमारी घर वसन्तपुरमा चिनियाँ पर्यटक

भ्रमण वर्ष

क्ष्य, तयारी सुस्त

योगेश ढकाल

क्यालेन्डर पछ्याउने हो भने अबको १ सय ६० दिनपछि नेपाल भ्रमण वर्ष-२०२० सुरु हुनेछ । पर्यटकको आतिथ्य र गन्तव्य पूर्वाधारको सुबिस्ताका लागि तयारीमा खर्चिने समय घर्किंदै छ । त्यसका लागि सरोकारवाला रातदिन खटिनुपर्ने हो । तर दृश्य ठीक उल्टा छन् ।

भ्रमण वर्ष सचिवालय, नेपाल पर्यटन बोर्ड र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको उदासीनता देख्दा भिजिट नेपाल-२०२० जस्तो महत्त्वाकांक्षी राष्ट्रिय परियोजना बिलखबन्दमा पर्ने निश्चित छ । यो भद्रगोल सुधार्न सरकारको तत्परता त के, पर्याप्त खोजखबरसमेत छैन ।

२९ साउन ०७४ मा पर्यटन मन्त्रालयले नेपाल भ्रमण वर्ष-२०२० घोषणासँगै २० लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्य लियो । यो लक्ष्य छुन पोहोरभन्दा दोब्बर पर्यटक नेपाल आउनुपर्ने हुन्छ । अर्थात्, त्यसका लागि दैनिक ५ हजार ४ सय ८० पर्यटक आउनुपर्ने हो ।

सन् २०१९ को पछिल्लो चार महिनामा ४ लाख ४५ हजार १ सय ९ अर्थात् दैनिक ३ हजार ७ सय ९ जना पर्यटक मात्र नेपाल आए । अहिलेको संख्या कायम रहे अर्को वर्ष कम्तीमा पनि दैनिक १ हजार ७ सय ७१ थपिने प्रक्षेपण छ । लक्ष्य चुम्ने त परै जाओस्, अरू बेलाको आगमन संख्या कायम गर्नसमेत हम्मे छ ।

प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन सम्मुखमै मन्त्रालयले नेपाल भ्रमण वर्ष-२०२० घोषणा गरे पनि त्यसको १६ महिनापछि १६ कात्तिक ०७५ मात्रै कार्यक्रम संयोजक नियुक्त गरियो, पर्यटन क्षेत्रबाहिरका व्यापारी सुरज वैद्यलाई । पर्यटन व्यवसायीको असन्तुष्टिकै कारण कार्यक्रम संयोजक वैद्यले सचिवालय पूर्ण बनाउन ठूलै सकस भोगे ।

त्यसको ८ महिनापछि २८ जेठमा बल्ल नेपाल भ्रमण वर्ष-२०२० प्रदेश पर्यटन प्रवर्द्धन समिति गठन भयो । त्यो समिति न विवादरहित बन्यो, न त काम गर्ने विधि र बजेट नै टुंगो लागेको छ । त्यसको कार्यालय तय भएको छैन र अहिलेसम्म बैठक पनि बसेको छैन ।

सरकारको लहडबाजीकै कुरा गर्ने हो भने आव ०७३/७४ को नीति तथा कार्यक्रममा संविधान बनेको खुसीयालीस्वरूप सन् २०१८ लाई नेपाल भ्रमण वर्ष मनाउने र १५ लाख पर्यटक भित्र्याउने लक्ष्य थियो । तयारी नपुग्ने भन्दै पर्यटन मन्त्रालय नै असहमत भएपछि सन् २०२० का लागि घोषणा भयो र

लक्ष्य पनि ५ लाख बढाइयो ।

यहीँनेर ८ वर्ष पहिलेको नेपाल पर्यटन वर्ष-२०११ लाई सम्झनु उपयुक्त हुन्छ । त्यतिबेला सशस्त्र द्वन्द्वबाट उम्केको सन्देश प्रवाहित गर्न नेपाल पर्यटन वर्ष-२०११ घोषणा गरियो । लक्ष्य राखियो- १० लाख पर्यटक भित्र्याउने । याद रहोस्, यस्तो लक्ष्य ७ वर्षपछि सन् २०१८ मा मात्रै पूरा भयो ।

सन् १९९८ को नेपाल भ्रमण वर्षको उद्देश्य पनि प्रस्ट थियो- नेपालविरुद्ध फैलिएका अफवाह चिर्ने । सन् ९० को दशकमा अन्तर्राष्ट्रिय सञ्चार माध्यममा 'बाईबाई सांग्रिला' भनेर रिपोर्टिङ भएको प्रसंग यहाँ सम्झनु उपयुक्त हुन्छ । दुवै अभियानमा संलग्न नेपाल पर्यटन बोर्डका पूर्वसीईओ प्रचण्डमान श्रेष्ठ भन्छन्, "पहिलाका दुई अभियानका निश्चित उद्देश्य र कारण थिए, अहिलेको भ्रमण वर्षको बजार केन्द्रित ठोस आधार नै भएन ।"

श्रेष्ठकै भनाइ मान्दा पनि नेपालको पर्यटन बजार कता हो भन्ने खुल्दैन । भारत र चीनबाट आउने पर्यटक संख्या निरन्तर बढ्दो छ । पर्यटन प्रवर्द्धनका लागि बजेट भने युरोपतिर केन्द्रित छ ।

नेपालले सन् १९९८ मा मेला/महोत्सवको अवधारणाबाट आन्तरिक पर्यटन प्रवर्द्धन सुरु गरेको थियो भने सन् २०११ मा घरबास (होमस्टे) को अवधारणा विकास गरियो । यी दुवै अवधारणाले आन्तरिक पर्यटनमा कायापलट नै ल्याइदिए ।

१२ वैशाख ०७२ को भुइँचालोपछि जीर्ण केशरमहलको सानो भाग मर्मत गरेर संयोजक वैद्यले नेपाल भ्रमण वर्ष-२०२० को सचिवालय सारे, तीन महिनापहिले । ६ महिनाभन्दा बढी पर्यटन बोर्डको एउटा कोठामा थन्कियो सचिवालय । सुरुका केही महिना वैद्यले आफ्नो निजी कार्यालयबाट सचिवालय चलाए । पछि आफ्नै खल्तीको रकम ४६ लाख खर्चेर वैद्यले केशरमहलमा सचिवालय बनाए ।

वैद्यले नियुक्तिको ८ महिनासम्म सरकारबाट बजेट पाएनन् । सरकारले सचिवालयले बजेट निकासा गरिदिएपछि भने लगानी भुक्तानीमा विवाद देखियो । वैद्यले आफूखुसी कम्पनीलाई काम दिएका कारण सरकारी प्रक्रिया पूरा हुनैपर्थ्यो, रकम भुक्तानी गर्न । कार्यविधि पूरा नगरी खर्चिएको रकम वैद्यलाई भुक्तानी गर्नुपर्ने भएपछि सचिवालयका लागि खटिएका उपसचिव दीपक थापा चेक काट्नुभन्दा मन्त्रालयमै फिर्ता भए ।

सदस्यसचिव नन्दिनी थापा आर्थिक कारोबारको विवादभन्दा पनि राज्यमन्त्रीले बोलाएर उपसचिव थापा फिर्ता भएको दाबी गर्छिन् । भन्छिन्, "संयोजक वैद्यले झन्डै आधा रकम पाउन बाँकी छ ।" उपसचिव थापा मन्त्रालय फिर्ता हुनुको अर्को कारण थियो, रोहिणी खनालको चलखेल । सदस्यसचिव नन्दिनीका विश्वासपात्र खनाल बोर्डबाट सचिवालयमा खटिएका कर्मचारी हुन् ।

भ्रमण वर्षका नाममा भएका सबै कार्यक्रम नेपाल पर्यटन बोर्डको नियमित तालिकामा भ्रमण वर्षको लोगो राखिएका मात्र हुन् । थापा भन्छिन्, "आर्थिक अभावकै कारण जेठसम्म सचिवालयको खर्चबाट प्रवर्द्धनका काम हुन सकेनन् ।"

भ्रमण वर्षमाथिको बेवास्ता त १२ जेठको पर्यटकको भिसा शुल्क बढाउने सरकारी निर्णय हेरे पुग्छ । सरकारले १ साउन ०७६ बाट कार्यान्वयनमा आउने गरी

केपी ओली, प्रधानमन्त्री

८ फागुन ०७५ मा पर्यटन क्षेत्रलाई चलायमान बनाएका सचिव कृष्णप्रसाद देवकोटालाई नै हटाइदिए । त्यसको एक सातापछि पर्यटनमन्त्री रवीन्द्र अधिकारीको निधन भयो । त्यसपछिका साढे ४ महिनासम्म विभागीय मन्त्री नियुक्त गर्न सकेनन् । भ्रमण वर्षलाई १ अर्ब बजेट माग्दा १० करोड रूपैयाँ मात्र दिए । फेक रेस्क्युमा संलग्नलाई कारबाहीबाट बचाए । सगरमाथा आरोहणमा हुने मृत्युलाई प्रोपागान्डा भनेर अन्तर्राष्ट्रिय बजार बिगारे । गौतम बुद्ध विमानस्थल समयमै निर्माण सम्पन्न गराउन सकेनन् ।

धनबहादुर बुढा, राज्यमन्त्री पर्यटन

राज्यमन्त्रीको हैसियतमा धनबहादुर बुढाको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा दिनहुँ आउजाउ हुन्छ । बुढाको जिम्मेवारी र भूमिका भ्रमण वर्ष-२०२० लाई गति दिन शून्य छ । कार्यकारी भूमिका प्रधानमन्त्रीसँगै भएकाले बुढा आफैँ पनि सक्रिय भएर काम गर्ने प्रवृत्ति र ल्याकतमा देखिँदैनन् ।

मोहनकृष्ण सापकोटा, सचिव, पर्यटन मन्त्रालय

सचिव देवकोटालाई विस्थापित गरेर आएका मोहनकृष्ण सापकोटाको भ्रमण वर्ष-२०२० सफल पार्ने भूमिका कमजोर छ । भ्रमण वर्षलाई पर्याप्त बजेट दिन लबिइङ गर्न सकेनन् । फेक रेस्क्युलाई कारबाही गर्ने फाइल अगाडि बढाउन सकेनन् । नेपाल वायुसेवा निगमको उडान नियमित बनाउन भूमिका खेलेनन् । भ्रमण वर्षको मुखैमा पर्यटक भिसा शुल्क बढ्दा पनि रोक्ने प्रयास गरेनन् ।

सुरज वैद्य, संयोजक, नेपाल भ्रमण वर्ष

पर्यटनसम्बन्धी अनुभव नभएका र प्रधानमन्त्री ओलीको निगाहबाट आएकाले विभागीय मन्त्रालयलाई समेत बाइपास गर्छन् । असन्तुष्ट पर्यटन व्यवसायीलाई साथ लिन सकेनन् । नियमित र तल्लो तहसम्मको पहुँचमा हुँदैनन् । जनशक्ति व्यवस्थापनमा काम गर्न सकेनन् । आईफा अवार्ड विवादलाई गतिलोसँग डिल गर्न सकेनन् ।

नन्दिनी थापा, सदस्यसचिव, नेपाल भ्रमण वर्ष-२०२०

विदेश भ्रमणमा बढ्ता रूचि राख्ने सदस्यसचिव नन्दिनी थापाको काम गर्ने शैली पनि सुस्त छ । मन्त्रालयका एक सहसचिवको भनाइमा सचिवालयबाट फोन गर्दा उनी पर्यटन बोर्डमा भएको र बोर्डबाट फोन गर्दा सचिवालय रहेको बताउँछिन्, खासमा दुवैतिर हुन्नन् ।

दीपकराज जोशी, सीईओ, नेपाल पर्यटन बोर्ड

संयोजक वैद्यझैँ जोशी पनि अधिकांश फोन रिसिभ गर्दैनन् । जोशीका लागि त्योभन्दा ठूलो दुर्भाग्य आफैँले 'एप्रोभ' गरेका फाइल महाशाखा प्रमुखले हराइदिन्छन् । स्वीकृत कार्यक्रम प्रक्रियामा लैजाँदैनन् भने कार्यान्वयनमा समन्वय गर्दैनन् । त्यसै विषयलाई लिएर जोशीले ४ जना निर्देशकलाई स्पष्टीकरण सोधे । तर थप कारबाही गर्न सकेनन् । बोर्डको बजेट खर्चिन सकेका छैनन् ।

आदित्य बराल, जनसम्पर्क तथा पर्यटन प्रचार-प्रसार महाशाखा, नेपाल पर्यटन बोर्ड

पर्यटन प्रवर्द्धनका लागि प्रचार-प्रसारको मुख्य थलोमा बसेका आदित्य बरालले कामै गरिरहेका छैनन् । बराल जोशीलाई हटाएर आफू कामु सीईओ हुन खोजे । पर्याप्त प्रचार सामग्री छापेनन् । अन्तर्राष्ट्रिय सञ्चार माध्यममा विज्ञापन गर्ने प्रक्रिया अगाडि बढाएनन् ।

एजेन्सी
लन्डन मेट्रोमा भ्रमण वर्ष प्रवर्द्धनमा प्रयोग भएको गलत तस्बिर

पर्यटकलाई भिसा शुल्कमा ५ डलर बढाउने निर्णय गरेको थियो । १० वर्षसम्म शुल्क बढाउनु नपर्ने सरकारलाई भ्रमण वर्षको मुखैमा बढाउनुपरेको कारणबारे पर्यटन व्यवसायीले प्रश्न उठाएका छन् ।

पर्यटन व्यवसायी वासुदेव पाण्डे भ्रमण वर्षको सम्मुखमा बढेको भिसा शुल्कले सरकारलाई आम्दानी बढाए पनि अन्तर्राष्ट्रिय बजारमा सकारात्मक सन्देश नजाने दाबी गर्छन् । बरु सरकारले भ्रमण वर्षको अवधिमा विशेष सहुलियतका प्याकेज घोषणा गर्नुपर्ने थियो । बोर्ड सीईओ जोशी स्वीकार्छन्, "विदेशीलाई चलचित्र सुटिङका लागि सहुलियत वा सभा/सेमिनार गर्न आउने पर्यटकलाई विशेष सुविधा दिने घोषणासहितका केही प्याकेज ल्याउन सकिएको छैन ।" भारत र चीनबाट आउने पर्यटकलाई भने भिसा शुल्क लाग्दैन ।

भ्रमण वर्ष सुस्तताको उदाहरण हो, नमस्ते सेन्टर । पर्यटकको सूचना र सहयोगका लागि नमस्ते सेन्टर बनाउने कार्यक्रम गत आर्थिक वर्षकै हो । निजी बैंकको सहयोगमा ५० लाख लगानीमा ५ वटा नमस्ते सेन्टर बनाउने सचिवालयको योजनाले अहिलेसम्म गति लिएको छैन । यस्तै, ६० लाख रुपैयाँमा भारत, चीन, युरोप, मध्यपूर्व, अमेरिकामा रोड सो आयोजना गर्ने काम पनि हुन सकेन । अझ दुःखको कुरा त, नेपालका सेलेब्रिटीमार्फत भ्रमण वर्षको प्रचारप्रसार गर्न विनियोजित ५० लाखको कार्यक्रम पनि हुन सकेन ।

यति हुँदाहुँदै पनि सचिवालयले १० लाख खर्चेर सगरमाथा सफाइ अभियानमा नेपाली सेनासँग सहकार्य गर्‍यो । यसको सन्देश थियो- भ्रमण वर्ष-२०२० मा आरोहण आकर्षित गर्ने । तर असारको दोस्रो साता वैद्यले आउँदो सिजन सगरमाथालाई विश्राम दिनुपर्ने प्रस्ताव प्रधानमन्त्री ओलीसमक्ष राखेको खबर सार्वजनिक मात्र के भएको थियो, उनको आलोचना हुन थाल्यो ।

भ्रमण वर्षमै सगरमाथा आरोहण स्थगित गर्दा जाने सन्देश ख्याल नगरी प्रस्ताव गरेका वैद्यलाई पर्यटन विभाग २३ असार ०७६ को खण्डनले झट्का दियो । विभागले सूचना जारी गरी भन्यो, 'सगरमाथालाई आउँदो सिजनमा विश्राम दिने हल्ला निराधार हो ।' अझै पनि वैद्य *नेपाल*सँग भन्छन्, "सगरमाथा आरोहण नीति परिमार्जन गर्नु आवश्यक छ र आवश्यक परे विश्राम दिनुपर्छ ।"

काम गर्न नसकेको आरोप लागेपछि सदस्यसचिव थापालाई फेर्ने मन्त्रालयको प्रयासमा वैद्य बाधक भइदिए । अरूको छाडिदिऔँ, संयोजक वैद्य मन्त्रालयका सचिव मोहनकृष्ण सापकोटाकै फोन पनि उठाउँदैनन् । २५ असार ०७५ मा सदस्यसचिव नन्दिनी थापालाई बोलाएर सचिव सापकोटाले वैद्यलाई मोबाइल उठाउन त भने तर उनी छोरीको बिहेका लागि फ्रान्समा थिए । "संयोजकको फोन रिसिभ नहुने धेरैको गुनासो छ," यसो भन्नेमा थापा पनि थपिन्छिन् ।

त्यसमाथि पर्यटन मन्त्रालयभन्दा पनि बालुवाटारमा सीधै ब्रिफिङ गर्ने वैद्य शैलीले मन्त्रालयसँग दूरी बढेको छ । वैद्य आफैँ भने काम गर्ने मान्छे फोनमा झुन्डिएर नबस्ने दाबी गर्छन् । भन्छन्, "सबैको फोन रिसिभ हुँदैन । काममा खटिएको मान्छे फोन मात्रै उठाएर बस्दैन, कम समयमा धेरै काम गरेको छु, आरोप लगाएर मात्र हुँदैन ।" विवादास्पद आईफा अवार्डको डिल पनि सुरजले नै गरेका थिए । आईफाको टिम अहिले पनि सक्रिय छ, नेपालमा कार्यक्रम गर्न भनेर ।

रवीन्द्रको रिक्तता

२ चैत ०७४ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्हालेपछि रवीन्द्र अधिकारीले मसिना तर पर्यटन प्रवर्द्धनका दूरगामी महत्त्वका काम थालेका थिए । १५ फागुन ०७५ मा यती एयरलाइन्सको हेलिकप्टर दुर्घटनामा अधिकारीको निधन भएपछि मन्त्रालय रिक्त मात्र छैन, काम पनि लथालिंग छन् । त्यसको असर नेपाल भ्रमण वर्ष-२०२० मा पनि परेको छ । भ्रमण वर्ष सचिवालयकी सदस्यसचिव थापा भन्छिन्, "नेपाल भ्रमण वर्षको मुखैमा मन्त्री अधिकारीको अभाव निकै महसुस हुन्छ ।"

चिनियाँ पर्यटकका लागि निकै महत्त्वको काम थियो, पर्यटन बोर्डको चिनियाँ भाषाको वेवसाइट निर्माण, चिनियाँ पर्यटकका लागि पथ प्रदर्शक, टुर गाइडलगायतका जनशक्तिका लागि तालिम सुरु गरेका थिए, उनै अधिकारीले । १ सय पर्यटकीय गन्तव्यको पहिचान । नेपाल भ्रमण वर्ष-२०२० लाई लक्षित गरेर १० जना जनशक्तिलाई पर्यटनसम्बन्धी तालिम, पर्यटनसम्बन्धी तालिम दिइरहेको नाथमलाई पर्यटन विश्वविद्यालय बनाउने प्रयासमा थिए ।

२५ वर्षदेखि हुन नसकेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग स्तरोन्नति, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय विमानस्थल निर्माणमा गति, चन्द्रगढी, धनगढी, जनकपुरमा रात्रिकालीन उडान गराए । अधिकारीले युरोपियन युनियनको कालोसूचीमा रहेको नेपाली आकाशलाई खुलाउन युरोपेली राजदूतसँग पटक-पटक छलफलसमेत गरेका थिए ।

वातावरण न पूर्वाधार

सगरमाथाको फोहोर, ट्राफिक जाम, आरोहणमा हुने मृत्यु, अव्यवस्थित तथा कुरूप पदमार्ग र फेक रेस्क्युका कारण नेपालको पर्यटन क्षेत्र विश्व बजारमा बदनाम छ । त्यो ट्याग हटाउनभन्दा पनि लुकाउन प्रधानमन्त्री केपी ओली नै सक्रिय छन् । जस्तो, सगरमाथा आरोहणको जाम र त्यसका क्रममा भएको निधनबारे *बीबीसी* विश्व सेवाले लन्डनमा सोधेको प्रश्नमा प्रधानमन्त्री ओलीले

‘त्यो प्रचारबाजी मात्रै भएको’ हवाई-जवाफ दिए। त्यसअगाडि युरोपका बिमा कम्पनीले नेपाल आउने पर्यटकको बिमा प्रिमियम बढाएका थिए। अझ कतिपयले त बिमा नगर्नेसम्मको सन्देश पर्यटन मन्त्रालयमा पठाएका थिए। त्यसको मुख्य कारण थियो- फेक रेक्स्यु। ओली निकट यती एयरलाइन्स मालिक आङछिरिङ शेर्पा (दिवंगत) को डाइनेस्टी हेलिकप्टर नै फेक रेक्स्युमा संलग्न थियो।

अन्तर्राष्ट्रिय दबाबकै कारण २१ जेठ ०७४ मा तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीले सहसचिव घनश्याम उपाध्यायको नेतृत्वमा छानबिन समिति गठन गरे। समितिको छानबिनमा ४ वटा अस्पताल, ८ ट्रेकिङ तथा ट्राभल्स र ३ वटा हेलिकप्टर कम्पनी दोषी देखिए। १४ साउन ०७५ मा मन्त्री अधिकारीको हातमा परेको त्यो प्रतिवेदनमाथि कारबाही गर्ने हैसियत नभएपछि गृह मन्त्रालय पठाएर पन्छिए।

यो घटनाले युरोपेली बिमा कम्पनीले महँगो प्रिमियमका कारण नेपाललाई प्राथमिकतामा राख्न पनि छाडेका छन्। नेपाल पर्वतारोहण संघका पूर्वअध्यक्ष तथा पर्यटन व्यवसायी आङछिरिङ शेर्पा भन्छन्, “युरोपेली बिमा कम्पनीले महँगो प्रिमियम लिने हुँदा नेपाल भ्रमणको प्याकेज महँगो भइरहेकाले पर्यटक संख्या घट्नेछ।”

यहीँनेर जोडिने अर्को विषय २०२० लागि नेपाल वायुसेवा निगमले आउँदो साता (२९ जुलाई) बाट जापानको ओसाका उडान भर्दै छ भने हिमालय एयरलाइन्सले बंगलादेशको ढाका। तर चीन उडानको टुंगो छैन। युरोपेली युनियनले नेपाली आकाशलाई कालो सूचीबाट हटाएको पनि छैन। अर्कोतिर भदौ ०७६ बाट सञ्चालनमा आउने भनिएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पुससम्मका लागि सरेको छ। त्यो समस्या पोखरा क्षेत्रीय विमानस्थलमा पनि छ। अन्तर्राष्ट्रिय उडान बढाउन नसकेका बेला एकाध घन्टा होल्डिङको अर्को समस्या छ।

उड्डयन क्षेत्रमा मात्र होइन, पर्यटकीय गन्तव्यमा आउजाउ गर्ने सडकको पनि बेहाल छ। जस्तो, भक्तपुर-नगरकोट र नुवाकोट-ककनी सडक ठेक्का लागेको वर्षौं भयो तर अहिलेसम्म कामको टुंगो छैन। राजनीतिक ओतमा सैलुङ कन्स्ट्रक्सनका ठेकेदार शारदाप्रसाद अधिकारीले म्याद भने थपिरहेका छन्। तिनै अधिकारीको ठेक्का परेको थानकोट-नागढुंगा सडक खण्डको हविगत पनि सुधार छैन। त्यही नाकाबाट पर्यटक पोखरा, चितवन र लुम्बिनी निस्कन्छन्।

सरकारले १ सय नयाँ गन्तव्यको सूची त सार्वजनिक गरेको छ तर प्रवर्द्धनमा चासो दिएको छैन। परम्परागत गन्तव्यबाहेक नेपालले पर्यटकलाई आकर्षित गर्ने नयाँ केही छैनन्। सोही कारण आरोहणका लागि नयाँ हिमाल खोल्ने चर्चा थियो। तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीले नयाँ हिमाल आरोहणका लागि खुलाउने प्रयास गरे पनि त्यसले गति लिन पाएन। अहिले ५ हजार ८ सय मिटरभन्दा अग्लालाई मात्र हिमालको मान्यता दिइएको छ।

एनएमएका पूर्वअध्यक्ष शेर्पाको भनाइमा ५ हजार ८ सय उचाइका १ हजार ७ सय ९१ मध्ये ४ सय ३ वटा हिमाल मात्रै आरोहणका लागि खुला छन्। १ हजार ३ सय ८९ वटा हिमाल खुला हुने छाँट छैन।

मेला भर्ने, भत्ता खाने

भ्रमण र भत्ता पाउने हिसाबमा युरोप यात्रा निकै रसिलो मान्छन्, पर्यटन बोर्डका कर्मचारी। त्यसैको प्रभाव हुन सक्छ, हरेक वर्ष युरोप यात्राका लागि बोर्डले करोडौँ रुपैयाँ खर्चिन्छ। १४ कात्तिक ०७५ मा पारित बजेटमै पनि फ्रान्स, स्पेन, इटाली, जर्मनी, बेलायत, अस्ट्रिया, नेदरल्यान्डलगायत देशका मेलामा सहभागी हुन प्रतिमुलुक करोडभन्दा बढी बजेट छुट्ट्याएको थियो। तर बोर्डले युरोपमा प्रचार गरेअनुसार परिणाम भने निस्किएको छैन।

परिस्थिति कस्तोसम्म छ भने सन् २०१७ मा पर्यटकले दैनिक औसतमा ५४ डलर खर्चिन्थे। तर सन् २०१८ मा दैनिक औसतमा ४४ डलर खर्चिएका छन्। औसत बसाइ दिन पनि घट्दो छ। सन् २०१५ बाट निरन्तर ओरालो लागेको बसाइ दिन सन् २०१८ मा आइपुग्दा १२.४ दिनमा झरेको छ। तर यो तथ्यांकमा बोर्डको चासो देखिँदैन।

गत वर्षको बजेटमै पनि खप्तड राष्ट्रिय निकुन्जमा आवासगृह बनाउन ५ करोड बजेट खर्चिंदै छ। र, असार ०७६ मा बोर्डले खप्तड राष्ट्रिय निकुन्जलाई बजेट निकासा गरिसकेको छ। त्यति मात्र होइन, अघिल्लो वर्षको बजेटमा ७ वटा प्रदेशका लागि ११ करोडभन्दा बढी रकम पूर्वाधार शीर्षकमा राखिएको थियो, जो कार्यान्वयनमै आउन समस्या भयो।

निकुन्जभित्र होटल तथा रिसोर्ट सञ्चालन गर्न नहुने भन्दै चितवन राष्ट्रिय निकुन्जका होटल सरकारले हटाइसकेको छ। तर बोर्डले त्यसलाई चुनौती दिँदै खप्तडमा आवासगृह बनाउने काममा जुटेको छ। तत्कालीन पर्यटन सचिव तथा बोर्ड अध्यक्ष कृष्णप्रसाद देवकोटाले पूर्वाधारमा बजेट खर्चिने प्रयास रोक्ने प्रयत्न गरे पनि सकेनन्। भन्छन्, “पुनर्निर्माण तथा पूर्वाधारमा बोर्डले प्रशस्त बजेट राखेको छ, त्यो उसको कामै होइन।”

यतिबेला संसारको पर्यटन ट्रेन्ड भारत, चीनसहित एसिया प्रशान्तमा केन्द्रित छ। १४ करोड चिनियाँ मात्रै बर्सेनि देशबाहिर घुम्न निस्कन्छन्। र, त्यत्तिकै हाराहारी भारतीय पनि। त्यस अर्थमा नेपालले चीन र भारत केन्द्रित प्रवर्द्धन कार्ययोजना बनाउनुपर्ने विज्ञहरूको सुझाव छ। बोर्डका पूर्वसीईओ श्रेष्ठ भन्छन्, “संसारभरिका पर्यटकको ध्यान एसियामा केन्द्रित भएको छ, त्यसैले अब नेपालको चासो युरोपभन्दा चीन र भारततिर हुनुपर्छ।”

बोर्डको वार्षिक बजेट युरोपका मेला/महोत्सवमै बढी भए पनि त्यसको प्रतिफल खासै उपलब्धिमूलक छैन। उपलब्धिहीन विदेश भ्रमण बुझ्रै होला, प्रधानमन्त्री तथा

भरतबन्धु थापा

सगरमाथा आधारशिविरमा थुप्रिएको फोहोर

मेलामा कुन देशमा कति खर्च

तथ्यांकमा पर्यटन



पर्यटक संख्या

सन् २०१८ ११,७३,०००

सन् २०१७ ९,४०,२१८

सन् २०१६ ७,५३,००२

औसत बसाइ दिन

सन् २०१८ १२.४

सन् २०१७ १२.६

सन् २०१६ १३.४

औसत खर्च प्रतिदिन

सन् २०१८ ४४ डलर

सन् २०१७ ५४ डलर

सन् २०१६ ५३ डलर

विज्ञापनलाई विनियोजन तर खर्च भएन

भारतीय टिभी
२,५०,००,०००

चीनको सीसी टिभी
२,५०,००,०००

बीबीसी टिभी
३,५०,००,०००

सीएनएन टिभी
३,००,००,०००

रोयटर्स
१,६०,००,०००

भ्रमण वर्षको मुखमा भिसा शुल्क वृद्धि

(डलरमा)

	पहिले	अहिले
१५ दिन मल्टिपल भिसा	२५	३०
३० दिन मल्टिपल भिसा	४०	५०
९० दिन मल्टिपल भिसा	९०	१२५

स्रोत : पर्यटन बोर्ड र पर्यटन मन्त्रालय

मन्त्रिपरिषद् कार्यालयले ०७५ मा विदेश जाने बोर्डका कर्मचारीको नाम र भ्रमणको सूची मागेको थियो । त्यो सूची नदिन बोर्डले थुप्रै कोसिस गर्‍यो । मन्त्रालयका सहसचिव घनश्याम उपाध्याय पटक-पटक ताकेता गर्नुपरेको स्मरण गर्छन् । बोर्डका सीईओ दीपकराज जोशी पनि भ्रमणको उपलब्धिमाथि बहस आवश्यक रहेको स्वीकार्छन् ।

नन्दिनी थापा, नवीन पोखरेल, रोहिणी खनाल, श्रद्धा श्रेष्ठ, आदित्य बराल, हिक्मतसिंह ऐरलगायतका सबैभन्दा धेरै विदेश जाने सूचीमा पर्छन् । अचम्म के भने उनीहरूले नेतृत्व गरेका महाशाखाले नै बजेट खर्चिन सकेका छैनन् । पोखरेलले मात्रै वर्षमा ५० दिनसम्म विदेश भ्रमणमा बिताएका छन्, जबकि सीईओ जोशीले जम्माजम्मी २८ दिन ।

यस्तै घटनालाई आधार मानेरै आर्थिक अनियमितताको आरोपमा निर्देशक सुवास निरौला, अनिल दासलाई विशेष अदालतले भ्रष्टाचारी ठहर गरेको थियो । त्यतिबेलै निरौला वरिपरि रहने थापा, पोखरेल, खनाल, श्रेष्ठ अहिले पनि सीईओका नजिक रहेर विदेश घुम्नेमा पर्छन् । बोर्ड सदस्य दीपक महत पनि बोर्डमा बजेट खर्चको सूचकांक ज्यादै कमजोर रहेको स्वीकार्छन् । भन्छन्, "संस्थाको काम नै विदेश भ्रमणमा जाने हो तर उपलब्धि कति भयो भन्ने प्रश्न उठेको छ । एक पटकमा दुई जनाभन्दा बढी विदेश जान नपाइने व्यवस्था गरिए पनि कार्यान्वयन हुन सकेन ।"

निर्देशक बरालले आर्थिक अनियमितताको आरोपसहित विशेष अदालतमा मुद्दा पर्नुभन्दा २ दिन पहिला १८ चैत ०७१ मा बोर्डबाट राजीनामा गरेका थिए । १३ फागुन ०७४ मा विशेष अदालतबाट सफाइ पाएपछि बरालको राजीनामा उल्टियो । तत्कालीन पर्यटनसचिव कृष्णप्रसाद देवकोटालाई एक महिनामा राजीनामा गर्ने बताएका थिए ।

कर्मचारी बैकुण्ठप्रसाद आचार्यलाई अध्ययन बिदा नदिने बोर्ड स्वीकृत भएको बरालको राजीनामा भने उल्टाउन राजी भयो । वरिष्ठ निर्देशक बराल नेतृत्वको प्रचारप्रसार तथा जनसम्पर्क महाशाखाले यस वर्ष २ करोडको ब्रोसर तथा बुकलेट छपाइ गर्नुपर्ने थियो । तर त्यो काम नभए पनि उनले ४७ दिन विदेश भ्रमणमै बिताए ।

भारतका विभिन्न टेलिभिजन, चीनको *सीसी* टिभी, बेलायतको *बीबीसी* र *रोयटर्स*, अमेरिकाको *सीएनएन*मार्फत नेपालको प्रचार गर्न बजेट व्यवस्था गरिएको थियो । तर बराल नेतृत्वको महाशाखाको प्रगति शून्य छ । ती सञ्चार माध्यममा नेपालका गन्तव्यको प्रवर्द्धन गर्ने प्रयास आजभन्दा ९ वर्षदेखि भइरहेको छ ।

सीईओ जोशी सार्वजनिक खरिद ऐनको अलमलका कारण ती सञ्चार माध्यमसँग काम हुन नसकेको प्रस्टीकरण दिन्छन् । बोर्डमा कतिसम्म लापरवाही छ भन्ने उदाहरणका लागि *सीसी* टीभीको एक प्रस्ताव हो । अप्रिल ०१८ मा उक्त टीभीले वर्ल्ड फिल्म रिपोर्ट कार्यक्रमका लागि २०/२० मिनेटका ४ वटा कार्यक्रम निर्माण

जम्मा १० करोड मात्र दिने को ?

– सुरज वैद्य, संयोजक नेपाल भ्रमण वर्ष- २०२०

नियुक्तिको ९ महिनामा नेपाल भ्रमण वर्ष–२०२० का लागि के–के काम गर्नुभयो ?

२० लाख पर्यटक पुऱ्याउने लक्ष्य पूरा गर्न भारत र चीन प्रवर्द्धनमा बढी केन्द्रित छौं। चीनको सबैभन्दा ठूलो *सी ट्रिप*सँग सम्झौता गरेका छौं, त्यसका फलोअर्स ३ सय मिलिनियम छन्। 'सी यू इन नेपाल' नाराबाट त्यहाँ प्रवर्द्धन हुनेछ। रोड सो पनि गर्दैछौं। चीनका धार्मिक पर्यटकलाई पनि केन्द्रित गर्दै छौं।

भारतको दिल्लीमा एउटा कार्यक्रम गरियो। दिल्लीको मेट्रोमा पनि नेपालको प्रचार भइरहेको छ। ७ अगस्तमा इटालीको रोममा हुने एनआरएनएको कार्यक्रमसँग मिलेर 'नेपाल प्रमोसन इन युरोप' मा काम गर्दै छौं। विदेशस्थित सबै नेपाली दूतावासमार्फत नेपाल प्रवर्द्धनको काम भइरहेका छन्। पर्यटकको संख्याभन्दा गुणस्तरीय पर्यटक ल्याउन केन्द्रित हुनुपर्छ। त्यसका लागि विमानस्थल, होटल सबैमा सुधार हुनुपर्छ। अहिले विमानस्थल सुधारको प्रक्रियामा छ। आन्तरिक विमानस्थल सुधारको काम पनि हुन थालेको छ। विमानस्थलमा अब ७० जना युवा तीन सिफ्टमा नेपाल आउने पर्यटक सेवाका लागि खटिनेछन्।

तपाई नेतृत्वको भ्रमण वर्ष 'भिजिवल' नै भएन भन्ने आरोप छ नि ?

मेरो काम गर्ने शैली भिजिवल हुने खाले छैन। हामीले परिणाम खोजिरहेका छौं, प्रचार होइन। यो काम गरेर देखाउने ठाउँ हो। मलेसियाको भ्रमण वर्ष पनि २०२० मै पर्छ। त्यहाँको तयारी २०१७ देखि भएको हो, जबकि नेपालको तयारी ९ महिना हुँदै छ।

सातै प्रदेशमा पर्यटन प्रवर्द्धन समिति त बन्यो तर त्यसले काम गर्न पाइरहेको छैन नि ?

सबै मुख्यमन्त्रीसँग कसरी अगाडि बढ्ने भनेर छलफलमा छु। ठोस कामको तयारीमा छौं। भ्रमण वर्ष भनेको खाली पर्यटक ल्याउने मात्र होइन, बिदेसिएका युवालाई स्वदेशमा रोजगारी सिर्जना गर्न नेपालमा खाने-बस्ने व्यवस्थासहित १० दिन घुमाइदिने प्रस्ताव बोर्डमा गरेको थियो।

विदेशी चलचित्र सुटिङ भएका स्थान भक्तपुर, पोखरा, मुस्ताङ र सगरमाथा आधारशिविर छनोट गरिएको थियो। तर ती क्षेत्रमा कार्यक्रम सुटिङका लागि सरकारबाट अनुमति लिन लाग्ने करिब ९ हजार डलर शुल्क बोर्डले तिर्न नमानेपछि प्रस्ताव नै अलपत्र पऱ्यो। जबकि *सीसी* टिभीमा नेपालको प्रचार गर्ने भनेर बोर्डले साढे २ करोड बजेट व्यवस्था गरेको थियो, जुन अहिलेसम्म खर्च भएको छैन।

युरोप, पूर्वी एसियासहित छिमेकी चीन र भारतमा हुने मेलामा नेपाली ब्यानर बोकेर पुग्ने बोर्डका प्रचारले पर्यटक संख्या बढेको छैन, बरु थप बदनामी भएको छ। गत वर्ष मात्रै अस्ट्रियामा ३२ लाख खर्चेर बोर्ड मेलामा सहभागी त भयो, त्यही बेला बोर्डको पत्रका आधारमा भिसा पाएका दुई नेपाली युरोप भासिए।

बोर्डमा अर्को रमिता पनि छ। कर्मचारीकै कारण सीईओ जोशीले सही गरेका फाइल महाशाखामा हराउनु वा महिनौं रोकिनु सामान्य भइसकेको छ। जस्तो, खोटाङ उद्योग वाणिज्य संघले हलेसीमा आधारभूत होटल सञ्चालन तालिमका लागि करिब ६ लाख बजेटसहितको प्रस्ताव बोर्डमा गत वैशाखमै पुगेको थियो। प्रस्ताव कार्यान्वयन गर्न पर्यटन सम्पदा तथा संसाधन विकास महाशाखाका निर्देशक हिक्मतसिंह ऐरको टेबलमा पुग्यो, जोशीको प्रस्तावपछि। तर त्यो कार्यान्वयन होइन, उल्टै फाइल गायब भयो।

बेथितिको अर्को रूप बोर्डबाट विनियोजित धादिङको खाल्टेमा 'गुरुङ सामुदायिक घर' योजनाका लागि ३० लाख बजेट विनियोजनमा पनि देखिन्छ। ९ महिनासम्म बजेट नपठाएपछि आक्रोशित टानका पूर्वअध्यक्ष चन्द्र रिजाल र महाशाखा प्रमुख हिक्मतसिंह ऐरबीच झन्डै हात हालाहाल भयो। असार पहिलो साताको यो घटनालाई बोर्ड सदस्य अवधेश झाले रोकेर मारमुंग्री हुनबाट जोगाएका थिए। विशेष अदालतमा मुद्दाबाट सफाइ पाएपछि ऐरसहितका कर्मचारी हस्ताक्षर नगरेरै बोर्डमा जागिर खान चाहन्छन्।

महतको भनाइमा कार्यक्रम स्वीकृतिका लागि महाशाखाबाट भन्दा तल्लो तहबाट हुने काम धेरै भएका छन्। महाशाखा प्रमुखबाट हुने काम



प्रेश विज्ञप्ति

मिति २०७६।३।२३

सन् २०१९ को वसन्तकालिन मौसम सम्पन्न भै सकेको र यस वर्षका अन्य मौसमका पर्वतारोहण सम्बन्धी कार्यहरु के कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने विषयमा पर्यटन विभाग गहन ढंगले अघि बढेको छ । पर्वतारोहण सम्वद्ध हरेक गतिविधि पर्यटन विभागसँग अत्यन्त निकट रहने व्यहोरा यस क्षेत्र सम्बद्ध सबै व्यक्ति तथा निकायलाई अवगत नै रहेको छ । नेपालको पर्वतीय पर्यटनलाई कसरी विश्वकै व्यवस्थित र सुरक्षित गन्तव्य बनाउने भनेर यस क्षेत्रमा विधमान समस्याहरुको अध्ययन गरी उल्लिखित समस्याहरु समाधान गर्ने सुझाव पेश गर्न समिति बनेको र कार्य आरम्भ भै सकेको अवस्था रहेको छ । यस सन्दर्भमा हालसम्म नेपाल सरकारले आरोहणका लागि खुला गरेका सगरमाथा (८८४८ मिटर) लगायत ४१४ हिमालहरु मध्ये कुनै पनि हिमालहरु आगामी वर्षमा आरोहणका लागि प्रतिबन्ध लगाउने विषय वा केही समय आरोहणका कार्य रोक्ने सम्बन्धमा यस पर्यटन विभागमा अनौपचारिक रुपमा समेत छलफल भएको छैन । आगामी केही वर्ष सगरमाथा (८८४८ मिटर) आरोहण गर्न रोक्ने वा प्रतिबन्ध लगाउने सम्बन्धमा विभिन्न सञ्चार माध्यममा चर्चा भै रहेको प्रति यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ । नेपाल सरकारले हिमाल आरोहणका गतिविधि व्यवस्थित गर्न जिम्मेवारी दिएको यस पर्यटन विभागमार्फत सगरमाथा (८८४८ मिटर) लगायत आरोहणका लागि खुला गरिएका कुनै पनि हिमालहरु आरोहणमा प्रतिबन्ध लगाउने वा आगामी केही वर्ष आरोहणका गतिविधि रोक्ने/रोकाउने भन्ने विषय वस्तुगत नभएको हुँदा यस्ता अवास्तविक हल्लाका पछि नलाग्न सरोकारवाला सबैमा अनुरोध छ ।

मिरा आचार्य, निर्देशक
पर्यटन विभाग, होटल तथा पर्वतारोहण शाखा

भ्रमण वर्ष संयोजक वैद्यको अभिव्यक्ति निराधार भएको विभागको विज्ञप्ति

वातावरण बनाउने पनि हो । पर्यटन क्षेत्रमा लगानी कसरी ल्याउन सकिन्छ भन्ने मुख्य कुरा हो ।

पर्यटन व्यवसायी तपाईंको नियुक्तिमै असन्तुष्ट थिए । अझै विश्वासमा लिनुभएको छैन, किन ?

होटल व्यवसायबाट आएको भए, यो कामै नलाग्ने मान्छे, होटलको मात्र कुरा गर्छ भन्थे । एयरलाइन्सबाट आएको भए पनि त्यहीं भन्थे । आरोप त लागिरहन्छ । मेरो स्वार्थ केही छैन । साथीहरूले के भन्छन्, मलाई त्यति महत्त्व लाग्दैन । नेतृत्व लिंदा कसले के भन्ला भन्ने आधार लिइँदैन । नेतृत्वको जिम्मेवारी कसरी पूरा गर्ने भन्ने सरोकार मात्रै छ मलाई । आजसम्म पर्यटन व्यवसायीले *सी ट्रिप*सँग सम्झौता गरेका थिए ? *लोन्ली प्लानेट* म्यागजिनमा नेपालबारे केही लेखेका छन् ? यी काम हामी गर्दै छौं ।

लन्डनको मेट्रोमा नेपालको प्रवर्द्धन गर्न प्रयोग भएको फोटो थाइल्यान्डको परेछ, होइन ?

हाम्रो गल्ती भएको हो । त्यतिबेला ८ वटा प्रवर्द्धन रणनीतिमध्ये एउटामा गल्ती भयो । गल्ती मात्र हेरियो तर बाँकी ७ वटा रणनीतिलाई कसले राम्रो भन्यो ? जबकि त्यसरी नेपालको प्रचार पहिलोपल्ट भएको थियो ।

तपाईं फोन पनि रिसिभ नगर्ने, सम्पर्कमा आउनै गाह्रो हुन्छ, किन ?

भ्रमण वर्षको जिम्मा लिएपछि बिहान ८ देखि बेलुकी ९ बजेसम्म खटेको छु । फोन उठाउँदै बस्ने हो भने अपरेटरजस्तो भइन्छ । केही जरुरी छ भने विभिन्न माध्यमबाट भेट्न सकिन्छ ।

सचिवालयमा जनशक्ति व्यवस्थापन गर्न सक्नुभएको छैन । सरकारले असहयोग गरेको हो ?

अहिले जनशक्तिकै अभाव त भएको छैन । सरकारी प्रक्रियाले सुस्त भएको हो । नियुक्त भएको ९ महिना पुगे पनि बजेट आएको बल्ल एक महिना भयो । बजेट नआएका कारण सचिवालयको कार्यालय बनाउन लागेको खर्च व्यक्तिगत रूपमै गरें ।

तपाईं सरोकारवाला मन्त्रालय (पर्यटन) लाई बाइपास गरेर प्रधानमन्त्रीसम्म पुग्नुहुन्छ भन्ने टिप्पणी छ नि ?

निरन्तर पर्यटन मन्त्रालयमा राज्यमन्त्री, सचिवसँग कुराकानी गरिरहेको हुन्छु । विभागीय मन्त्री अहिले प्रधानमन्त्री भएकाले उहाँसँग पनि कुराकानी हुन्छ, भेट हुन्छ । त्यसलाई कसरी बाइपास गरेको भन्न मिल्छ ? मैले भ्रमण वर्ष सचिवालयलाई कम्तीमा ६०/७० करोड चाहिन्छ भनेर प्रस्ताव गर्दा जम्मा १० करोड मात्र दिने को हो ? आरोप लगाउनेले यसको जवाफ दिनु पर्दैन ?

भ्रमण वर्षकै समयमा सगरमाथा आरोहणमा विश्राम दिने प्रस्ताव किन गरेको त ?

संसारभर चासो छ, सगरमाथाको फोहोर र ट्राफिक जाम । बदनामी पनि भइरहेको छ । प्रधानमन्त्रीलाई पनि *बीबीसी*ले सगरमाथा आरोहणको जाम र मृत्युको प्रश्न सोध्यो । हामीले सगरमाथा आरोहण नीति सुधार गर्नुपर्छ, नीति सुधार गर्दा आरोहणलाई विश्राम दिंदा हुन्छ भनेको हुँ । धेरै होइन, महँगा आरोहण दल ल्याउनुपर्छ ।

सीईओबाट गराउनु गलत प्रवृत्ति हो । महाशाखा प्रमुखहरूमा फाइलमा हस्ताक्षर गरे अख्तियारमा परिने डर पनि छ ।

महतको भनाइमा बोर्डले समयमै बजेट ल्याए पनि महाशाखा प्रमुखका कारण खर्च अवस्था कमजोर छ । एक महिनापहिले अनुसन्धान, योजना तथा अनुगमन महाशाखा, प्रचारप्रसार तथा जनसम्पर्क, पर्यटन सम्पदा तथा संसाधन विकास महाशाखाले कुल बजेटमा ५ प्रतिशत पनि नघाएका थिएनन् । तर कर्मचारी विदेश भ्रमण जाँदा स्वीकृत दिने भएकाले बजार व्यवस्थापन तथा प्रवर्द्धन महाशाखाले २१ प्रतिशत बजेट खर्चेको थियो ।

बोर्ड र ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) बीच पर्यटकलाई पदयात्रा अनुमति दिएबापत संकलन हुने ट्रेकर्स इन्फर्मेसन्स म्यानेजमेन्ट सिस्टम (टिम्स) शुल्कबापत उठेको ८२ करोड रुपैयाँमा लामो समयदेखि विवाद छ । टान अध्यक्ष नवराज दाहालको भनाइमा ५ वर्षदेखिको यस्तो शुल्क विवाद सल्टाउन बोर्ड नै अनिच्छुक छ । दाहालका अनुसार मजदुर कल्याण कोषमा रहने १० प्रतिशत बजेट पनि पर्यटन मजदुरका लागि खर्चिन समस्या छ । तर पदमार्ग मर्मतसम्भार, नयाँ पदमार्ग खोजीका लागि खर्चिने यो रकममा विवाद गर्ने बोर्ड र टान भारतीय फिल्म अवार्ड आईफा आयोजनामा खर्चिन भने सहमत छन् । भन्छन्, "टानले पनि रकम नपाउने अनि राज्यकोषमा जम्मा भएर बसिरहनुभन्दा आईफा अवार्डमा खर्चिन हुने सहमति भएको हो । यी दुईको संयुक्त खातामा कम्तीमा १२ करोड रुपैयाँ छ ।" ने

दीपक परियार

पोखराको रोपाइँ महोत्सवमा सहभागी पर्यटक

आवरण : जीप सफारीमा विदेशी पर्यटक, सौराहा
तस्बिर : किरण पाण्डे

थातथलोमा जोखिम छ बसाइँ हिंड्न मन छैन

जोखिमयुक्त बस्तीलाई एकीकृत गर्ने योजना तर ठोस कार्यक्रम अभाव

यम बम

वैशाख ०७२ को भूकम्पका कारण क्षतिग्रस्त बस्तीमध्ये एउटा हो, गोरखाको लाप्राक । लाप्राकका ५ सय ७२ घरपरिवारका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए) ले गुप्सीपाखामा निर्माण थालेको एकीकृत नमुना बस्तीको काम अन्तिम चरणमा पुगेको छ ।

विडम्बना ! लाप्राकका कतिपय बासिन्दा आफ्नो थातथलो छाड्न मानिरहेका छैनन्, कतिले त पुरानै बस्तीमा घर ठड्याइसकेका छन् । यद्यपि भेडीगोठ र गौचरन रहेको गुप्सीपाखामा सर्न उनीहरूले चिठ्ठा थुतेर घर छनोट गरिसकेका छन् ।

आशंका उब्जन्छ, लाप्राकबासी नयाँ घरको चिठ्ठा थुते पनि फेरि पहिरोलगायत प्राकृतिक विपद्को जोखिममा रहेको पुरानै स्थानमा बस्ने त होइनन् ? हालै लाप्राकका बासिन्दासँग भलाकुसारी गरेर फर्केका राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका नापी अधिकारी उत्तम लामिछाने भन्छन्, "नयाँ पुस्ता सर्न तयार भए पनि पुरानो पुस्ता भने थातथलोमै बस्न रुचाउँदो रहेछ । लाप्राकमा पनि त्यही देखियो ।"

यसअघि *नेपाल*ले गरेका स्थलगत रिपोर्टिङका क्रममा भूकम्पपीडितले जोखिमका बीच आफ्नै गाउँठाउँमा बस्ने चाहना दोहोर्‍याएका थिए । लाप्राकजस्तै पीडितका लागि दोलखाको भीमेश्वर नगरपालिका पानीपोखरीमा एकीकृत बस्ती बन्दै छ । बोसिम्पाका ७६ घरधुरीलाई पानीपोखरीमा सार्ने प्राधिकरणको योजना छ । लाप्राकबासी आफ्नो थातथलो छाड्न नचाहिरहेका बेला सरकारले जोखिमयुक्त बस्तीमा रहेका परिवारलाई समेटेर एकीकृत बस्ती निर्माणको योजना अगाडि सारेको छ ।

'आगामी दुई वर्षभित्र जोखिमयुक्त बस्तीमा रहेका सबै परिवारलाई जोखिमरहित स्थानमा सुरक्षित आवासको व्यवस्था मिलाउन नजिकको सुरक्षित स्थानको एकीकृत बस्तीमा सारिनेछ,' आर्थिक वर्ष ०७६/७७ को बजेट वक्तव्यमा भनिएको छ । बाढीपहिरोलगायत प्राकृतिक विपद्का कारण जोखिममा परेका बस्ती तथा छरिएर रहेका घरपरिवारलाई एकीकृत गरेर सुरक्षित स्थानमा सार्न ५० करोडको बजेट छ ।

यस वर्ष तीन वटा एकीकृत बस्ती निर्माणको काम थाल्ने सहरी विकास मन्त्रालयको योजना छ । योजनामा उल्लेख भएअनुरूप बाढीको जोखिममा रहेकालाई समेटेर सुनसरीको रामधुनी नगरपालिका तथा पहिरोको जोखिममा

२६-३० असार ०७६
बाढीपहिरो
९० को मृत्यु

१७ चैत ०७५
टोर्नाडो आँधी
२८ को मृत्यु,
१,२७३ घर क्षतिग्रस्त

२७-३० साउन ०७४
तराईमा बाढी
१३० को मृत्यु

१२ वैशाख ०७२
भूकम्प
८,७९० को मृत्यु

१७ साउन ०७१
जुरे पहिरो
१४५ को मृत्यु,
१३० घर क्षतिग्रस्त

१-२ असार ०७०
दार्चुलाको महाकालीमा बाढी
खलंगा तहसनहस,
१६५ घर क्षतिग्रस्त

२ भदौ ०६५
कोसी बाढी
सुनसरी र सप्तरीका
हजारौं विस्थापित, कोसी
ब्यारेजमा क्षति

०५९
काठमाडौंमा डुबान

४-६ साउन ०५०
तराईमा बाढी
१,३३६ को मृत्यु

रहेका घरपरिवारलाई समेटेर मुगुको छायानाथ रारा नगरपालिका र डडेल्धुराको परशुराम नगरपालिकामा जोखिमयुक्त बस्ती स्थानान्तरण गरी एकीकृत बस्ती निर्माण गरिनेछ। "डडेल्धुरामा जग्गा प्राप्तिका लागि अध्ययन सुरु भइसकेको छ, अन्य ठाउँमा पनि प्रक्रिया अगाडि बढ्छ," सहरी विकास तथा भवन निर्माण विभागका इन्जिनियर दीपक श्रेष्ठ भन्छन्, "बस्तीमा खानेपानी, विद्युत्, सडकलगायत आधारभूत पूर्वाधार निर्माण हुनेछ।"

सरकारले २ वर्षभित्र जोखिमयुक्त बस्ती स्थानान्तरण गरी एकीकृत बस्ती बनाउने उद्घोष गरेको छ । तर जोखिमयुक्त बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकास कार्यविधि स्वीकृत हुनुबाहेक ठोस प्रगति छैन । ओखलढुंगाको रामपुर, रौतहटको भंगाभवानीपुर, सिन्धुलीको कपिलाकोट, बाग्लुङको बलेवा, रोल्पाको माडीचौर, मुगुको गम्था, बझाङको चौधारी र बाजुरामा एकीकृत बस्ती बनाउन गत आवमा छनोट भए पनि काम अगाडि बढेको छैन। ०७२ को अध्ययनले तीबाहेक २४ वटा एकीकृत बस्ती बनाउन सहरी विकास मन्त्रालयलाई सिफारिस गरेको थियो ।

९ पुस ०७५ मा स्वीकृत कार्यविधिअनुसार भौगोलिक रूपमा विकट तथा विपद्को उच्च जोखिम स्थानमा बसोबास गरिरहेका परिवारलाई एकीकृत बस्ती विकास गरी घडेरी प्रदान गर्ने योजना छ। घर निर्माणका लागि हिमाली क्षेत्रमा ५ लाख रुपैयाँ, पहाडी क्षेत्रमा ४ लाख रुपैयाँ र पहाडी सहरी तथा तराई क्षेत्रमा ३ लाख ५० हजार रुपैयाँ उपलब्ध गराउने उल्लेख छ। यस हिसाबले अब बन्ने एकीकृत बस्तीमा कम्तीमा २५ वटा घर अनिवार्य हुनेछन् । सडक, खानेपानी, ढल, खुला क्षेत्र, फोहोरमैला व्यवस्थापन, स्वास्थ्य सेवा, विद्यालय, विद्युत्लाई बस्ती विकासको मापदण्ड तोकिएको छ ।

प्राकृतिक विपद्को जोखिममा रहेका नागरिकलाई सारेर एकीकृत बस्ती बनाउन उत्तिकै चुनौती हुन्छ । पाटन संयुक्त क्याम्पस, मानवशास्त्रका प्राध्यापक पुष्प राई भन्छन्, "थातथलो भूमिसँग मात्र जोडिएको हुँदैन । सांस्कृतिक, सामाजिक र आर्थिक पक्ष पनि सँगसँगै जोडिएको हुन्छ । त्यसैले पुस्तौँदेखि बसिरहेको

जिल्ला	बस्तीको नाम
गोरखा	भच्चेक बजार
बाग्लुङ	स्यालपाखे
मनाङ	हुम्दे
रौतहट	सन्तपुर मतिउन र वसन्तपुर
नुवाकोट	वेत्रावती
सिन्धुपाल्चोक	मुडे
धादिङ	गजुरी
झापा	गौरीगन्ज
सप्तरी	बेलटार
तेह्रथुम	चुहानडांडा
भोजपुर	जरायोटार
सोलुखुम्बु	खुमजुङ उपत्यका
नवलपरासी	चोरमारा
मुगु	गमगढी
रोल्पा	सुलीचौर
प्युठान	सुर्पाली बजार
दैलेख	चुप्रा
दाङ	भालुवाङ
बर्दिया	मैनापोखरी
दार्चुला	गोकुलेश्वर
बैतडी	खोड्पे मेलौरी
बझाङ	बगरगाउं
अछाम	विनायक
कञ्चनपुर	बेल्डांडी

स्रोत : सहरी विकास विभागको अध्ययन सिफारिस

०७२ को भूकम्पपछिको बारपाक बस्ती

प्रकाश तिमिल्सेना

नसिकेको पाठ

२६ असारदेखि चार दिनसम्मको झरीसँगै बाढीपहिरो र डुबानले विनाश निम्त्यायो। गृह मन्त्रालय, आपतकालीन कार्य सञ्चालन केन्द्रका अनुसार २ साउनसम्म ९० जनाको ज्यान गइसकेको छ भने २९ बेपत्ता छन्। सबैभन्दा धेरै रौतहटमा १० जनाको मृत्यु भएको छ, ललितपुर र सिरहामा ६/६ जनाको ज्यान गएको छ। तराईमा झन्डै १२ हजार घरपरिवार विस्थापित भएकामा डोल्पामा पनि ४ घर विस्थापित बने। कुल २४ सय घरमा क्षति पुगेको छ।

मध्य तथा पूर्वी नेपालको पहाडी र तराई क्षेत्रमा केन्द्रित वर्षाले ३१ जिल्लामा प्रत्यक्ष असर पुऱ्यायो। काठमाडौं उपत्यका पनि डुबानबाट अछुतो रहन सकेन। पूर्व-पश्चिम राजमार्ग, बीपी राजमार्ग, त्रिभुवन राजपथ, कुलेखानी मार्ग, सिद्धार्थ राजमार्ग र मध्यपहाडी लोकमार्गका विभिन्न खण्ड केही दिन अवरुद्ध बने। मौसम पूर्वानुमान महाशाखाले भारी वर्षाको प्रक्षेपण गरे पनि सरकारले विपद्पछि उद्धारबाहेक त्यसअघि सतर्कताको कदम चाल्न सकेन।

१ साउनमा सरकारी टोलीले बाढीबाट बढी प्रभावित जिल्ला रौतहट पुगे पनि हेलिकप्टरबाटै अवलोकन गऱ्यो, स्थानीय अधिकारीलाई भेटेर वस्तुस्थितिको जानकारी लियो। टोलीमा उपप्रधान एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादव, गृहमन्त्री रामबहादुर थापासहित अन्य मन्त्री र पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल थिए।

तराई डुबानको कारण बारा, पर्सा, रौतहट र सप्तरीको सीमावर्ती क्षेत्रमा भारतले एकतर्फी रूपमा बाँध बनाउँदाको परिणाम ठानिन्छ। तर अवलोकनमा गएका गृहमन्त्री थापाले भनिदिए, "त्यो (भारतीय) बाँधभन्दा पनि हाम्रोतिर ठीक ढंगले तटबन्धन गर्न सक्यौं भने त्यसले समस्या समाधान गर्न सकिन्छ।"

यस पटकको झरीमा सबैभन्दा बढी पानी परेको २७ असार बेलुकासम्म हो। २४ घन्टे अवधिमा सिमरामा ३ सय ११.९ मिलिमिटर वर्षा भएको थियो भने काठमाडौं उपत्यकामा १ सय १५ मिलिमिटर। सिमरामा यसअघि २ सय ६६.४ मिलिमिटर वर्षाको रेकर्ड तोड्नुबाहेक यो वर्षको मनसुनी वर्षा ज्यादै ठूलो होइन। जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ मौसमविद् प्रतिभा मानन्धर भन्छिन्, "लामो समयदेखि कमजोर रहेको मनसुन सक्रिय हुँदा झरी परेको थियो तर यो धेरै ठूलो होइन।"

नेपाल बाढीपहिरोलगायत प्राकृतिक विपद्को हिसाबले जोखिमयुक्त मानिन्छ। त्यसमा पनि पानीजन्य विपद्को जोखिमका दृष्टिले नेपाल ३० औं स्थानमा छ। हरेक वर्ष कुनै न कुनै विपद्का ठूला घटना हुने गरेको दृष्टान्त छ। नेपालमा बर्सेनि बाढीपहिरो, आगलागी, चट्याङ, हुरीबतासजस्ता विपद्ले औसतमा ४ सय ८५ को ज्यान जान्छ, अर्बौं रुपैयाँ बराबरको क्षति हुन्छ। गृह मन्त्रालयको तथ्यांक केलाउँदा ०७५ मा मात्रै विपद्का कारण ४ सय ५४ जनाको मृत्यु भएको थियो।

तर विपद् जोखिमबारे पर्याप्त सूचना र ज्ञानको कमी हुनु, विपद् जोखिम न्यूनीकरण र विकास निर्माणबीच आवश्यक तालमेल कमी हुनु, विपद् उत्थानशील प्रक्रियाको कमजोर अवलम्बन, जोखिम नक्सांकन नहुनु, प्राकृतिक स्रोतको अव्यवस्थित दोहन, सूचना प्रणाली व्यवस्थापन अभाव र आपतकालीन अवस्थाका लागि दक्ष, पर्याप्त मानव स्रोत, उपकरण एवं राहतको कमीका कारण बाढीपहिरोलगायतका विपद्बाट जनधनको क्षति बढी हुने गरेको छ। पूर्वऊर्जा सचिव शीतलबाबु रेग्मी भन्छन्, "प्राकृतिक विपद्बाट हुने क्षति घटाउन नसकिने होइन। तर जिम्मेवारी बोध नै भएन, प्रशासन सुस्त छ, राजनीतिक इच्छाशक्ति छैन।"

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले प्राधिकरणको परिकल्पना गरेअनुसार नियमावली जारी भई राजपत्रमा प्रकाशित भइसकेको छ। तर प्राधिकरण गठन अझै हुन सकेको छैन। बरु जलउत्पन्न प्रकोप नियन्त्रण विभाग गत वर्ष नै खारेज भयो।

नेपालको मौसम इतिहासमा डरलाग्दो विपद्को घटना भएको वर्ष हो, साउन ०५०। त्यो बेला मध्यतराईको सर्लाहीमा बाढीले वितन्डा मच्चायो, व्यापक धनजनको क्षति पुऱ्यायो। १ हजार ३ सय ३६ जनाको ज्यान लियो। कुलेखानी जलविद्युत् आयोजनाको रिजर्भवायरमा ठूलो परिमाणमा बालुवा भरेर भत्काइदियो भने पृथ्वी राजमार्गका बेल्खु, मलेखुलगायत तीन ठाउँका पुल बगेका थिए। त्यो वर्ष मकवानपुरको टिस्टुङ क्षेत्रमा २४ घन्टामा ५ सय ४० मिलिमिटर वर्षा भएको थियो।

७ साउन ०५९ मा उपत्यकाको बाग्मतीमा भीषण बाढी आउँदा क्षति निम्त्याएको थियो। सोही वर्ष गण्डक परियोजनाको बाँधसमेत भत्काएको थियो। ०६५ मा तराईमा बाढीले वितन्डा मच्चायो, तटबन्ध फुट्दा सप्तकोसीमा बाढी आयो। ०६५ मा तराईमा आएको बाढीले सप्तकोसी ब्यारेजको बाँधमा समेत क्षति पुऱ्याएको थियो। गृह मन्त्रालयले तयार पारेको मनसुन आपतकालीन कार्ययोजना-०७६ पनि खोज, उद्धार र राहतमै केन्द्रित थियो।

क्षेत्र छाड्न गाह्रो हुन्छ।" थातथलोसँगको दूरी धेरै टाढा नहुने गरी नजिकै बस्ती स्थानान्तरण गर्दा उत्तम हुने ठान्छन् उनी।

हुन त कार्यविधिअनुसार एकीकृत बस्ती विकास गरी स्थानान्तरणपछि प्रदेश सरकार तथा स्थानीय तह एवं संघसंस्थाको समन्वयमा आयआर्जनसहित जीविकोपार्जनका लागि कार्यक्रम सञ्चालन गरिने भनिएको छ। तर गाउँघरमा जीविकोपार्जनको मुख्य आधार खेतीपाती र पशुपालन नै बढी हुन्छ। सरकारले घडेरी दिएर घर बनाइदिने भए पनि जीविकोपार्जनको माध्यम पुरानै खेतबारी नै हुन्छ, जुन एकीकृत बस्तीमा हुँदैन।

बस्ती बसेको ठाउँ जोखिममा भए पनि स्थानीयसँग जमिन, चरन क्षेत्र र पानी रहने भएकाले स्थानान्तरित हुने सम्भावित नयाँ ठाउँमा सबै सुविधा नपाइने हो कि भन्ने चिन्ता आफैंमा अस्वाभाविक नभएको राई बताउँछन्। भन्छन्, "सरकारी योजना घर सार्नका लागि मात्र नभई सुरक्षित महसुस हुने गरी रीति, संस्कृतिमा पनि असर पर्नुभएन।"

भूगर्भविद् सुबोध ढकाल एउटै पहाडको फेदीदेखि टुप्पोसम्मका ठाउँठाउँमा बस्ती हुने र तिनमा पूर्वाधार पुऱ्याउने नाममा अव्यवस्थित रूपमा डोजर चलाउँदा पहिरोको जोखिम हुने गरेको बताउँछन्। भन्छन्, "नयाँ बनाइने एकीकृत बस्तीको पनि भौगर्भिक अध्ययन हुनुपर्छ। हेर्दा सुरक्षितजस्तो देखिए पनि बाढीपहिरोको जोखिम हुन सक्छ।" ढकाल नेतृत्वको भूगर्भविद्को टोलीले सन् २०१८ मा गरेको अध्ययनले पनि चुरेका २२ जिल्लामा १० हजार ठाउँमा पहिरो रहेको र

सरोज बैजू

अति उच्च जोखिम
महोत्तरी
उच्च जोखिम
रौतहट, चितवन, पर्सा, सप्तरी, सिरहा, सुनसरी, धनुसा र बारा
मध्यम जोखिम
नवलपरासी, कैलाली, झापा, मोरङ, कञ्चनपुर र बर्दिया

अति उच्च जोखिम
उदयपुर, मुगु र लमजुङ
उच्च जोखिम
दार्चुला, बाग्लुङ, रोल्पा, अछाम, मकवानपुर, काठमाडौं, डोल्पा, पर्वत, ताप्लेजुङ, रामेछाप, गोरखा, सल्यान, डोटी, बझाङ, सिन्धुली, भक्तपुर, सोलुखुम्बु, जाजरकोट, रुकुम, नुवाकोट, धादिङ र म्याग्दी
मध्यम जोखिम
बाजुरा, भोजपुर, ओखलढुंगा, संखुवासभा, स्याङ्जा, दैलेख, अर्घाखाँची, तनहुं, कालीकोट, काभ्रे, दोलखा, खोटाङ, दाङ, सुर्खेत, हुम्ला, गुल्मी, जुम्ला, पाँचथर र प्युठान ।

स्रोत : राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा)

बाढीपीडितलाई आवास खोइ ?

०७४ साउन अन्तिम साताको बाढीले तराईका ३५ जिल्लामा जनधनको क्षति गर्‍यो, मुख्य बाली धान उत्पादनसमेत ५१ लाख ५१ हजार मेट्रिक टनमा खुम्चियो । त्यो वर्षको बाढीबाट विस्थापित ४० हजार ४ सय ६३ घरपरिवारलाई घर बनाइदिने निर्णय पनि गरेको थियो, तत्कालीन सरकारले । बाढीबाट पूर्ण क्षतिग्रस्त घर पुनर्निर्माणका लागि ३ लाख र आंशिक क्षतिग्रस्तका लागि १ लाख उपलब्ध गराउने निर्णय भए पनि कार्यान्वयनमै गएन । ६ कात्तिक ०७४ को मन्त्रिपरिषद् बैठकले 'विशेष बाढी पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना एकाइ' गठन गरे पनि वर्तमान सरकारले खारेज गरिदियो । बाढीपीडितका लागि घर बनाउने योजना अलपत्र छ ।

यो वर्षको बाढीबाट २४ सय घरमा पूर्ण क्षति पुगेको गृह मन्त्रालय आपतकालीन कार्य सञ्चालन केन्द्रको प्रारम्भिक अनुमान छ । केन्द्रका प्रमुख देव खनाल भन्छन्, "पूर्ण विवरण आइसकेको छैन ।" २९ असारको मन्त्रिपरिषद् बैठकले 'गृह मन्त्रालयको समन्वयमा क्षतिको विवरण तयार पार्ने र पुनर्स्थापना तथा पुनर्निर्माणका लागि थप निर्णय गर्ने' बाहेक ठोस निर्णय गर्न सकेन ।

तराईमा बाढी नियतिजस्तै बनेको छ । हरेक वर्ष कुनै न कुनै क्षेत्रमा बाढी आउँछ । तर सरकार बाढीपीडितको पुनर्स्थापनामा उदासीन देखिन्छ । ०७४ को बाढीबाट विस्थापित भएका मात्र होइन, ०६५ मा सुदूरपश्चिममा आएको बाढीबाट विस्थापितहरू अझै सामुदायिक वनमा बसिरहेका छन् ।

सरकारले विपद्को जोखिममा रहेकालाई स्थानान्तरण गर्ने योजना ल्याए पनि त्यसले बाढीपीडितलाई प्रभावकारी रूपमा समेट्न सकेको छैन । बाढीबाट सबैभन्दा बढी प्रभावित हुने रौतहटको भंगभवानीपुरमा एकीकृत बस्ती बनाउने सहरी विकास मन्त्रालयको योजनामा समेटिएको छ तर काम अगाडि बढेको छैन । बाढीका बेला विशेषगरी वृद्धवृद्धा, बालबालिका र अशक्त बढी प्रभावित हुन्छन्, आपतकालीन आवासको समेत व्यवस्था छैन । विद्यालय, सामुदायिक भवन, खुला चौर उनीहरूको आश्रयस्थल हुन्छ । गत आर्थिक वर्षमा सुनसरी, मोरङ, सप्तरी, सिरहा, महोत्तरी, रौतहट, चितवन, कपिलवस्तु, बाँके र कैलालीमा आपतकालीन आश्रयस्थल (इमरजेन्सी सेल्टर) निर्माण गर्न असारमा मात्र बजेट निकासा भएको थियो ।

बल्खुस्थित ओरियन्टल कोलोनीमा बाढी पसेपछि उद्धारमा खटिएका सैनिक

त्यसमा पनि १ सय हाराहारी जोखिमयुक्त स्थल रहेको निष्कर्ष निकालेको थियो ।

बस्ती स्थानान्तरणमा नेपालसँग त्यति धेरै अनुभव छैन । पञ्चायतताका पुनर्वास कम्पनी स्थापना गरेर पहाडी क्षेत्रका बासिन्दालाई मलेरिया उन्मूलन भएका तराईका पूर्वमा झापा, मोरङदेखि पश्चिममा बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा बस्ती स्थानान्तरण गरिएको थियो । त्यसबाहेक प्राकृतिक विपद्, निकुञ्ज, वन्यजन्तु आरक्ष, जलविद्युत् आयोजना निर्माणका क्रममा बस्ती सारिए पनि ०७२ को भूकम्पमा बस्ती स्थानान्तरणको खासै प्रयोग भएन ।

सुरुमा एकीकृत बस्ती निर्माण गर्ने भनिए पनि सडक, विद्युत्, खानेपानी, स्वास्थ्यसहित आधारभूत पूर्वाधार निर्माण गर्नुपर्ने देखिएपछि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पछि हटेको थियो । नमुनाका रूपमा केही एकीकृत बस्ती बनाइए पनि भूकम्पपीडितलाई घडेरी किन्न नगद नै दिइँदै आएको छ । प्राधिकरणका अनुसार बस्न असुरक्षित रहेका २ सय ८२ बस्तीका ४ हजार १ सय ३० लाभग्राहीलाई घडेरीबापत बढीमा २ लाख रुपैयाँका दरले दिइनेछ । बढी जोखिमा पर्ने बस्ती गोरखा, सिन्धुपाल्चोक र रसुवाका छन् । त्यस्तो अनुदान लिने लाभग्राही हालसम्म २ हजार १ सय २५ मात्र छन् । यी लाभग्राहीलाई पनि अन्यसरह घर बनाउन थप ३ लाख रुपैयाँ अनुदान दिइन्छ ।

नापी अधिकारी घिमिरेका अनुसार ढुंगा झर्ने, पहिरोको जोखिम, भिरालो जमिन चिरा परेको छ/छैन हेरेर र जग्गा निर्धारण गरेर बस्न उपयुक्त भए/नभएको प्रतिवेदन लिएर मात्र किन्ने गरिएको छ । यस्तो रकम व्यक्तिका नाममा दिइँदैन । पारित लिखतका आधारमा जग्गा बिक्रेतालाई नै दिने गरिएको छ । क्षेत्रमा गरेको अध्ययनले ४ सय ७५ बस्ती सार्नुपर्ने औंल्याएको थियो । पछि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण आफैंले अध्ययन गरी यस्तो बस्तीको संख्या २ सय ८२ मात्र कायम गरेको थियो । राष्ट्रिय योजना आयोगले ०७२ मा गरेको अध्ययनअनुसार बाजुरामा पहिरोको दृष्टिले जोखिमयुक्तका साथै छरपस्ट बस्ती अधिक छ । ने

विपत्तिमा गरिबमाथि वर्गविभेद

अच्युत वाग्ले

नेपाल प्राकृतिक विपत्तिको तातो तावामाथि नै बसेको छ। विनाशकारी भूकम्पको अन्तराल औसत ७०-७५ वर्षको भए पनि पहाडमा उत्तिकै विनाशकारी पहिरो र तराईमा बाढी एवं डुबान हरेक वर्षायाममा दोहोरिइरहने विपत्ति हुन्। यस पटकको बाढीपहिरोमा यी हरफ लेखिँदासम्म ९० जनाको ज्यान गएको र ३० भन्दा बढी बेपत्ता भएको सरकारी आँकडा छ। अन्नबाली, घरपालुवा जनावर र अन्य चलसम्पत्ति क्षतिको यकिन विवरण न कहिल्यै आउँछ, न त नेपालजस्तो शासकीय तदर्थवादले गाँजेको मुलुकमा यथार्थ गणना हुनै सम्भव छ। यस्तो तदर्थवाद समाज, योजना र जीविकोपार्जनका सबै प्रवाहमा अब फैलिसकेको छ।

नेपालले भूबनोट र सम्भावित प्राकृतिक प्रकोपसमेतलाई ध्यानमा राखेर राष्ट्रिय भू-उपयोग नीति बनाउन सकेको छैन। कतै-कतै सानो भूक्षेत्रका लागि बनाइएका यस्ता नीति पनि अपरिपक्व छन्। त्यसैले कार्यान्वयनमा आउन सकेका छैनन्। राष्ट्रिय आयतनको भूव्यवस्थापन हुन नसके पनि निरन्तर डुबानमा पर्ने बस्तीहरूलाई मात्र स्थानान्तरण र स्तरीकरण गर्न सके पनि यो परिमाणको जनधनको क्षति वर्षेपिच्छे हुने थिएन। सरकार (हरू) अलिकति मात्रै जिम्मेवार भइदिए बाढी पूर्वानुमान, त्यसको सूचना समयमै सम्प्रेषण र राज्य संयन्त्र आपत्कालीन स्थानान्तरणका लागि परिचालित गर्न सहज हुन्थ्यो। त्यसबाट क्षति उल्लेख्य मात्रामा कम गर्न सम्भव थियो।

विपद् व्यवस्थापनका लागि जनउत्तरदायी शासन र संवेदनशील सामाजिक चेत आवश्यक पर्छ। नेपालका हकमा यी दुवै परिपाठ द्रुत विघटित हुँदै छन्। ठूला प्राकृतिक विपत्ति नेपालका उपल्लो वर्गीय शासक र अभिजात्यका लागि दुःखान्त दुष्कर कथा मात्र हुन्। मन्त्रीहरू विपत्तिग्रस्त क्षेत्रको हेलिकप्टर दौडाहा गर्छन्। सुगम सहरबाट 'कृपापूर्वक' अवलोकन भ्रमणमा गइदिने हरेक हेलिकप्टर उडानमा अटाउन 'राष्ट्रप्रति चिन्तित' प्रभावशाली नेता, कर्मचारी, समाजसेवी आदिको हेर्नलायक तँछाडमछाड हुन्छ। अक्सर त्यस्तो हेलिकप्टर आकाशे अवलोकन गरेर, प्रकोपस्थलमा अवतरण नै नगरी फिर्ता हुन्छ। मौसम, शक्तिशालीहरूको व्यस्तता वा सुरक्षा खतरा अवतरण हुन नसक्नुको कारण अनेक दिइन्छन्। सबभन्दा ठूलो सुरक्षा खतरा राहत माग्नेहरूको भीडबाट हुन्छ, सरकारको ठेकेदारी गर्नेहरूलाई।

सञ्चारकर्मीहरू 'जोखिमपूर्ण' रिपोर्टिङ गर्न निस्कन्छन्। उनीहरूका लागि मन्त्रीको हेलिकप्टर ल्यान्ड हुन नसक्नु क्षतिभन्दा ठूलो समाचार हो। कुनै सुरक्षाकर्मीले एउटा बालिकाको साहसिक उद्धार गर्छ। त्यसलाई युट्युबमा हेरेर धेरैका आँखा राम्रो चलचित्र हेरेसरह रसाउँछन्। कलाकारहरू सहरमा चन्दा उठाउने कलाकारिता गर्छन्। राहत नपुगेका उनै पुराना कथा प्रत्येक वर्ष प्रेसमा दोहोरिन्छन्।

वर्षायाम सकिएसँगै यो दुष्कर कथा एक वर्षका लागि सकिनेछ। राज्य, समाज र पीडितले सिक्ने प्रयास कहिल्यै गर्दैनन्। अर्को वर्ष उस्तै प्रकृति-ताण्डव दोहोरिन्छ। पीडितहरूको पनि दोहोरिने कथा उस्तै हुन्छ। बाढी वा डुबान कम भएपछि आफ्नो थातथलो अनुमान लगायो। त्यहीँ पुनः अस्थायी बसोबास खडा गऱ्यो। राहत पर्खियो। उपायहीन भएर अर्को वर्षको बाढी उस्तै त्राससाथ कुरिरह्यो।

आर्थिक वर्गविभेद विपत्ति अर्थतन्त्रको एकल अनिष्टकारी चरित्र हो। सबै विपत्तिको पीडित सधैँ गरिब, उपायहीन र निःसहाय वर्ग मात्र हुन्छ। मात्रामा थोरै थपघट भए पनि सबै प्रकृतिका प्राकृतिक विपत्तिका हकमा वर्गविभेदको यो सूक्ति (एक्सिअम) उत्तिकै लागू हुन्छ। गरिब देशका गरिब जनता सापेक्षतः थप र निरन्तर प्रताडित हुन्छन्। नेपालजस्तो प्राकृतिक प्रकोप दोहोरिइरहने (संयुक्त राष्ट्रसंघीय पर्यावरणीय परिवर्तनको खाका अभिसन्धिसम्बद्ध सूचकांकले समेत प्राकृतिक विपत्ति जोखिमयुक्त मुलुकमध्ये मध्यम कोटिको ठहऱ्याएको) मुलुकका गरिबको अवस्थालाई शासकीय दुरावस्थाले झन् दयनीय बनाएको छ। भनिरहनुपरेन, धेरै गरिब अविकसित र गरिब मुलुकमै बसोबास गर्छन्। खासगरी गरिब नै प्राकृतिक प्रकोपबाट किन र कसरी प्रताडित हुन्छन् भन्ने विषयमा संसारमा व्यापक अध्ययन भएका छन्।

सारमा, मूल जोखिम गरिबहरूका लागि पक्की बसोबास उपलब्ध नहुनु हो। नेपालको भूकम्प र बाढीका दृष्टान्तले पनि यही पुष्टि गर्छ। आधुनिक, पक्की र खासगरी डुबान क्षेत्रमै भए पनि बहुतले घर हुनेहरू बढी सुरक्षित हुन्छन्। गरिबहरू निरन्तर विपत्ति प्रभावित भइरहने क्षेत्र छाडेर सुरक्षित स्थानमा बसाइँ सर्न आर्थिक स्रोत जुटाउन सक्दैनन्। न उनीहरूलाई विपत्तिका लागि बचत र बिमाको सेवामा पहुँच हुन्छ। उनीहरूको शिक्षा, चेतना र रोजगारीका सबै अवसरलाई

गरिबीले नै निलेको हुन्छ ।

नीति निर्माणको तहमा प्रकोपपीडित गरिबहरूको शून्य प्रतिनिधित्व, पहुँच वा प्रभाव अर्को अहं समस्या हो । जो नीति निर्माण तहमा बस्छन्, न ती गरिब हुन्, न त तिनले गरिबहरूको वर्गभावनालाई नै प्रतिनिधित्व गर्छन् । विपत्तिका कारणको पहिचान नै पनि यी नीति निर्माणको तहमा बस्नेहरू गर्न सक्दैनन् र अक्सर चाहँदैनन् । मूलत: यो उनीहरूको यो वर्गचासोको विषय नै होइन । खास प्रकृतिका जोखिम र विपत्ति पुनरावृत्ति हुने स्थानविशेषका आवश्यकताअनुसार नीति बनाउन चासो नहुनु र राष्ट्रिय वा अन्य प्रशासनिक तहमा हुने सामूहिक नीति निर्माण प्रक्रियाले गर्दा भएका साधन-स्रोतको पनि उचित उपयोग नहुनु थप समस्या हुन् ।

प्राकृतिक विपत्तिबाट हुने क्षति सामान्यत: तीन प्रकारका हुन्छन्: एक, धन-सम्पत्तिको प्रत्यक्ष क्षति । दुई, रोजगारी, आम्दानी र जमिन आदि नष्ट भएर हुने अप्रत्यक्ष क्षति । तीन, रोग, ऋण र समाज विखण्डनका रूपमा हुने कालान्तरका क्षति । यी तीनै प्रकारका क्षतिको मूल मार गरिबलाई मात्र पर्छ । सम्पन्न क्षेत्र वा व्यक्तिको क्षति कहिलेकाहीँ अंकमा बढी देखिए पनि गरिब र विपन्न क्षेत्रमा हुने क्षतिले अंकमा आकलन गर्न सकिनेभन्दा बृहत् मात्रामा जीवनयापनलाई असर पार्छ । छाप्रो बगाएका कारण ओतविहीन हुने गरिबको समस्या धनीलाई चर्केको पक्की घर मर्मतमा पर्ने लागतको दाँजोमा धेरै ठूलो हो । खेत डुबाएपछि गरिबले गुमाउने रोजगारी असर उसको सिंगो परिवारको भरणपोषणमा पर्छ । यसरी विपत्तिले गरिबीको दुष्चक्रलाई थप घनीभूत बनाउँछ । गरिबहरू बसोबास गर्ने क्षेत्रमा बनेका विद्यालय, स्वास्थ्य चौकी, पुलपुलेसा आदि सीमित पूर्वाधार सायदै पुनर्स्थापित हुन्छन् ।

यी दुष्चक्र तोडिने गरी राजनीतिक इच्छाशक्ति नदेखिने, नीति र योजना नबन्ने एउटै कारण निर्णयकर्ताको वर्गचासो गरिबको वर्गचासोसँग पटक्कै मिल्दैन । सत्ताधारीको चासो धनीहरूको बसोबासमा बन्ने ठूला ठेकेदारीका अयोजना (फ्लाईओभर, भ्यु टावर, राजमार्ग, ठूला पुल, रेलमार्ग आदि) मा हुन्छ । तिनमै प्रचार, पैसा र प्रभावको प्रदर्शन छ । यसैकारण प्रकोपपीडित बस्ने सीमान्त बस्तीहरू शताब्दियौँदेखि उस्तै आदिम र अस्थिर छन् । त्यहाँ लगानी गर्न अभिजात्य वर्गीय राज्य सधैं अनिच्छुक छ । उदाहरणका लागि, कोसीपीडित हजारौं परिवारको दारुण कथालाई समयले बिल्कुलै बदल्न सकेको छैन ।

नेपालको कहिल्यै संस्थागत हुन नसकेको विपद् व्यवस्थापनको कुरूप अनुहारमा यस पटक संघीयताको नयाँ कोण निस्केको छ । बाढीपीडितको उद्धार, राहत र स्थानान्तरणमा राज्यको चरम उदासीनताको दोष यस पटक संघीय राज्य प्रणालीले पाएको छ । संघीय सरकारका

माधव घिमिरे

विपत्तिले होइन हजुर, विभेदले रुवायो : बखरी, विराटनगरका बाढीपीडित बालबालिका

प्रत्यक्ष प्रतिनिधि, जिल्लास्तरीय प्रकोप व्यस्थापनको जिम्मा पाएका प्रमुख जिल्ला अधिकारी (सीडीओ) हरू र तिनका हेलिकप्टर दौडाहामा निस्कने मालिकहरूले आफ्नो कमजोरी दोष स्थानीय सरकारमाथि थोपरेका छन् । संविधानको अनुसूची ८ को २० नं बुँदाले यस्तो अधिकार स्थानीय तहलाई दिएको छ, जुन अनुसूची ९ को साझा अधिकार सूचीको नं ९ मा पनि उल्लेख छ ।

मूल समस्या फेरि पनि वर्गचेतकै हो । सम्पन्नहरूको मात्र हित हेर्ने गरी डिजाइन भएको राज्यले सबै संघीय तहको समन्वयकारी र विपद् व्यवस्थापनको मात्रै विशिष्टीकृत सेवा दिने, विपद्पीडित गरिबमुखी एउटा संस्थागत संरचना निर्माण गर्न चासो दिएको छैन । स्थानीय तहलाई पनि विपद् व्यवस्थापनको सीप, स्रोत र संरचनागत क्षमता हस्तान्तरणको योजना बनाउन सघाएको छैन । वर्गचेत नफेरिई, उनीहरूलाई दोष लगाएर मात्र समस्या समाधान हुने छैन, समस्या थाँती मात्र रहिरहनेछ । ने

ट्वीटर : @DrAchyutWagle

बाढीपीडितको उद्धार, राहत र स्थानान्तरणमा राज्यको चरम उदासीनताको दोष यस पटक संघीय प्रणालीले पाएको छ ।

सधैँभरिको कहर

बर्सेनि त्रासमा गाउँबस्ती

माधव घिमिरे

^ बाढी प्रभावित बखरी, मोरङ

माधव घिमिरे/विराटनगर

विराटनगर महानगरपालिका–१२ सिमराही टोलस्थित मुसहर बस्तीका मन्जकुमार ऋषिदेव परिवारसहित वर्षायाममा घर छाडेर अन्यत्र बस्छन्। उनीजस्तै हरेक वर्ष बर्खाभर अन्यत्र गएर बस्नुपर्ने बाध्यतामा मुसहर बस्तीका दर्जनौँ परिवार छन्। "वर्षा सुरु हुनासाथ केसलिया खोलाको बाढीले यहाँबाट खेदाइहाल्छ," ऋषिदेवको दुखेसो छ, "१० वर्षयता हरेक वर्ष गाउँको स्कुलमै बास हुन्छ हाम्रो।"

सिमराही, दरैया, मलंगवा र महतो टोलका सयौँ बासिन्दाको समस्या उस्तै छ। बाढीले घर डुबाउँछ। खानेकुरा, कपडा केही सद्दे रहँदैन। अनि नजिकका स्कुल र अरू सार्वजनिक स्थलमा गएर नबसी धर पाइँदैन। "वर्षा सकिएर पानी घटिसकेपछि मात्र पुरानो ठाउँ फर्कने गरेका छौँ," ऋषिदेव भन्छन्, "त्यतिन्जेल अरूले गरेको सहयोगबाट गुजारा चलाउनुपर्छ।"

बाढीमा उर्लेर आउने केसलिया खोलाको पानी बस्तीतिर नपस्ने गरी कुनै संरचना नबनाइएकाले स्थानीयले दुःख पाउने गरेका छन्। वडाध्यक्ष हिरालाल कामत केसलियामा बाँध बाँध्न वडाको क्षमताले नभ्याउने भएकाले महानगरपालिकालाई आग्रह गरेको बताउँछन्। "खोलामा बाँध राख्ने वा विस्थापित हुनेलाई सुरक्षित स्थानमा पक्की घर बनाएर स्थानान्तरण गर्नुपर्छ," कामत भन्छन्, "यसो नभए हरेक वर्ष उही समस्याले पिरोलिनुपर्ने अवस्था छ।"

प्रदेश १ को राजधानी विराटनगर महानगरपालिका सधैँ वर्षामा डुबानमा पर्दै आएको छ। यसपालि नगरका हरेक वडा डुबानमा परे। सयौँ परिवार विस्थापित भए। नगरभित्रका भित्री सडकको पानीले निकास नपाउँदा बढी समस्या देखियो। महानगरका इन्जिनियर भरत न्यौपाने ढल र निकास निर्माणको काम नसकिँदा समस्या भएको औँल्याउँछन्। क्षेत्रीय सहरी विकास योजनाअन्तर्गतको विकास निर्माणका काम अहिलेसम्म ७० प्रतिशत सकिएको उनको भनाइ छ।

झापाको कन्काई नदी आसपासका बासिन्दाको पनि समस्या उही हो। वर्षा हुने क्रम बढेर नदी उर्लन थालेपछि गाउँबस्तीतिर भँगालो छिर्छ। अनि आसपासका गौरीगन्ज, होकलबारीजस्ता गाउँका सयौँ बासिन्दा अन्यत्र नगई सुखै छैन। केही स्थानमा बनाइएका बाँधले समेत नथाम्ने गरी भलबाढी गाउँ हानिएपछि ज्यान जोगाउन गाउँले सुरक्षित स्थान खोज्दै भौँतारिने गरेका छन्।

यसैपालि पनि सयौँ बासिन्दा अन्यत्र गएर बसे। "घर डुब्न थालेपछि अर्थोक सामानको वास्ता नगरी ज्यान जोगाउन यहाँबाट भाग्नैपर्छ," होकलबारीकी चन्द्रकुमारी राई भन्छिन्, "बाँध फुटाएर खोला गाउँ छिरेपछि कसरी बचिन्छ?" यो अवस्था स्थानीय राई, लिम्बू र सीमान्तकृत सन्थाल आदि समुदायले हरेक वर्ष बेहोर्दै आएका छन्। झापाका कन्काई, बिरिङ, मेचीलगायत खोलामा आउने बाढीले आसपासका क्षेत्र प्रभावित हुने गरेका छन्। सुनसरी र मोरङमा लोहन्द्रा, बक्राहा, सिंगिया, बूढी खोला, सुनसरी खोलामा आउने बाढी गाउँबस्ती पसेर विनास हुने गरेको छ।

तराई क्षेत्रमा देखिने मुख्य समस्या नदी खोलानजिकै बगरमा अनि खोलाकै सतह बराबरीमा भएका बस्ती हुने गरेका छन्। अवैज्ञानिक भूउपयोग पनि बाढीको मुख्य कारण रहेको विज्ञहरूको भनाइ छ। पूर्वमा हरेक वर्ष संकटका रूपमा देखापर्ने कोसी नदीको बाढी हो। वर्षाभर यो नदी आसपासका सुनसरी, सप्तरी र उदयपुरका गाउँबस्ती त्रासमय बन्छन्।

२ भदौ ०६२ मा कोसी ब्यारेजभन्दा १३ किलोमिटर उत्तर सुनसरीको पश्चिम कुसाहामा तटबन्ध भत्किएर कोसी पूर्व हानिँदा नेपालका ५० हजारभन्दा बढी बासिन्दा प्रभावित भएका थिए भने भारत बिहारका ३ लाखभन्दा बढी। त्यसबेला विस्थापित भएका अन्यत्र बसिरहेका छन्। ठूलो क्षेत्रफलको खेतीयोग्य जग्गा बगरमा परिणत भएको छ।

कोसीमा पानीको बहाव उतारचढाव हुँदा पूर्व पश्चिम राजमार्गलाई जोड्ने कोसी ब्यारेज जोखिममा पर्ने गरेको छ। कोसी सम्झौताअनुसार ब्यारेजको रेखदेख र मर्मत जिम्मा भारत सरकारको छ। भारतीय भूमिमा सिँचाइ गर्ने उद्देश्यले बनाइएको कोसी ब्यारेजका ढोका खोल्ने र बन्द गर्ने अधिकार भारत, बिहार राज्यको जल संशाधन विभागको छ। अत्यधिक पानीको बहाव हुँदा पनि समयमा ब्यारेजका ढोका नखोलिदिँदा नेपाली गाउँबस्ती डुबानमा पर्ने गरेका छन्। ब्यारेजमा पानी निकासका लागि ५६ वटा ढोका छन्। ने

छिमेकीको जालसाजी

भारतीय पक्षको एकतर्फी बाँध निर्माणका कारण सीमावर्ती क्षेत्र बर्सेनि डुबानमा ।

राजकुमार राउत/लहान

असार अन्तिममा लगातार परेको वर्षाका कारण प्रदेश २ मा ३२ जनाले ज्यान गुमाए । १३ हजार मानिस बाढीका कारण विस्थापित भए । त्यसमा ३५ सय घरमा पूर्ण रूपले क्षति भए । रौतहट, महोत्तरी, सप्तरी, सिरहा बाढीमा सबैभन्दा प्रभावित भए । प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार रौतहटमा १०, सिरहामा ६, महोत्तरीमा ६, पर्सामा ३, बारामा २ र सर्लाही १ जनाको मृत्यु भयो भने दुई बेपत्ता छन् ।

वर्षातका बेला तराई-मधेसका सीमावर्ती गाउँ डुबानमा परेको पहिलो पटक होइन । तीन वर्षअघि खाडो नदीको बाढी गाउँ पसेपछि पानीको बहाव निकास नहुँदा सप्तरीको सीमावर्ती गाउँ तिलाठी पूरै डुबानमा पऱ्यो । गाउँ डुब्नुको मुख्य कारण खाडो नदीको बाढीभन्दा पनि सीमा क्षेत्रमा भारतीय पक्षले सडक निर्माणको नाममा बाँधेको बाध थियो । पानीको निकास नहुँदा भेलले भारतीय बाँध भत्कायो र पानीको निकास भएपछि डुबान हट्यो ।

त्यही पानीको भेलले भत्काएको बाँधलाई पुनः भारतीय पक्षले बाँध्न खोज्दा आफ्नो गाउँ डुबेको भन्दै तिलाठीबासी प्रतिकारमा उत्रिए । दुवै पक्षबीच झडप भयो । झडपमा नेपालतर्फ तिलाठीका देवनारायण यादवसहित चार घाइते भए । तर तिलाठीबासीले बाँध बाँध्न दिएनन् ।

सिरहा, लहान एलएमसी कलेजका प्राध्यापक मनोज कर्ण प्रदेश २ डुबान हुनुको मुख्य कारण छिमेकीको कपट रहेको बताउँछन् । "नेपालको उत्तरी क्षेत्रबाट बग्ने पानीको प्राकृतिक बहावलाई रोक्न भारतले सीमा क्षेत्रमा एकतर्फी बाँध बनाएका कारण वर्षाको भेलले सहज निकास पाउँदैन," उनी भन्छन्, "पानी भेल बाँधमा ठोक्किएर मास्तिर फर्कन्छ र सप्तरीदेखिको पर्सासम्मको सीमावर्ती क्षेत्र बर्सेनि डुबानको चपेटामा पर्छ ।"

गत वर्ष भारतीय पक्षले नेपालसँग समन्वय नै नगरी एकतर्फी रूपमा पश्चिमी भाग तर्फबाट कोसीमा पाइलट च्यानल निर्माण गरेकाले सप्तरीको हनुमाननगर नगरपालिकाका १२ र १३ वडा अनि कोइलाढी तिलाठीका ४ र ५ वडा डुबानमा परेको इन्सेक प्रतिनिधि मनोहर पोखेल बताउँछन् । सिरहाको चुहर्वास्थित रेडक्रस कार्यालयमा बसेको दैवी विपद् व्यवस्थापन समितिको बैठक बस्यो । बैठकमा सहभागी अधिकांश स्थानीय जनप्रतिनिधिले भारतीय पक्षले सीमा क्षेत्रमा बाँधेको बाँधका कारण तलतिर प्राकृतिक भेलको निकास हुन नसक्दा सिरहाको सीमावर्ती गाउँ डुबानमा परेको सुनाएका थिए ।

सप्तरीका प्रदेश सभासद् गोविन्द न्यौपाने चुरे फँडानी र दोहनका कारण नदीनालाको भाग उच्च भएकाले बर्सेनि समस्या थपिएको बताउँछन् । चुरेले बगाएर ल्याएको बालुवाले नदी उच्च भएको छ भने होचो भागमा बाढी पसेर मधेस डुबाएको छ । कमला सिँचाइ आयोजनाका नहर र खाडो नदीमा लगाइएको तटबन्ध पनि सिरहा, सप्तरी, धनुषा डुबानको कारण भएको सिरहाका प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारी बताउँछन् । भन्छन्, "नहर र बाँध मर्मत गरेपछि ठेकेदारले अधूरो छाडिदिने गरेकाले बाढी त्यही अधूरो भागबाट पसेर गाउँ डुबाउँछ ।" ने

सप्तरीको तिलाठी गाउँ, जहाँ तीन वर्षअघि वर्षाको भेलले फुटाएको सीमावर्ती क्षेत्रको बाँधका विषयमा ठूलो विवाद पऱ्यो ।

राजकुमार राउत

फेसबुक-ट्वीटर र छाड्दा

[अनुभूति]

जीवन क्षत्री

डिसेम्बर २०१६ मा सामाजिक सन्जाल छाड्दा लागेको थियो, *ट्वीटर* र *फेसबुक*बाट यो मेरो अस्थायी बहिर्गमन हुनेछ । दैनिक जीवनको अभिन्न अंग बनिसकेका ती माध्यम सधैंका लागि छाड्न सकिन्छ भन्नेमा म विश्वस्त थिइनँ । त्यसैले त्यहाँबाट बाहिरिनुका कारणबारे मैले आफ्नो लेखको शीर्षक 'मैले (अ)सामाजिक सन्जाल किन छाडिनँ ?' भन्ने राखेको थिएँ । लगत्तै पोखरामा भएको नेपाल साहित्य महोत्सवमा पनि म सामाजिक सन्जाल छाड्ने आफ्नो निर्णयप्रति धेरै नै रक्षात्मक थिएँ । सामाजिक सन्जालका नकरात्मक पक्षबाट उदेक लागे पनि तिनलाई नचलाउँदा केही आवश्यक सूचना, प्रसंग, सन्दर्भ वा ज्ञान छुटिहाल्छ कि भन्ने भय मेरो मनमा थियो ।

सामाजिक सन्जालबाट बाहिरिएपछि दिन, साता, महिना र वर्ष बिते । मलाई पहिले चिन्तापूर्वक अपेक्षा गरेझैं केही छुटेको वा पछि परेको भावले कहिल्यै तर्साएन । नयाँ जीवनशैलीमा अभ्यस्त भएँ । फरक विषयमा आउने छिटफुट प्रसंगबाहेक दुई वर्षसम्म यो विषयमा मैले कतै केही लेखिनँ ।

ती सन्जालबाहिर अढाई वर्ष बितेपछि यसपल्ट यो विषयमा प्रत्यक्ष छलफलको मेसो जुर्‍यो । यसबीच हाम्रो पारिवारिक प्रयासमा विविध विषयमा प्रत्यक्ष छलफल र दोहोरो अन्तर्क्रिया हुने गरी डबली बुक क्याफे स्थापित भइसकेको थियो । भरतपुरको डबली र पोखराको उस्तै थलो रिडर्स कर्नरमा गरी झन्डै सय जनासित मैले यस विषयमा अनुभव सुनाउने र सिकेका कुरा बताउने मौका पाएँ । गजब त के भने दर्शकदीर्घाबाट जति प्रतिक्रिया आए, तीमध्ये कुनैले पनि मैले औंल्याएका सामाजिक सन्जाल-संस्कृतिका विकृति र समस्याको प्रतिवाद गरेनन् ।

बरु धेरैमा मैले यस्तो भावचाहिँ बलियो पाएँ: सामाजिक सन्जालमा समस्या बग्रेल्ती छन् । अवस्था बिग्रँदो पनि छ । अतिवाद बढ्दो छ । 'ट्रोलिङ' अकासिँदो छ तर विविधतापूर्ण सूचना सुविधापूर्वक एक ठाउँमा ल्याउने र धेरै मानिसबीच सम्पर्क सम्भव तुल्याउने गुनका कारण ती माध्यम छाडिहाल्न सकिँदैन । निन्दा असह्य भयो भने मान्छे वा 'नोटिफिकेसन' 'ब्लक' गर्ने, बसिनसक्नु भयो भने केही दिन त्यहाँबाट बाहिरिने । जो पायो उसैसँग बहसमा नभिड्ने तर आफ्ना कुरा बलियोसँग राख्न पनि नछाड्ने ।

साथीहरूको यो कुराले मलाई सामाजिक सन्जाल छाड्ने बेलाको आफ्नो चिन्ता फेरि सम्झायो, केही कुरा छुटिहाल्छ कि ! पछि परिहालिन्छ कि !

जहाँ समस्या, त्यही समाधान । सन्जालबाट बाहिरिनासाथ मेरो दैनिकीमा जुन विशाल रिक्तता खडा भयो, त्यसलाई भर्न मैले सक्रिय रणनीति अँगालेँ । उसै पनि स्क्रिन र माइक्रोस्कोपको दोहोरो मारमा परेका मेरा आँखा सुक्खापनको समस्याले जर्जर भएका थिए । त्यसैले ज्ञान प्राप्तिको वैकल्पिक इन्द्रियका रूपमा मैले कानलाई अघि सारेँ । सुनाइको समय अधिकतम गर्न खासगरी कामबाट घर फर्कंदा म सार्वजनिक सवारी साधन छाडेर पैदल हिँड्न थालेँ । अरू बेला पनि जोगाड गर्न सकिने एकाध घन्टा मिलाएर दैनिक कम्तीमा पनि तीन घन्टा मैले विविध सामग्री सुन्न सक्ने भएँ ।

इतिहासमा यसै पनि मेरो चाख छ । त्यसैले पश्चिमा सभ्यताको इतिहाससम्बन्धी वृत्तचित्रबाट मेरो सुन्ने यात्रा सुरु गरेँ । जिसस क्राइस्टको जीवन र इसाई धर्मको उद्गमसम्बन्धी अमेरिकी सार्वजनिक प्रसारण संस्था पीबीएसले बनाएको वृत्तचित्रले मेरो श्रवण-संसारको उद्घाटन गर्‍यो । रोमन साम्राज्यको उत्थान र पतन, इस्लाम धर्मको उदय, मध्ययुगीन धर्मयुद्ध, प्रोटेस्टेन्ट सुधार अभियान, पुनर्जागरण र प्रबोधन युग, औद्योगिक क्रान्ति, फ्रान्सेली क्रान्ति, बोल्सेभिक क्रान्तिबारे अनेक वृत्तचित्र मैले शृंखलाबद्ध सुनेँ । त्यसपछि पछाडि फर्केर बुद्धको जीवन र बौद्धधर्मको उदयबारे सुनेँ । अनि चीन, भारत, पाकिस्तान र बंगलादेशबारे ऐतिहासिक वृत्तचित्र खोजी-खोजी सुनेँ ।

करिब ६ महिनामा मेरो मानसपटलमा विश्व इतिहास एउटा शृंखलाका रूपमा हाजिर थियो जबकि त्यसअगाडि अनेक ऐतिहासिक घटनाक्रम अलगअलग बिन्दुजस्ता लाग्थे । यसैबीच हेनरिक इब्सेन र ओस्कार वाइल्डका नाटकको दृश्यलाई बिर्साउने श्रव्य संस्करण अडियोबुकमा सुन्ने लत लागिसकेको थियो । इब्सेनको *द डल्स हाउस* र वाइल्डको *अन आइडियल हस्बेन्ड* नाटक त धेरै पल्ट सुनेँ । हरेकपल्ट सुन्दा लेखकले लुकाइराखेको रहस्यको एउटा नयाँ पत्र खुलेजस्तो हुने । यसबाहेक समसामयिक र भविष्यमुखी विषयमा विभिन्न विज्ञका लेक्चर र प्यानल छलफल सुन्नु पनि दैनिकीको पाटो बन्यो । भारतमा रामचन्द्र गुहा र प्रतापभानु मेहताजस्ता विश्लेषकले जति इतिहास र राजनीति बुझाउँथे, गुल्जारजस्ता कला-साहित्यका हस्तीले भावनाको गहिराइमा पुर्‍याउँथे । *न्युजलन्ड्री* र *अल्जेब्रा*जस्ता भारतीय च्यानल र सोले मूलधारका मिडियामा कतै नपाइने सूचना र विचारसम्म पुर्‍याउँथे । पश्चिमा विश्वमा पछिल्लो समय चलेका बहसबारे 'टेड टक' लगायत कार्यक्रममा विविधतापूर्ण विचार सुन्न पाइन्थ्यो ।

सामाजिक सन्जाल छाडेको केही महिना नबित्दै मेरो चासोको विषय के, त्यसका लागि सिकाइको कस्तो स्रोतमार्फत कसलाई पछ्याउने भन्ने आफैँले सक्रियतापूर्वक मानसिक नक्सा बनाउन थालेँ । अहिले पनि कहिलेकाहीँ केही महिना लामो



सामाजिक सन्जाल छाडेकोमा मलाई पछुतो भएको कुनै विषय छ ? लामो प्रयासपछि याद आयो, केही साथीले सबै साथीभाइ *फेसबुक*मा भएको सम्झेर बिहेको निम्तो त्यता राखेपछि फोन गर्ने दुःख गरेनन् ।

एउटा सिजनभर एउटै विषयलाई अनेक कोणबाट हेर्ने सामग्री मात्रै सुन्ने गर्छु । सुन्ने सामाग्रीबाट उठेका जिज्ञासा समाधान गर्नसमेत अनलाइन सर्च गरेर नयाँ सामग्री खोजेर पढ्ने विकल्प त जहिले पनि छँदै छ । सीमित देशी-विदेशी सञ्चार माध्यम नियमित पढ्ने दिनचर्या पनि कायमै छ । खासगरी भारतीय अनलाइन *स्क्रोल, क्याराभान* र *द वायर*, बेलायती पत्रिका *द गार्डियन* र अमेरिकी पत्रिका *न्युयोर्क टाइम्स* र *न्युयोर्कर*का विश्लेषण र लामा आलेख विविध सूचना र विचार ग्रहण गर्ने भरपर्दा माध्यम बनेका छन् ।

सामाजिक सन्जालमा रहेका साथीमा त्यहाँको 'एल्गोरिदम' ले खोजिदिने विविध सामग्रीसम्म पहुँच नहुँदा पछि परिन्छ कि भन्ने भय देखिन्छ । तर सबै कुरा चपाएर निल्न मात्रै छाडिदिने सामाजिक सन्जाल संस्कृतिले के कुरालाई ओझेल पारिदिएको छ भने कुनै पनि बाह्य 'एल्गोरिदम' ले भन्दा प्रभावकारी खोजी गर्ने क्षमता हाम्रो मस्तिष्कमा पहिल्यैदेखि छ । त्यसबाहेक सामाजिक सन्जालले खोजिदिने आकाश-पातालका यावत सामग्रीमा विविधता त हुन्छ तर तिनको विषय, प्रस्तुति वा सन्देशमा सुसंगति हुने सम्भावना कम हुन्छ ।

अडियोबुक्स र *युट्युब*मा रहेका वृत्तचित्रलगायत अनेक सामग्रीले धानेको मेरो श्रवण-सिकाइले यस वर्ष अर्को छलाङ मार्‍यो *पोडकास्ट*मार्फत । *अडियोबुक्स* र वृत्तचित्र सुन्ने संसारका नदी हुन् भने *पोडकास्ट* समुद्र । *अडियोबुक*मा पढ्नका लागि लेखेका किताब वाचन गरिने र वृत्तचित्र श्रव्य-दृश्य माध्यमका लागि बनाउने हुँदा तिनका आफ्नै सीमा हुन्छन् । तर श्रव्य-ज्ञान र श्रव्य-पत्रकारिताकै लागि बनाइएका पोडकास्टमा नवीनता, मौलिकता र अन्वेषणको सीमा छैन । यी पंक्ति लेखिरहँदा म माइक डंकनको संसारको रूप बदल्ने क्रान्तिबारेको पोडकास्ट 'रिभोल्युसन्स' को बीचमा छु । फ्रान्सेली क्रान्तिबारे मात्रै चर्चा गरिएका कम्तीमा ३५ घन्टा अवधिको शृंखला दस दिनजतिमा सुनी सिध्याउने मेरो योजना छ । यदि फ्रान्सेली क्रान्तिबारे *हिस्ट्री च्यानल*को वृत्तचित्र उक्त क्रान्तिको हेलिकप्टरबाट देखिने दृश्य थियो भने डंकनको *पोडकास्ट* १७९० तिरको पेरिसका सडकका कुनाकुनाबाट देखिने दृश्य हो । विविध विषयका यस्तै गहन हजारौं *पोडकास्ट* अहिले सहजै उपलब्ध छन् ।

सामाजिक सन्जाल छाड्ने बेला मेरो अर्को मुख्य चिन्ता थियो, आफ्ना कुरा राख्ने यस्तो माध्यम छाड्दा कतै आवाजविहीन त हुन्न ? दैनिकजसो चल्ने सामाजिक-राष्ट्रिय बहसबाट म छुट्ने त होइन ? त्यो चिन्ता दूर गर्न मैले त्यही समय हाराहारी दुई नयाँ वेबसाइट दर्ता गरेँ, एउटामा नेपालीमा र अर्कोमा अंग्रेजीमा आफ्ना कुरा राख्ने गरी । तिनमा नियमित लेख मात्रै नभई एउटा 'कमेन्ट्री' खण्ड राखेर आफूलाई लागेका फुटकर कुरा निरन्तर प्रकाशित गर्ने योजना बनाएँ । तर सन्जालबाट बाहिरिनासाथ मलाई नयाँ तत्त्वबोध भयो, मैले जगतका यावत विषयमा नबोल्दा, पाण्डित्याइँ नछाँट्दा वा टिप्पणी नगर्दा के नै पो बिग्रन्छ ? अनगन्ती विषयमा विज्ञमत नदिएपछि परिने भ्रम त सामाजिक सन्जालको विकाससँगै आएको न हो, मौनताको शालीनतालाई अपमान गर्दै हरेक मानिस बहुविज्ञ बन्न थालेको पनि त तिनै सन्जालको चरित्रका कारण हो ।

त्यही तत्त्वबोधका कारण यी अढाई वर्षमा मैले एकाध दर्जन मात्रै सामग्री ती नयाँ साइटमा प्रकाशित गरेको छु जबकि त्यस अगाडिको त्यत्तिकै अवधिमा आफ्नो ब्लगमा झन्डै तीन सय पोस्ट गरेको थिएँ । सन्जालबाट बहिर्गमनसँगै अरू धेरै विषयको विज्ञ भएको भन्ने आफ्नो भ्रम तोडियो, फोटोग्राफर, समीक्षक, कवि, सार्वजनिक वक्ता, अन्तर्राष्ट्रिय मामलाविज्ञ, खेल विश्लेषक आदि । त्यससँगै मलाई कुनै क्षेत्रमा पछि परेको होइन कि बहुविज्ञ हुनुको नाजायज र अनावश्यक बोझ उतारेको आभास भयो । फर्केर हेर्दा लाग्छ, सामाजिक सन्जाल छाडेसँगै मैले समाजमा आफ्नो औचित्य र सान्दर्भिकता नाप्ने मानक नै बदलिइसकेका छन् । आफ्नो विज्ञता भएको कुनै विषयमा बलियो तर्क राख्नुको महत्त्व मलाई पहिल्यै थाहा थियो, अब बाँकी यावत विषयमा मौन रहनुको महत्त्व र शालीनता पनि थाहा भइसकेको छ ।

मैले एउटा कुरा खुब गम खाएर सोचेँ, सामाजिक सन्जाल छाडकोमा मलाई पछुतो भएको कुनै विषय छ ? लामो प्रयासपछि याद आयो, केही साथीले सबै साथीभाइ *फेसबुक*मा भएको सम्झेर बिहेको निम्तो त्यता राखेपछि फोन गर्ने दुःख गरेनन् । म छुटेँ तर न बिहे रोकिए, न त मैले छुटाउनै नहुने केही छुटाएँ । सामाजिक सन्जाल छाडेकामा पछुताउनुपर्ने जति पनि कारण छन्, ती यसभन्दा गम्भीर भएको मलाई हेक्का छैन । ने

सरोज बैजु

सिनेम्यापटिक यायावर

गोकर्ण गौतम

'साहूले पासपोर्ट राखेको ६ वर्ष भयो। आउन मिल्दैन भन्छ, जहिले पनि_' फिल्म बुलबुलकी मुख्य पात्र रणकला (स्वस्तिमा खड्का) ले घरिघरि बोल्ने संवाद हो, यो । उनका पति साउदी अरब भासिएका हुन्छन् । जसरी रणकलाका पति अरबमा अलपत्र परेका हुन्छन्,

त्यसैगरी कुनै समय *बुलबुल*का लेखक/निर्देशक विनोद पौडेलको अरबमा विचल्ली भएको थियो । १८ वर्षमा अरब पुगेका थिए, साहूले पासपोर्ट खोसिदियो । त्यसपछि न तलब पाए, न त नेपाल फर्कन । सकसै सकसमा बित्यो पाँच वर्ष ।

"त्यो पात्र लेख्दा मैले कहीं न कहीं आफैँलाई लेखेको थिएँ," विनोद भन्छन् । त्यही फिल्मले विनोदलाई उत्कृष्ट निर्देशकको राष्ट्रिय अवार्ड दिलायो । अघिल्लो वर्ष फिल्म चलेबाटै उनलाई राष्ट्रिय अवार्डको निर्विवाद हकदार मानिएको थियो । अरबको बन्धनबाट यहाँसम्मको यात्रा आफैँमा छलाङ हो, जसका लागि विनोदले हन्डरका यावत् पहाड छिचोल्नुपरेको छ ।

विनोदका बुबाआमा रोजगारीका लागि कपिलवस्तुबाट भारत गुजरात पुगेका थिए । विनोद त्यहीं जन्मिए । ७ कक्षा पढेर कपिलवस्तु फर्कंदा उनमा फिल्मको भूत सवार भइसकेको थियो । अमिताभ बच्चनको अभिनय र एक्सन फिल्मका पूरा फ्यान । साथीहरू भेला पारेर हेर्दै नहेरेका र बन्दै नबनेका फिल्मका मनगढन्ते कथा सुनाउन सिपालु थिए उनी । जीवनमा एउटै लक्ष्य थियो, जसरीतसरी 'हिरो' हुने । नेपाल आएपछि पनि फिल्म-मोह ज्यूँका त्यूँ थियो । एसएलसी सकेपछि साइन्स पढे ।

बुबाको सपना थियो, छोरालाई डाक्टर बनाउने । तर प्लस टु नसकिँदै विनोदका बुबा बिते । बुबाको सपना अधूरो भयो, उनको काँधमा जिम्मेवारीको बोझ थपियो । घरको जेठो सन्तान न परे । घर खर्च चलाउनै धौधौ भएपछि १६ वर्षमै चिनी उद्योगमा श्रम बेच्न थाले । ड्युटी थियो, पानी र चिया 'सर्भ' गर्ने, सरसफाइ र भाडा माँझ्ने ।

महिनाभरि खटेर काम गऱ्यो, तलब आउँथ्यो, १८ सय । भाइ-बहिनीलाई पढाउनै नपुग्ने । तिनताका साउदी अरब जाने लहर चलेको थियो । विनोद पनि गरिबीको उकुसमुकुसबाट उम्कन अरबको राप सहन राजी भए । ऋणपान गरेर उता पुगे तर एकपछि अर्को परिबन्दमा फस्दै गए । कम्पनी जाली परेछ, पासपोर्ट हडप्यो, काममा लाद्यो तर तलब दिएन । चुइँक्क बोल्यो भने ज्यानै जाला भन्ने भय । परिवारसँग फोनमा कुराकानी गर्न पनि मुस्किल हुन्थ्यो । निरीह भएर काम गर्नुको विकल्प थिएन । ज्यादतीपूर्ण पल सम्झँदै विनोद भन्छन्, "नेपाल फर्कन पाइएला भन्ने आशै थिएन । अरबमा सङ्छुजस्तो लाग्थ्यो ।" पाँच वर्ष कालकोठरीमा बिताएपछि उनी बल्ल स्वदेश फर्कन पाए ।

नेपाल फर्कंदा विनोदसँग अब जे गर्छु, नेपालमै गर्छु, रगत-पसिना बगाउन विदेश जान्नँ भन्ने संकल्पबाहेक अर्थोक थिएन । तर यहाँ के गर्ने, अन्योल थियो । मनको कुनामा अझै हिरो बन्ने चाह जीवित थियो ।

एक दिन कलेज अफ् फिल्म स्टडिजको विज्ञापन देखे । ढुंगो खोज्दा देवता मिलेजस्तो भयो । कलेजमा भर्ना भए । विनोद सम्झन्छन्, "शिक्षक गतिला थिएनन्, क्यामेरासमेत थिएन तर साथीमाझ फिल्मी माहोल थियो । त्यसबाटै सिक्न खोजियो ।" अभिनय मुख्य विषय लिएर स्नातक सके । यो तीन वर्षले उनलाई हिरो होइन, अभिनेता बन्न प्रेरित गऱ्यो ।

त्यतिबेला फिल्म पढेको भन्नासाथ नाक खुम्च्याउँथे, फिल्म उद्योगका स्थापित हस्तीहरू । फिल्म पनि पढ्ने कुरा हो र भनेर खिल्ली उडाइन्थ्यो । यो सोचको सिकार विनोद पनि भए, पढाइ सकियो तर फिल्ममा काम पाएनन् । अभिनय पढे पनि उनी पटकथा लेख्थे । उनकै साथी रामराजा दाहालका लागि *हे युवा* फिल्म लेखिदिए । मुख्य चरित्रमा विनोद पनि थिए । जसोतसो खिचियो तर फिल्म चले-नचलेको पत्तै भएन ।

अर्को फिल्म *टार्गेट*को हालत पनि भिन्न रहेन । भन्छन्, "न काम पाएको थिएँ, न त पाएको काम चित्त बुझिरहेको थियो । त्यसैले ममा फ्रस्टेसन सुरू भइसकेको थियो ।" रियालिटी सो सुपर एक्टिङ कम्पिटिसनबाट नाम कमाए तर काम पाएनन् ।

यसरी तड्पिरहेका बेला नारायण पुरीको *पीडा* फिल्ममा मुख्य भूमिकामा अनुबन्धित भए । शुभमुहूर्त पनि भयो । तर *पीडा*को पीडा के भइदियो भने त्यो बीचमै तुहियो । *सिग्नेचर* नामक अर्को फिल्मले पनि पूर्णता पाएन । ठक्करै-ठक्कर । खेल्न नपाएपछि निर्देशन गर्न तम्सिए, दुई महिना आफैं कोठामा थुनिएर पटकथा लेखे । तर निर्माताको हस्तक्षेप सहन नसकेपछि त्यत्तिकै तुहियो ।

निराशाले सीमा नाघिसकेको थियो । यहाँ माखो नमर्ने, बरू तनाव थपिने देखेपछि बेलायत गए, एमबीए पढ्न । बेलायत बसाइले कामप्रतिको इमानदारी सिकायो, परिपक्व बनायो । भन्छन्, "विभिन्न संस्कृति र मनोदशाका मान्छेसँग संगत गर्ने मौका मिल्यो । त्यसैले फ्रस्टेड भएर बेलायत गए पनि उपयोगी भयो ।"

'अन्तर्राष्ट्रिय बजार' मा स्नातकोत्तर गरेपछि स्वदेश फर्किए । भीएस निकेतन र नासा कलेजमा पढाउन थाले । फिल्मसँग दूरी बढ्दै थियो, त्यही बेला एकसाथ दुई मौका जुऱ्यो । एउटा, उनी आफैं पढेको ओस्कार इन्टरनेसनल कलेजको प्रिन्सिपल हुने । दोस्रो, *साँघुरो*को पटकथा लेख्ने । दुवै काममा उनी सफल भए ।

त्यसो त उनले निर्देशन गरेको सर्ट फिल्म *अवेकन आइज* सन् २००८ मै कान्स फेस्टिभलको सर्ट कर्नरमा चयन भएको थियो । *साँघुरो*ले राष्ट्रिय-अन्तर्राष्ट्रिय मञ्चमा ख्याति कमाएसँगै विनोदलाई पटकथाका अफर आउन थाले ।

अरू धेरै गर्न बाँकी छ । कम्तीमा फिल्ममा लाग्दा निम्तिएका सुरूआती फ्रस्टेसन सकिएको छ ।

खासमा उनले *बुलबुल* आफ्ना निम्ति भन्दा पनि राजेन्द्र शलभका लागि लेखेका थिए । शलभसँग कुरा नमिलेपछि जोयश पाण्डे निर्देशन गर्न लागिपरे । जोयशले पनि नगरेपछि विनोद आफैँले निर्देशनको कमान्ड सम्हालेका थिए । भन्छन्, "*बुलबुल* बनाउनुअघि एउटै प्रण गरेको थिएँ, बजारबाट निर्देशित हुँदै हुन्नँ, मेरो सोचलाई इमानदारीपूर्वक दृश्यमा भन्ने प्रयास गर्छु ।" यही इमानको प्रतिफल हुनुपर्छ, *बुलबुल* अब्बल दरियो । सार्क फिल्म फेस्टिभलमा सहभागी भइसकेको छ । राष्ट्रिय अवार्ड जितेपछि जिम्मेवारी थपिएको आभास भएको छ, विनोदलाई ।

यतिबेला उनी भुटानी शरणार्थीमाथि *एक्रोन इन्टरनेसनल* नामक फिल्म बनाउने गृहकार्यमा जुटेका छन् । यसका निर्माता अमेरिकी हुन्, छायांकन पनि अमेरिकाको एक्रोन सहरमा हुनेछ । यस फिल्मबाट अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो दरिलो उपस्थिति जनाउने उद्देश्य लिएर खटिरहेका छन् ।

"अरू धेरै गर्न बाँकी छ । कम्तीमा फिल्ममा लाग्दा निम्तिएका सुरूआती फ्रस्टेसन सकिएको छ," विनोद आत्मविश्वासी सुनिए, "अब सुरू हुँदै छ, मेरो सिनेम्याटिक यात्रा ।" ■

काठमान्डुको बैठककोठामा

विनोदविक्रम केसी

'हेलो सर, म त आइपुगेँ तपाईंको बैठककोठामा ।'

'के पारा हो भाइ तेरो ? यसरी अरूको घरमा बिनाअनुमति आउने हो ? यति असभ्य र अशिष्ट हुन मिल्छ ?'

'म खोला हुं । खोलाले कल-बेल बजाउँदैन, सर !'

'के बजाउँछ त ?'

'खोलाले त बाह्र बजाउँछ, सर ! जस्तो कि म तपाईंको बाह्र बजाउन आइपुगेको छु । तपाईं काठमान्डुले मलाई मिचेर, मेरो स्वच्छन्दतालाई, मेरो स्वतन्त्रतालाई, मेरो प्रवाहलाई निमोठेर मेरो बाह्र बजाइदिनुभएको छ । बाह्रको बदला बाह्र बजाउन म पनि पसेको छु, यहाँको बैठककोठामा ।'

'दुई-चार हात मिचेको न हुं । यसै पनि मेरो स्वभाव र प्रवृत्ति मिचाहा नै हो । मिचाहाले मिच्छ । काठमान्डु हुं म । यति त मेरो अधिकारै हो । तैंले मैले तय गरिदिएको बाटोमा हिंड्नुपर्छ ।'

'चिप्लेकिरा त आफ्नै बाटोमा हिंड्छ भने म त खोला हुं, सर ! म अरूले तोकिदिएको बाटोमा हिंड्दिनँ । अरूले निर्धारण गरिदिएको मार्गमा हिंड्नलाई म न कसैको शिष्य हुं, न कसैको कार्यकर्ता ।'

'जमिन दिनदिनै गायब भइरहेको छ । तँलाई अलिकति मिचेर, च्यापेर, अँचेटेर थोरै जमिन हासिल गरेँ त मैले के बिराएँ ? त्यसमाथि तेरा खातिर शानदार पर्खाल लगाइदिएको छु, दायाँ-बायाँ ।'

'यो जमिनको भोकले एक दिन तपाईंलाई खान्छ, सर ! अनि, पर्खालप्रतिको यो उग्र प्रेमले एक दिन तपाईंलाई किच्छ । मेरो एउटा प्रश्न छ ।'

'भो गर्नुपर्दैन । काठमान्डुलाई प्रश्न मन पर्दैन ।'

'प्रश्नदेखि किन यति डराउनुहुन्छ ? आत्मा सङ्लो नभएपछि यस्तै हो । देशमा अचेल किन यस्तो प्रश्नद्वेषी पर्यावरण बनाउनुभएको ?'

'अनि शासन कसरी गर्नु त ? हरेक सवाल सत्ताका लागि एउटा खतरा हो । प्रश्नको अनुहारै, हेर् त भाइ, कति कुरूप छ ? हँसियामुन्तिर सानो टिकी ! टिकीलाई मेट्ने हो । हँसियाविरूद्ध तरबार चलाउने हो । र, निष्कण्टक राज गर्ने हो ।'

'ताज्जुब लाग्छ, यति घटिया सोच बोकेर पनि कोही बाँच्न सक्छ !'

'बाँचेको छु, बाँच्नेछु युगयुगसम्म । अब तँ जा भाइ । थाङ्ने गफमा रमाएर बस्ने फुर्सद छैन मलाई ।'

'तपाईं काठमान्डु किन कोहीसँग संवाद गर्न रूचाउनुहुन्न ? म त संवाद गर्न आएको हुं । वर्तमानको दुःख बताउन आएको हुं, भविष्यको मन्त्रणा गर्न आएको हुं । रित्तो हात के आउनु भनेर अलिकति बाढी कोसेली लिएर आएको हुं ।'

'यही त तेरो गल्ती भो, भाइ । मकहाँ पनि बाढी लिएर आउने हो ? काठमान्डुलाई बाढी सुहाउँदैन ।'

'बाढी कसलाई सुहाउँछ त ?'

'बाढी त तराईलाई सुहाउँछ । ऊ त बाढीसँगै

खोलो पसेपछि

खाइखेली गरेर हुर्केको हो । तँ त तराईतिर पो छिर्नुपर्छ । फुसका झुपडी बगाउनू, गरिबका घरखेत बगाउनू, वस्तुभाउ बगाउनू, गरिबलाई बगाउनू...'

'साँच्ची, अरू के-के सुहाउँछ मधेसलाई ?'

'आगलागी सुहाउँछ, शीतलहर सुहाउँछ, सर्पको डसाइ सुहाउँछ...'

'ताज्जुब लाग्छ, यति विषाक्त सोच बोकेर पनि कोही बाँच्न सक्छ !'

'बाँचेको छु, बाँच्नेछु युगयुगसम्म । भो पुग्यो भाइ, अब । तेरो 'नोट अफ डिसेन्ट' दर्ता भइहाल्यो । जा अब । मेरो मुड खराब भइसक्यो । झन् आजको दिन रमाइलो गरूँला भन्ठान्याथेँ । दुई किलो मटन पनि लिएर आएको थिएँ । यसो दुई पेग ह्विस्की लगाउँला, मनसुनको मज्जा लिउँला भनेको त...। अनि, रतिक्रीडा पनि... सोचेको थिएँ... झरी परेको बेला...रतिक्रीडा दोब्बर स्वादिलो हुन्छ...। तैँले बिथोल्नुसम्म बिथोलिस्, भाइ !'

'देशमा गर्भवती महिला एक फाँको सुक्खा च्युराका निम्ति तड्पिरहेका छन्...तपाईं भने...।'

'ए भाइ, मेरो आफ्नै शासकीय लय छ, जो हत्तपत्त भंग हुँदैन । यस्ता साना-तिना आकस्मिकताले पनि छोयो भने त म काठमान्डु कसरी हुन सक्छु ? सिंगै देशलाई शोकधुनले छोपे पनि म त चुट्किला सुनेर, सुनाएर हाँस्न सक्छु । अँ, एउटा फ्रेस जोक छ सुन्छस् ? आइहालिस्, मस्त हाँसेर जालास् ।'

'देशमा प्रहसनको महामारी चलेको छ भन्नुको मतलब हर कोहीलाई हाँस्ने सुविधा हुन्छ भन्ने होइन । तपाईं काठमान्डुलाई पो कार्टुन-क्यारेक्टर हुने छूट छ । म त खोला हुँ, जोकर होइन ।'

'ठूलो कुरा गर्छस् ? राष्ट्रघाती... !'

'म कसरी राष्ट्रघाती भएँ ?'

'तँ कहाँ गएर मिसिन्छस्, हाम्लाई था' छैन र ?'

'तपाईं कहाँ गएर मिसिनुहुन्छ ? हाम्लाई पनि त था' छ ।'

'बढ्ता जान्ने पल्टिएर बहस नगर् । म थाकिसकेँ...।'

'तपाईंका फोहोर, मयल, पाप, बदनियत बगाउँदा-बगाउँदा म झन् कति थाकेको हुँला ?'

'मेरो बैठककोठामा छिरेको छस्, मैसँग विवाद गरिरहेको छस् । जो चोर, उसैको ठूलो स्वर !'

'हो सर, यहाँको स्वर अत्यन्त चर्को र ठूलो छ । मेरो कानको जाली फुट्छ कि क्या हो ?

'अब म सहन सक्दिनँ । मेरो अभिमान आहत भइसक्यो ।'

'अभिमान कि अहंकार ?'

'जे ठान्छस्, त्यही सही ।'

'सर, यो संसारमा हरेक चीजको आयु हुन्छ । अहंकारको पनि हुन्छ । अहिलेलाई त म गएँ तर फेरि आउँछु । कुनै न कुनै स्वरूपमा आउँछु ।'

'पर्वाह छैन मलाई ।'

'हेरूँला काठमान्डु सर, कहिलेसम्म बेपर्वाह हुन सक्नुहुँदो रहेछ, तपाईं ?' ने

मेरो आफ्नै शासकीय लय छ, जो हत्तपत्त भंग हुँदैन । यस्ता साना-तिना आकस्मिकताले पनि छोयो भने त म काठमान्डु कसरी हुन सक्छु ? सिंगै देशलाई शोकधुनले छोपे पनि म त चुट्किला सुनेर, सुनाएर हाँस्न सक्छु ।

कमजोर जगको घर

गोकर्ण गौतम

नेपालमा सिनेमा निर्माणको आधा शताब्दी नाघ्यो । बर्सेनि झन्डै सय सिनेमा बन्छन् तर विधागत रूपमा खास भिन्नता हुन्न । कमेडी र लभस्टोरी सिनेमाकै बाहुल्य हुन्छ । फरक विधाका सिनेमा बनाउने साहस नगन्य सिनेकर्मीमा मात्र हुन्छ । यही कारण हुनुपर्छ, संसारभर निकै रूचाइने हरर जनराका फिल्म हामीकहाँ वर्षमा एक-दुई मात्र बन्छन् । अघिल्लो वर्ष *सुनकेशरी* रिलिज भयो, अहिले घर । लेखक निर्देशक एकै हुन्, अर्पण थापा । *सुनकेशरी* लाइट-हार्टेड हरर थियो भने घरलाई हार्डकोर हन्टेड हाउस भनिएको छ । तर विधा अलग हुनु मात्र सबथोक हुन्न, जब सिनेमाले विधागत मान्यतालाई आत्मसात् गर्दै दर्शकलाई 'इन्गेज' गर्दैन । घर यही कोटिमा पर्छ । कमजोर जग अर्थात् पटकथाले घर निम्छरो बनाएको छ ।

शिव (अर्पण) र उनकी पत्नी सरू (सुरक्षा पन्त) ले सस्तो दाममा घर किन्छन् । उनीहरूसँगै सरूकी बहिनी माया (बेनिशा हमाल) पनि बस्छिन् । घरपूजा गरेपछि शिव पोखरा जान्छन् । पहिलेकी घरबेटीकी छोरीले त्यो घरमा आत्महत्या गरेकी हुन्छन् । त्यसैले दिदी-बहिनीलाई घरमा भूतले तर्साउन थाल्छ । भूतको पञ्जाबाट उम्कन खोज्छन् तर सक्दैनन् । भूतले दिएका प्रताडनामै केन्द्रित छ, फिल्म ।

घरमा झुन्डिएर मान्छे मर्ने, त्यो घर बिक्न मुस्किल हुने, बल्लतल्ल नयाँ मान्छे बस्न थाल्ने तर उनीहरूलाई भूतले सताएर हैरान गर्ने कथा नौलो होइन । प्रायः हरर फिल्ममा कहीं न कहीं यस्ता कथा-उपकथा जोडिएका हुन्छन् । पुराने कथालाई पनि प्रस्तुतिमा रोचकता थप्न सकिन्थ्यो । तर निर्देशक आङ सिरिंग पार्ने दृश्यभन्दा कर्कश ध्वनिबाट तर्साउन तल्लीन छन् । भूतका फितला दृश्यमा चर्को साउन्ड राखिएको छ । दृश्य र ध्वनिको तालमेल मिलेको छैन ।

घर लिनैपर्ने सरूको ढिपी हाम्रो समाजको नियति हो । भूतको प्रवेशअगाडिका दृश्य 'रिदम' मा छन् । गर्भवती सरूप्रति मायाको रूखोपना भने पत्यारिलो लाग्दैन । मायालाई तार्किक शैलीमा नभई जबर्जस्ती नकारात्मक बनाउन खोजिएको छ । घरको मुख्य समस्या भनेकै सुस्त पटकथा हो । न त 'ट्वीस्ट' हरू नै छन् । भूतले तर्साएको तर्साई गर्छ तर कथामा खास प्रगति हुन्न । न भूतका डरलाग्दा दृश्य नै छन् । उही कर्कश आवाज मात्र । मध्यान्तरपछि यसको मात्रा बढ्दै जान्छ । अन्तिममा 'क्रमश...' भनिएको छ । अर्थात्, घरको सिक्वेल पनि बन्ने रहेछ । पहिलो भागकै हालत यस्तो छ, सिक्वेलको प्रतीक्षा होला र !

नयाँ विधामा फिल्म बनाएकाले अर्पण धन्यवादका पात्र पक्कै हुन् तर उनले विधागत कुशलता पस्कन सकेनन् । सोही कारण घरले हरर विधाका नयाँ दर्शक निर्माण गर्न गाह्रै पर्छ । लेखन र निर्देशनमा चुके पनि अर्पणको अभिनय स्वाभाविक छ । उनको भूमिका सशक्तचाहिँ होइन । सुरक्षा पन्त फिल्मकी मेरूदण्ड हुन् । उनको हुलिया, हाउभाउ र मनोविज्ञानले पात्रलाई जीवन्त बनाएको छ । बेनिशा हमालको न चरित्र विश्वसनीय लाग्छ, न त अभिनय । यही कोटिको अभिनयले राष्ट्रिय अवार्डको साख जोगिँदैन भनेर कम्तीमा बेनिशाले बुझ्नुपर्छ । कलरिङ, खिचाइजस्ता पक्षमा मिहिनेत गरिएको छ । अर्पणले रिलिजअगाडि एक अन्तर्वार्तामा भनेका थिए, 'अघिल्लो फिल्मको कमजोरी सुधार्न घर निर्देशन गरेको होइन ।' उनले यथार्थ नै बोलेका रहेछन् । किनभने उनी निर्देशित *सुनकेशरी* लगायतका फिल्मका कमजोरीले घरमा पनि निरन्तरता पाएको छ ।

हरर फिल्मपारखीलाई तैबिसेक । बाँकी दर्शकलाई त घर झेल्नै मुस्किल । ने



फिल्म : घर
रेटिङ : १.५/५
★½☆☆☆

'गुम्बाका मूर्ति बुलेटप्रुफ बाकसमा'

नेपालको सबैभन्दा अग्लो मानव बस्ती हो, धो तराप । यो क्षेत्र कर्णाली प्रदेशको उपल्लो डोल्पाको ३ हजार ९ सय मिटरदेखि ४ हजार ३ सय मिटर उचाइमा फैलिएको छ । यही सुन्दर हिमाली उपत्यकामा २४ देखि २८ भदौमा डोल्पो महोत्सव हुँदै छ । महोत्सवको चाँजोपाँजो मिलाइरहेका छन्, संयोजक ग्याल्पो थापा भोटेले ।

यो ठाउँमा के त्यस्तो चीज छ, जसले मानिसलाई तान्छ ?
डोल्पो क्षेत्र सांस्कृतिक र प्राकृतिक सम्पदामा एकदमै धनी छ । १ हजार २ सय वर्ष पुराना गुम्बा छन् । भाषा, भेष, रहनसहन बाहिरी दुनियाँभन्दा फरक छ । यो ऐतिहासिक महत्त्वको थलो पनि हो । नेपाल एकीकरण हुनुअघि यो प्रशासनिक केन्द्र थियो । १४ औं शताब्दीमा त यो छुट्टै राज्य थियो ।

कस्तो संस्कृति हो, नहेरी नहुने ?
हिमाली/तिब्बती भेषको असली संस्कृतिको स्वरूप यहाँ मात्र देख्न पाइन्छ । अन्यत्र पनि हिमाली संस्कृति छ । तर ती सबै ठाउँमा आधुनिक संस्कृतिको मिश्रण छ ।

अन्यत्र मिश्रण हुने, यहाँ नहुने कसरी ?
भौगोलिक रूपमा एकदमै विकटमा पर्छ यो क्षेत्र । अझै पनि सडक मार्गले छोएको छैन । सदरमुकामदेखि तीन दिनसम्म पैदल हिँड्नुपर्छ । भौगोलिक कठिनाइका कारण यहाँका बासिन्दाको बाहिरतिर उति सम्पर्क भएन । त्यसैले यहाँ परम्परागत स्वरूपमै हिमाली संस्कृति जोगियो ।

हिमाली संस्कृति दुरुस्त जोगाउन सकिएला ?
सूचना, प्रविधि र भौतिक विकाससँगै उपल्लो डोल्पा बिस्तारै आधुनिक संस्कृतिसँग नजिक हुनेछ । त्यही भएर हामीले यहाँको संस्कृति जोगाउन छुट्टै अभियान चलाएका छौं । स्कुलमा डोल्पो भाषामा पढाइ हुन्छ । हाम्रो भाषामा पाठ्यक्रम बनिसकेको छ । विद्यालय पोसाक पनि हाम्रो आफ्नै छ ।

बाहिरी संसारसँग जोडिनकै लागि

महोत्सव हुन लागेको हो ?
हामी शिक्षा, स्वास्थ्य, सञ्चारमा पछाडि छौं । नागरिकको आधारभूत आवश्यकता पूर्ति गर्न ध्यान नदिएकाले केन्द्र र प्रदेश सरकारलाई झकझकाउन महोत्सवको सोच ल्याएका हौं । गुणस्तरीय पर्यटक आएपछि यहाँको आम्दानी बढ्छ र त्यसले सहज हुन्छ भन्ने हाम्रो अपेक्षा हो ।

उपल्लो डोल्पोको समाजलाई कस्तो देख्नुहुन्छ ?
हिंसारहित र शान्तिप्रेमी । पाहुनासँग गाँसबासको पैसा लिंदैन । अरूलाई सत्कार गर्दा आनन्दित हुन्छ ।

हिंसारहित समाजका गुम्बाबाट ऐतिहासिक मूर्ति र धनमाल चोरी भएछन् नि ?
५० वर्षअघिदेखि यहाँका गुम्बाका मूर्ति हराउन थालेको हुन् । १० वर्षअघिदेखि यस्ता घटना अलि बढी भए । एकाध फटाहा त जहाँ पनि भइहाल्छन् । त्यस्ता केही बदमास मानिसको संलग्नतामा बाहिरकाले मूर्ति चोरी गरेका हुन् ।

कति गुम्बाबाट चोरी भएका छन् ?
धेरैमा भएको छ । चोरी बढ्न थालेपछि हामीले पुरातत्त्व विभागमा सम्पर्क गर्‍यौं तर विभागले प्रभावकारी पहल गरेन । अनि, हामी आफैंले बुलेटप्रुफ बाकसभित्र मूर्ति राखेर जोगाउन थालेका छौं । अहिले दुइटा गुम्बाका मूर्ति राखिसकेका छौं । महत्त्वपूर्ण सबै मूर्ति यसरी नै जोगाउँछौं । यहाँ सरकारको सुरक्षा नै छैन ।

प्रहरी प्रशासन छैन ?
कहाँ हुनु ! असारदेखि असोजसम्म स्थानीयले खानेबस्ने बन्दोबस्त मिलाएर चार वर्षयता अस्थायी रूपमा तीनचार ठाउँमा प्रहरी राख्ने गरेका छौं ।

■ **मनबहादुर बस्नेत**

संघर्ष र साधना

गुरुङ सुशान्त

***'गाउँ-गाउँबाट उठ...बस्ती-बस्तीबाट उठ...'* यस्तै गीतको बलमा ठूल्ठूला** आन्दोलन र समर भएका छन् । क्रान्तिलाई अडिलो सामलतुमल चाहिँदा यस्ता गीत हाजिर भए । यिनै संगीतमा झंकृत हुँदै निहत्था जनतासमेत आन्दोलनको आँधीबेहरीमा होमिए । जनता जगाउने यस्तै संगीतको चर्चा हुँदा रामेश, रायन, मञ्जुल, अरिम समूहको योगदानलाई बिर्सनै मिल्दैन । त्यो समूहले नेपालका गाउँ-बस्तीमा दीनहीन जनका दुःख र पीडालाई आफ्नो मादल र गितारमा उन्यो । आन्दोलनबाट उठेका व्यक्ति र दल अनेकौं पटक सत्ताको बार्दलीमा पुगे तर किसान र मजदुरका दुःखका पहाड उसरी नै ठडिएका छन् । ती भुइँतहका गाथा गाउँदा फेरि पनि उनै रामेशहरू सम्झिइन्छन् । श्रोता-पाठकलाई लाग्न सक्छ, ती संस्कृतिकर्मीका जीवनका उकाली-ओराली कस्ता होलान् ? रामेशको *बालापन जीवनको*ले जिज्ञासु पाठकलाई केही उत्तर दिन्छ ।

क्षणिक आवेग र आकर्षण पोख्ने मौसमी गीतको भेलबाढीछेउ उभिएर जनताका दुःख समेटेर जनतालाई नै झकझकाउने संगीतमा निरन्तर लागिरहनु चानचुने काम थिएन । चल्तीको भाका र भावभन्दा बेग्लै बाटो हिँड्नु अर्को जोखिम उठाउनु थियो । बाल्यावस्थाका दिन सम्झेर प्रायः मानिस प्रसन्न हुने गर्छन् किनकि ती अद्वितीय र निष्कपट हुन्छन् । रामेशको बालापन पनि अनेक जिज्ञासासहित सांगीतिक माहोलमा रमेको खुलस्त पार्छ, पुस्तकले ।

उनी शास्त्रीय संगीतका सोखिन बुबाको ग्रामोफोनमा विविध गीत सुनेर हुर्किए । रामेशको बालापनले ठान्थ्यो- शास्त्रीय संगीत नै खास हो, अंग्रेजी गीत गाउनु इज्जतिलो बन्नु हो । उतिबेलाको रजगजमा थियो- भारतीय गीतदेखि उतैको वाद्ययन्त्रसम्म । तिनै भारतीय संगीतको हावा दरबार छिर्‍यो । बुबा दरबारिया शासकसँग नजिक रहेकाले स्वाभाविक रूपमा रामेश भारतीय संगीतको गुञ्जनमा हुर्किए । युवाकालमा भने उनको संगीतले अर्कै मोड लियो । पछि न्याय, समानता र स्वतन्त्रताका लागि स्वरमा स्वर, हातमा हात मिलाउन आग्रह गर्ने यी जनगायकका बालऔँलाहरू भजनिया तबलामा नाचेको विगत पढ्दा पत्याउन मुस्किल पर्छ । जन-जागरणमा हिँड्दा रामेशहरू गाइने भनेर 'अछूत' बनाइए पनि ।

भजन-कीर्तनको माहोलमा हुर्किएकाले होला, नेपाली क्रान्तिको सांस्कृतिक जागरणमा यति लामो योगदान गरेका रामेशमा भने कहीं-कतै रहस्यवादको धङधडी बाँकी देखिन्छ । तीन वर्ष पनि नपुगेको चिचिलाले आफूभन्दा अग्लो तबला बजाएर सबैलाई छक्क पारेको प्रसंगलाई दिदीको मुखबाट बोल्न लगाएका छन् उनले । हुन सक्छ, सानै बालकले बजाएकाले प्रशंसाका लागि पनि मिलाएर सुनिदिए, घरका अग्रजले । लेखकले आफूमा जन्मसिद्ध प्रतिभा रहेको भान पर्ने गरी तबला प्रसंगमा जोड दिएका छन् । प्रश्न उब्जिन्छ- रामेशलाई आदर्श मान्ने कोही सिकारूले अवसरलाई सदुपयोग गर्ने कि रहस्य र चमत्कारी प्रतिभा पर्खेर बस्ने ? स्मरणीय पक्ष- श्रोताले आज जानेको-मानेको रामेश जनताका गायक हुन्, न कि कुनै जादुगरी । अथक सांगीतिक साधना, सत्तासँगको संघर्ष र सीमान्तकृत जनको पक्षमा उभिने वैचारिक अडानले नै उनलाई रामेश बनाएका हुन् ।

रामेशले साढे सात दशक उमेरबिन्दुमा उभिएर आफ्नो बाल्यकाललाई फर्केर हेरेका छन्, पुस्तकमा । घोडासहितको सम्भ्रान्त परिवारमा जन्मेका रामेशले निम्न वर्गीय मानिसका व्यथालाई आफ्नो गीतको संगीत बनाए । सामाजिक न्याय र राष्ट्रियताको पक्षबाट आजीवन विभिन्न मोर्चामा उभिएर लडेका रामेशले बाल्यकालीन सम्झनाबाट पुरानो समयलाई अभिलेखमा उतारेका छन्, जुन नयाँ पुस्ताका लागि इतिहास बुझ्ने सानो आँखीझ्याल हुन सक्छ । *बालापन जीवनको* एक कलाकारले बाल्यकालमा वाद्यवादन र सांगीतिक आलाप-संलापसँगको संगत मात्र होइन, नेपाली राजनीतिले भोगेको आरोह-अवरोहलाई निकटबाट अनुभूत गर्ने गोरेटो पनि हो ।



बालापन जीवनको

लेखक : **रामेश**
प्रकाशक : **फिनिक्स बुक्स**
पृष्ठ : २५७
मूल्य : ३५० रुपैयाँ

कांग्रेस र राणाबीचको द्वन्द्वले समाजमा पारेको प्रभावलाई अनुभवपरक ढंगले प्रस्तुत गरेका छन्, रामेशले । आफ्नो लोग्नेको प्राण रक्षार्थ हतियारधारीसँग पनि नदब्ने रामेशकी आमाको साहस पढ्दा सम्मानभाव जागेर आउँछ । राणाकालीन सामाजिक संरचना र सोचको यथार्थ पढ्न चाहने वर्तमान पुस्ताका लागि यो किताब पठनीय सामग्री हो, यद्यपि यसमा इतिहासका अवयवलाई भाँती पुर्‍याएर राखिएको छैन ।

एक बालकको कौतूकमय यात्रा पढ्दा-पढ्दै पाठक नेपाली कम्युनिस्ट राजनीतिको ऊहापोहबारे पनि गम्भीर हुन बाध्य हुन्छ । नेपाली राजनीतिमा सत्ताप्राप्तिको छिनाझप्टीले ग्रामीण परिवेशका निर्दोष परिवारसमेत कसरी तरंगित थिए भन्ने एक खाले तस्बिर पुस्तकले उतारेको छ । पाठकका लागि यो खुराक हो । तर प्राविधिक कोणबाट हेर्दा- बालकले त्यो बेला आफ्ना अग्रजले गरेका संवादका गहकिला शब्द पनि भाँती पुर्‍याएर सम्झेको प्रसंगचाहिँ उति स्वाभाविक लाग्दैन ।

सामान्य पाठकले पनि अनुमान गर्न सक्छन्, बालापनको रामेशलाई राजनीतिक सुझबुझले परिपक्व रामेश चाबुक हान्दै छन् । रामेशको आत्मकथा पढ्न चाहने पाठकले योभन्दा उम्दा भाषा खोज्छन्, जसलाई लेखकले बालापनपछिका जीवनयात्रामा प्रयोग हुन अपेक्षा गर्न सकिन्छ ।



तीन किताब

गौरवशमशेर जबरा | पूर्वप्रधानसेनापति

रणनीतिक पठन

अमेरिकी गृहयुद्ध र त्यसपछिको नयाँ युगलाई केन्द्रमा राखिएको उपन्यास ***गन विथ द विन्ड*****ले** मलाई आकर्षित गरिरहन्छ । मार्गरेट मिचेलको जीवनकालमा प्रकाशित एक मात्रै यो उपन्यासलाई नेपालका युद्ध, व्यवस्था परिवर्तन र त्यसपछिका बेथितिसँग जोडेर हेर्न सकिन्छ । गणतान्त्रिक संविधान निर्माण र दास-मुक्तिको प्रसंगमा अमेरिकामा त्रुटि भएकै थियो । भनियो, हरेक व्यक्ति जन्मजात समान हुन्छ । तर संविधानमा कुनै विशेष व्यवस्था नगरिएका कारण दासहरूले पछि राज्यसत्तासँग लड्नुपर्‍यो, जसले गृहयुद्धको रूप लियो ।

एटलान्टा जर्जियामा एक दक्षिण अमेरिकी परिवार कपास खेतीमा रमाएर बसेको थियो । तर दासत्वविरूद्ध गृहयुद्ध छेडिएपछि उत्तरले गरेको आक्रमणमा त्यो परिवार आहत हुन्छ । जसको अहं, विचारधारा र सिद्धान्तको खातिर लडेको भए पनि अन्ततोगत्वा युद्धले तहसनहस नै पार्छ भन्ने निचोडलाई मनोहारी ढंगले वर्णन गरिएको छ । रेट बटलर र स्कारलेट ओ'हारालाई लेखकले सम्फनायोग्य पात्रता दिएकी छन् । पात्रहरूका गतिशीलता, प्रेम, युद्ध, स्वार्थीपनले उपन्यासलाई जीवन्त बनाएका छन् । युद्धको चपेटाबीच मानिस प्रेमलाई एकातिर राखेर अर्कैसँग बिहे गर्नुपर्ने बाध्यतालाई रोचक शैलीमा पस्किएकी छन् मार्गरेटले । मुलुकले भोगेको द्वन्द्व र आफ्नै जीवनका अनेक उतारचढावपछि स्कारलेट घुमिफिरी आफ्नो मातृभमि फर्किएको दृश्य मर्मस्पर्शी लाग्छ ।

अमेरिकी सेनाका जर्नेल प्याटन जथाभावी बोलेर विवादमा मुछिए पनि लडाइँमा निकै प्रभावी मानिन्थे । स्पेनी युद्ध, प्रथमदेखि द्वितीय विश्वयुद्धसम्म लडेका प्याटन ठूला-ठूला चुनौतीसँग लड्न सक्ने, दृढ संकल्पका पर्याय मानिन्थे भने दुस्मनका लागि भयभीत र सम्मानित दुवै ठानिन्थे । अमेरिका एकीकरण क्रममा पश्चिमतिर विस्तार गर्दा रेड इन्डियनसँगको लडाइँमा कुशलतापूर्वक लड्ने उनै प्याटन थिए । कुलीन घरानाबाट आएका तिनै प्याटनको व्यक्तित्वको सांगोपांगो बुझ्नका लागि ल्याडिसलेस फरागोलिखित पुस्तक हो, ***प्याटनः ओर्डियल एन्ड ट्रायम्फ*** । प्याटन बेलाबेला आफ्नै पल्टनका जोडालाई अपमानित गरेका कारण विवादमा पर्थे । व्यावहारिक कार्यकुशलता र नेतृत्व क्षमताका कारण उनी अरूभन्दा ज्यादा आँटिला मानिन्थे । नेतृत्वमा रहेका समकालीनहरू सैद्धान्तिक कोणबाट बढी नै सोचविचार गर्थे भने विशुद्ध सैनिकका रूपमा आफूलाई मैदानमा तुरुन्तै उतार्थे ।

दोस्रो विश्वयुद्धमा जर्नेल मोन्गोमेरी र प्याटनबीच एक प्रकारको प्रतिद्वन्द्विता थियो । युरोप आक्रमणताका अमेरिकासँग प्रशस्त स्रोत-साधन थियो भने बेलायतको रित्तिसकेको थियो । उच्च आक्रमणका लागि चाहिने तेल-ट्यांकजस्ता स्रोत-साधनमा प्याटनले भन्दा मोन्गोमेरीले बढी ग्राह्यता पाएका थिए । जर्मनले ठूलो प्रत्याक्रमण गर्दा आफ्नो सेना दक्षिणमा भए पनि नब्बे डिग्री कोणमा घुमाउन प्याटन सफल भए । र, लाखौं सेनालाई फेरि लडाइँमा लगाए । यो चानचुने योजना र आँटले सम्भव थिएन । अवलोकन, अध्ययन र अनुभवबाट प्राप्त अन्तर्दृष्टि नै उनको ताकत थियो । कतिपयले उनको सनकीपनमाथि विश्वास गरेका थिएनन् । थाहै छ, लडाइँ गर्नु नपरे सबैभन्दा उत्तम । तर युद्ध-मैदानमा होमिसकेपछि बोली र गोली मात्रै चल्छन्, सोच र सम्झौताका लागि कुनै स्थान बाँकी हुँदैन । सम्झौता सकेपछि नै बन्दुक चल्ने हो । लडिरहनु सेनाको पेसागत कर्तव्य हो । यही कर्तव्यपथमा प्याटन खरो उत्रिए । चर्चिलले समेत प्रशंसा गरेका प्याटन दोस्रो विश्वयुद्धपछि अवकाश जीवन बिताइरहेका बेला गाडी दुर्घटनाका कारण बिते ।

'नाइन/इलाभेन' मा विश्व व्यापार केन्द्रको जुम्ल्याहा भवन ढलेपछि सुरक्षा-रणनीतिमा ठूलो तरंग ल्यायो र विश्व नै ध्रुवीकृत भयो । कमजोर र खराब रणनीतिका कारण आतंकवादी तह लाउन नसकेको आरोप अमेरिकाले खेप्नुपर्‍यो । बेलायती इतिहासकार हिउ स्ट्र्याचन भन्छन्, 'रणनीति निर्माणको प्रक्रिया उस्तै हुन्छ । तर जब युद्धमा होमिन्छ, तब युद्धको आकार-प्रकार र प्रकृतिअनुसार रणनीति र परिणाम फरक पर्छ ।' उनले युद्धनीतिबारे आफ्ना धारणा ***द डिरेक्सन अफ वार***मा राखेका छन् ।

एक थरी भन्छन्, रणनीति नित्य गतिशील हुने भएकाले परिस्थितिजन्य परिवर्तन हुन्छ । अर्को थरी भन्छन्, भूगोल, प्रक्रिया, जनता, संस्कृतिजस्ता आधारभूत अवयवका कारण रणनीति परिवर्तन हुँदैन । दुवैका धारणा तर्कसंगत छन् । आवश्यकताअनुसार युद्धका स्वरूप बदल्नुपर्ने पाटोलाई पनि नजरअन्दाज गर्न सकिँदैन । स्पेनमा नेपोलियनले पनि छापामार युद्ध लड्नु परेको इतिहास साक्षी छ । राजनीतिक, आर्थिक, सैनिकजस्ता राज्यका तत्त्वबीचको समन्वयबाट मात्रै महा-रणनीति बन्न सम्भव हुन्छ । युद्धका अनेक प्रकार हुन्छन्- छापामारदेखि ट्यांक-तोप हुँदै परमाणु युद्धसम्म । यी युद्धका नियम र प्रकृतिबमोजिम रणनीति परिमार्जन हुन्छन् । त्यसका लागि सेना र नागरिकबीच समन्वय हुनु जरूरी छ । सबभन्दा पहिले युद्धको प्रकृति बुझेर रणनीतिलाई ताजगी दिनुपर्नेमा जोड दिन्छन्, स्ट्र्याचन । उनी ऐतिहासिक परिप्रेक्ष्यसँग जोड्दै इराक, इरान, अफगानिस्तानका युद्धदेखि अलकायदाजस्ता दस्ताको समेत विश्लेषण गर्छन् ।

युद्धले रणनीति माग्छ कि रणनीतिले युद्ध हाँक्छ भन्ने पनि बहस छ । तर लडाइँको मैदानमा गइसकेपछि कतिपय रणनीति अनिश्चिततामा फसिदिन्छन् । राम्रो योद्धाले परिस्थिति मूल्यांकन गरेर रणनीतिलाई आफूअनुकूल ढाल्छ, त्यसमा लचक हुनुपर्छ । तर आधारभूत रणनीति हुनैपर्नेमा स्ट्र्याचन जोड दिन्छन् ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

सकसमा शिल्पा

स्थापित कलाकारलाई फिल्म फ्लप हुँदा समस्या पर्छ । नयाँ कलाकारलाई त झन् तनाव । यही नियतिले पिल्सिएकी छन्, हिरोइन शिल्पा मास्के । डेब्यु फिल्म द *ब्रेकअपबाटै* शिल्पाको फ्लप शृंखला सुरु भएको हो । दोस्रो फिल्म *कागजपत्रको* हालत पनि खास भिन्न रहेन । धन्न उनलाई फिल्म अभाव भएन ।

आयुष्मान देशराज जोशीसँग *सानो मनमा* रोमान्स गरिन् । फिल्मकी एकल हिरोइन हुन् उनी । तैपनि माखो मरेन । न यस फिल्मले बक्स अफिसमा सुखद प्रदर्शन गर्‍यो, न त सकारात्मक प्रतिक्रिया नै बटुल्यो । बरू शिल्पाको करिअर संकटमा फसेको चर्चा हुन थालेको छ, फ्लपमा ह्याट्रिक जो गरिन् ।

कुबेर डंगोल

बूढो भइएछ

साउन पहिलो साता भर्खरका युवायुवतीले फेसबुकमा एकाएक बूढो भएका तस्बिर पोस्टिए । तन्नेरी भए पनि बूढाबूढी देखिने तस्बिर बनाइदिने फेसएप भाइरल बन्यो । जहाँ युवा बूढो एपमा रमाइरहेका छन्, त्यहीं वरिष्ठ कलाकार हरिवंश आचार्यले *बूढो हुन मन छैन* भन्दै गीत गाएका छन् ।

आचार्यका शब्द र स्वरमा रहेको गीतमा बूढेसकाल कति अत्यासलाग्दो छ भन्ने चित्र छ । हास्य कलाकार आचार्यले बूढो मान्छेकै स्वरमा गीत गाएका छन् । २७ असारमा *युट्युबमा* सार्वजनिक गरिएको गीतमा प्रशंसकले समयसँगै 'आफ्नो प्रिय कलाकार बूढो भएकामा चिन्ता व्यक्त गर्दै' कमेन्ट गरेका छन् ।

बूढेसकाल यौवनकालजस्तो सुन्दर त होइन तर प्राकृतिक नियम टार्न नसकिने हुँदा खुसीसाथ अँगाल्नु नै जाती । उनले गीतमार्फत आफ्नै चिन्ता व्यक्त गरेका हुन् या अन्यको, त्यो भने जान्न बाँकी छ ।

कलामान्डुमा टोइग्राफी

कलाको न भाषा हुन्छ, न त सीमा । कलाकार सन्नी शाक्य, ३०, ले हलिउडको सुपर तथा काल्पनिक दुनियाँमा रमाउने सुपरहिरो तथा कलाकारलाई नेपाली शैलीमा प्रस्तुत गरेका छन्, टोइग्राफीमा ।

कतै हरियो रिसाहा हल्क नेवारी पोसाकमा मसाल बोकिरहेको छ, कतै नेपाली झन्डा । बार्बी मैचा, क्याप्टेन अमेरिका, जेम्स क्यामेरूनको टर्मिनेटरको चरित्रलाई समेत उनले खेलौनाको रूपमा प्रस्तुत गरेका छन् । २७ असारबाट सिद्धार्थ आर्ट ग्यालरीमा सुरू कला प्रदर्शनी ८ साउनसम्म चल्नेछ ।

फलानोको
खान्की

फलानोले यस्तो गऱ्यो, फलानोले उस्तो गऱ्यो । कहिलेकाहीँ त्यो फलानो पात्र तपाई हुन सक्नुहुन्छ, कहिले तपाईंले अरूबारे त्यसरी नै बोलेको हुन सक्छ । जेहोस्, फलानो हाम्रै समाजको पात्र हो ।

फलानो, समसामयिक कार्टुन स्तम्भपछि पुल्चोकमा खुलेको फलानो कफीघर चार वर्षमै खानापारखीमाझ चर्चित छ । यहाँ इटालियन खाना स्प्यागेटी कार्बोनारादेखि सी फुड, हाका नुडल्स, विशेष स्यान्डविच, बेकरी आइटम पाइन्छन् । स्वादिष्ट भोजनका साथमा पारिवारिक वातावरणमा रमाउन तपाईं पनि फलानो जाने कि ?

प्यारी
प्रकृति

रातो रङको शक्ति र पहेँलो रङको खुसीको गुण मिलेर बन्छ, सुन्तला रङ । हो, खुसी र घामको रङमा रंगिएकी छन्, मोडल प्रकृति शाही । सुन्तला रङको ऋप टिसर्ट र खैरो रङको स्कर्टमा प्रकृति आकर्षक देखिन्छिन् । नामजस्तै प्रकृति, प्राकृतिक रङमा सजिएकी छन् ।

महेश प्रधान

नोटबुक

कलेन्द्र सेजुवाल

फोहोरी कार्यालय !

नयाँ घर, नयाँ कार्यालय । वीरेन्द्रनगरमा भर्खरै खुलेको कर्णाली प्रदेशको यातायात व्यवस्था सेवा कार्यालय बाहिरबाट हेर्दा आकर्षक देखिन्छ । आर्थिक वर्षको अन्तिम दिन मोटरसाइकलको कर बुझाउन गएको मलाई कार्यालयभित्रको दृश्य देखेर त्यो आकर्षण मिथ्या लाग्यो ।

सेवाग्राहीसँगै म पनि आधा घन्टासम्म लाइन लागेँ । लाइनमा उभिँदाको सास्तीभन्दा बिलिङ गर्न कम्प्युटरमा बसेका कर्मचारीको फोहोरी मुख देखेर उकुसमुकुसै भयो । ती कर्मचारीको मुखभरि गुट्खा थियो । त्यसमाथि गुट्खा चपाउँदा ओठै लतपतिएको । उनी प्याच्च-प्याच्च कुर्सी नजिकको बाल्टीमा थुकिरहेका थिए । लाइनमा लागेका मान्छे भने घिनाउँदै मुख छोपिरहेका थिए ।

त्यत्तिकैमा मलाई लाइनमा देखेर यातायात व्यवसायी रमेश सापकोटाले भने, "तपाईं पनि लाइनमा ? भित्र गएर गरे भइहाल्थ्यो नि !" मलाई मनको उकुसमुकुस पोख्न सहज बनाइदिए, सापकोटाले । कोठाभित्र बसेका ती कर्मचारीले सुन्ने गरी भनेँ, "लाइनमा बसेर काम गर्नु त रमाइलै हुन्छ, बरू भित्र बसेका सरले गुट्खा खाएको हेर्दा बान्ता होलाजस्तो भइसक्यो ।"

ती कर्मचारीले पुलुक्क मतिर हेरे । फेरि आफ्नै सुरमा गुट्खा चपाउन थाले । एक मनले सोचेँ, कार्यालय प्रमुखलाई रिपोर्ट गरिदिऊँ कि ? तर त्यतातिर लागिएन । मनमनै सोचेँ, सेवाग्राहीको भीडभाड हुने सार्वजनिक स्थलमा धूमपान र मद्यपान मात्र होइन, पानपराग, गुट्खाजस्ता वस्तुको प्रयोग निषेध कहिले गर्ने ? कसले गर्ने ?

संसद्‌मा सौतेनी व्यवहार

संसद्‌को बैठक कक्षमा गइसकेपछि संसदीय मर्यादा तथा नियमको सम्मान गर्नु सबैको कर्तव्य र दायित्व हो । कर्णाली प्रदेशसभा भवनमा भने दर्शक र सञ्चारकर्मीलाई मर्यादा कायम गर्ने नाममा नेल हालेजस्तो व्यवहार हुन्छ । बोल्न त कुरै छाडौं, ठूलो स्वरमा श्वास फेर्दासमेत मर्यादापालकले कर्के नजर लगाइहाल्छन् । कुर्सीमा बस्दाबस्दा थाकेर शरीर चलमलाउन थाल्यो भने त सीधै पाखुरा समातेर बाहिर पठाउन खोज्छन् । संसद्‌को बैठक कक्षलाई शान्त र मर्यादित बनाउने नाममा यस्तो कडाइ गरिनु अस्वाभाविक होइन । तर दर्शकको रूपमा गएका सर्वसाधारण र समाचार संकलक पत्रकारलाई त्यतिबेला आश्चर्य लाग्छ, जब अघिल्लो लबीमा बसेका सांसदको अशोभनीय हर्कत देखिन्छ ।

बैठक कक्ष नै गुन्जिने गरी हँसिमजाक गर्नु, मोबाइलमा ठूलै स्वरमा कुरा गर्नु, रोस्ट्रम नै छेकिने गरी ओहोरदोहोर गर्नु त सामान्य नै भयो । कतिपय सांसद रोस्ट्रममै गएर असंसदीय भाषासमेत बोल्छन् । यही मेसोमा एक पटक संसद्‌को सुरक्षा कमान्ड सम्हालेका प्रहरी निरीक्षकलाई मैले सोधेँ, "हामीलाई मर्यादाको नेल लगाउने, सांसदलाई भने छूट ?" उनले निरीह स्वरमा भने, "माननीयज्यूलाई त हामीले केही गर्नै मिल्दैन सर !" अनि मलाई लाग्यो, संसद्‌को मर्यादा कायम गर्ने जिम्मेवारी सांसदको पनि होइन र ?' मर्यादारूपी दोहोरो प्रावधानबारे सभामुखले कहिले सोच्लान् ? पत्रकार र दर्शकमाथि गरिने सौतेनी व्यवहार कम होला त ?

'अलि (कडा) लेख्नुपर्‍यो !'

नेकपाका कर्णाली प्रदेश सह-इन्चार्ज यामलाल कँडेल सामान्य जीवनशैली अपनाउने र सहजै उपलब्ध हुने नेतामा पर्छन् । केही समयअघि एकाबिहानै उनीसँग वीरेन्द्रनगर नयाँसडकस्थित रिजाल चियापसलमा भेट भयो । हात मिलाउनेबित्तिकै पुरानै शैलीमा उनले भनिहाले, "हुं, तपाईं (*कान्तिपुर*) ले सरकारका बारे अलि (कडा) लेख्नुपर्‍यो !" उनको आशय स्पष्ट थियो, सरकारको विरोधमा लेखियोस् ।

मैले प्रदेश सरकारले गरेका राम्रा-नराम्रा सबै कामबारे *कान्तिपुर*ले निरन्तर लेखिरहेको तथ्यसहित बताएँ । पत्रिकामा आएका समाचारकै कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी निर्णय र कामकारबाहीमाथि छानबिन थालेको पनि सुनाएँ । उनी भने सन्तुष्ट हुन सकेनन् । मलाई भने सत्तापक्षकै वरिष्ठ नेताले आफ्नै सरकारका बारे सडकमै विरोधमा लेख्न पत्रकारलाई 'आग्रह' गर्दा अचम्म लाग्यो ।

हुन त कर्णाली प्रदेशसभामा प्रतिपक्षीभन्दा सत्तापक्ष सरकारको विरोधमा खरो उत्रिने गरेको छ । संसद्‌को पहिलो बैठकमा तत्कालीन एमाले संसदीय दलको नेताको हैसियतले बोल्दाबाहेक कँडेलका त्यसपछिका हरेक भाषणमा सरकारको कडा आलोचना वा सरकारप्रति कटाक्ष हुने गरेको छ । सत्तापक्ष होस् वा प्रतिपक्षी, नराम्रा कामको विरोध गर्नु अन्यथा होइन । रचनात्मक आलोचनाले सरकारलाई पनि सही बाटोमा हिँड्न सहयोग गर्छ । तर सत्तापक्षका नेताले नै सदनमा मात्र होइन, सडकमा समेत सरकारको विरोध गर्नुको अर्थ भने बुझिनसक्नु छ । ने

Marvel®

FlowGuard™ Plus CPVC and Lead Free PVC Piping Systems

साथ जीवनभरको...

Marvel® FLOWGUARD PLUS

PIPE & FITTINGS™

FLOW HOT, FLOW COLD CONFIDENTLY !!

- The Lubrizol Corporation, USA को लाइसेन्स अन्तर्गत उत्पादित नेपालको एकमात्र CPVC पाइपिङ्ग सिष्टम
- लाइसेन्स प्रणाली अन्तर्गत भएकोले उत्कृष्ट, भरपर्दो र विश्वासिलो
- NSF, USA द्वारा शुद्धता र गुणस्तरको लागि प्रमाणित नेपालको एक मात्र CPVC पाइप

50 Years TROUBLE FREE PERFORMANCE | AMERICAN LICENSE | LEAK PROOF | BACTERIA RESISTANT

NSF pw | UKAS MANAGEMENT SYSTEMS ISO 9001: 2008 | Lead-free

*Only those products marked NSF are certified.

Marvel Technoplast Pvt. Ltd.

Corporate office: Heritage Plaza-II, 2nd Floor, Kamaladi, Kathmandu, Nepal

Tel: +977-1-4169122/123, E-mail: info@marvel.com.np, Web: www.marvel.com.np

Mahindra
Rise.

धेरैलाई अफरले लोभ्याउँछ
तर Scorpio Pik Up रोज्नेले

अफरभन्दा बढी बचाउँछ

झन् धेरै फिचर, झन् धेरै फाइदा पाउँछ

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

2x पावर
- > 2.2 mHawk engine with 140 BHP power
- > 320 NM Torque
- > 6 forward + 1 reverse gear transmission
- > Microhybrid Tech

यो सेगमेन्टमै सबैभन्दा सुरक्षित
- > Dual Airbags
- > ABS
- > Control lock with remote control and alarm
- > ISOFIX Anchors for child safety

यो सेगमेन्टमै सबैभन्दा आरामदायी र स्टाईलिश
- > Air Conditioning
- > Power Window
- > Driver Information Display
- > Hydraulic Bonnet Struts
- > Bluetooth Connectivity
- > Projector Headlamps
- > Rear Demister
- > Fog Lamps

*शर्तहरू लागू हुनेछन्

From the makers of SCORPIO
THE NEXT GENERATION
Mahindra
PIKUP

रु. ३७,६०,०००*/- बाट शुरु

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Naxal Bhagwati Bahal Showroom: 9851241085
Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239322, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners: NLG, सगरमाथा इन्स्योरेन्स क. लि. Sagarmatha Insurance Company Ltd., VIP

GENUINE MAHINDRA FOUR WHEELERS SPARE PARTS | Mahindra MAXIMILE Genuine Lubricants | Mahindra GENUINE ACCESSORIES

Url: www.onlineagni.com **Email: onlineagni@agniinc.com.np**
Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/MahindraAgniGroup